
# नगर शिक्षा योजना

## २०७८ – ०८७

## (अद्यावधिक संस्करण, २०८३)



**महालक्ष्मी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**जितपुर, धनकुटा, कोशी प्रदेश नेपाल**

**कोशी प्रदेश, नेपाल**

शिक्षा क्षेत्रको योजना, महालक्ष्मी नगरपालिका धनकुटा  २०७८ - २०८७, अध्यावधिक संस्करण, २०८३

**नगर शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु :**

श्री  ध्रुवराज राया (नगर प्रमुख)   - संयोजक
श्री मञ्जु कुमारी कार्की अधिकारी (उप-उपप्रमुख) – सदस्य
श्री देवेन्द्र घिमिरे – (प्रमुख प्रशासकीय अधिकृत)  - सदस्य
श्री शिवराज विश्वकर्मा (सामाजिक विकास समिति संयोजक) – सदस्य
श्री पदमराज रखाल (२ नं. वडा अध्यक्ष) – सदस्य
श्री केशव सापकोटा (आर्थिक प्रशासन शाखा) – सदस्य
श्री लिलादेवी कार्की (शिक्षा शाखा प्रमुख) – सदस्य सचिव

**प्राविधिक सहयोग**

श्री द्रोण प्रसाद पोख्रेल, पूर्व उपसचिव, टोलि नेता, शिक्षा सेवा

श्री सूर्यकिरण भण्डारी, पूर्व उपसचिव, विषय विज्ञ, शिक्षा सेवा

**परामर्शदाता**

श्री साकुरा कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. ईटहरी, सुनसरी

# नगर प्रमुखको सन्देश

नेपालको संविधान २०७२ को अनुसुचि ८ ले माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार र दायित्व स्थानीय तहलाई दिएको वर्तमान सन्दर्भमा २०७८ सालमा १० वर्षे (२०७८-२०८७) शिक्षा योजना निर्माण भएकोमा सो को मध्यावधी अर्थात २०८३ मा नगरपालिकाले सोको अध्यावधिक गरि निर्माण गर्नु आवश्यकता महसुस गरि अध्यावधिकको कार्य गर्दै गर्दा आगामी ५ वर्षमा माध्यमिक तह सम्मको शिक्षा कसरी व्यवस्थापन हुने र विकास गरिनेछ  भन्ने विषयमा केन्द्रित हुनु पर्दछ जुन उद्देश्यका साथ हामी यो योजनाको पुनर्लेखनमा लागेका छौं सो उद्देश्य पूर्तिका लागि सवै सरोकारवालाको आउदा दिनमा थप सहयोग र योगदान रहनु पर्ने हुन सक्छ ।

स्थानीय सरकार प्रमुखको हैसियतले मेरो कार्यकालको अन्तिम वर्षमा प्रस्तुत योजना अध्यावधिक गर्न पाँउदा खुशी लागेको छ । विद्यालय शिक्षाको विकासमा समावेशि समाजको निर्माणमा सहयोग पुर्याउन विभिन्न जातजाति, लिङ्ग अपाङ्गता, भाषा, धर्म संस्कृति र क्षेत्रप्रति सद्भाव जगाई समता,गुणस्तर अभिवृद्धिका लागि सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान तथा नगरपालिका आफैँले तयार गरेका शैक्षिक योजनाहरुलाई समेटेर विगत गत ५ वर्ष अवधीका उपलब्धि र कार्यान्वयनमा देखा परेका चूनौतिहरुबाट सिकिएका पाठका आधारमा आगामी ५ वर्षको योजना बनाएर तयार पारिएको यो योजनाले शिक्षासँग सरोकार राख्ने  सबैलाई सहयोग पुग्ने अपेक्षा राखेको छु ।

महालक्ष्मी नगरपालिकाको समग्र शिक्षाको विकासबाट नगरपालिकाको समृद्दिको अपेक्षाका साथ प्रस्तुत गरिएको यस योजना निर्माणको क्रममा सकारात्मक सुझाव दिनु हुने यस नगरपालिकाका सबै सरोकारवालाहरु समक्ष हार्दिक धन्यवाद दिन चाहन्छुं । यस योजना पुनर्लेखनका क्रममा सल्लाह तथा सुझाव दिनुहुने सवै विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु ,विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् सम्पूर्ण शिक्षा प्रेमी जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछुं । साथै यस योजना निर्माणको चरणमा प्राविधिक सहयोग गर्ने शिक्षाविद् श्री द्रोण प्रसाद पोख्रेल  र श्री सूर्यकिरण भण्डारी, ज्यू साथै परामर्शदाता श्री साकुरा कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. ईटहरी, सुनसरी सहित शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको सहयोगको लागि हार्दिक धन्यवाद दिन चाहन्छुं ।

**ध्रुवराज राया**
**नगर प्रमुख**

## नगर उपप्रमुखको सन्देश

विद्यालय शिक्षा क्षेत्रमामा विद्यमान शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने, शिक्षालाई रोजगार उन्मुख बनाउने, गुणस्तर सुधार एवम् व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी सामाजिक विकासका लक्ष्यहरु हासिल गर्ने तर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ भने आधारभूत शिक्षा अनिवार्य र निःशूल्क हुने तथा माध्यमिक शिक्षा निःशूल्क हुने व्यवस्था गरेको छ । नेपालले सबैका लागि गुणस्तरिय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा प्रतिवद्धता जनाएको छ ।

शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयनमा स्थानीय तह, विद्यमान शैक्षिक संरचनाहरु गरी विभिन्न तहबाट वर्षभरी कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयनको अवधारणा, कार्यान्वयन प्रक्रिया, खर्च गर्ने आधार र एकै प्रकारका कामहरुलाई पालिकाभरी समान एवं प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याउने अभिप्रायले शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धनमा आधारित भएर यो दश बर्षे शैक्षिक योजनाको अध्यावधिक पुस्तिका तयार पारिएको छ । यसले सम्बद्ध सबै सरोकारवालाहरुलाई सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

अन्त्यमा यस योजनाले स्थानीय सरकारलाई आगामी दिनहरुमा पालिकाको नीति तथा कार्यक्रम तयार पार्न मार्गनिर्देश गर्नेछ । यो योजना तयारको क्रममा सहयोग गर्नुहुन सबै सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मञ्जु कुमारी कार्की**
**उपमेयर**

## प्रमुख प्रशासकीय अधिकृतको सन्देश

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा  अनुसार शिक्षालाई वैज्ञानिक,प्राविधिक,व्यवसायिक,सिपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी,नैतिक एवंम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि आधारभूत तह अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ। शिक्षाका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई पूरा गर्न  स्थानीय सरकारद्वारा निमार्ण गरिएको दश वर्षे नगर शिक्षा योजनाको अध्यावधिक योजनाको माध्यम बाट भविष्यमा यस नगरपालिकाको समग्र शैक्षिक विकास मा योगदान पुग्ने कुरामा म विशस्त रहेको छु।

अन्त्यमा यस नगरपालिकाको नगर शिक्षा योजनाको अध्यावधिक गरि पुनर्लेखन कार्यका लागि सहयोग गर्ने विशेषत महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, शिक्षा शाखा तथा यस नगर शिक्षा योजना निर्माणका लागि प्राविधिक सहयोग तथा सहजीकरण प्रदान गर्नुहुने शिक्षाविज्ञ श्री द्रोण प्रसाद पोख्रेल  र श्री सूर्यकिरण भण्डारी, ज्यू सहित सम्पूर्ण सरोकारबाला पक्षहरुमा विशेष धन्यवाद व्यक्त गर्दछु।

**देवेन्द्र घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**

**विषय-सूची**

**परिच्छेद - १: परिचय....................................................................................................१**
१ परिचय ....................................................................................................... १

१.१ पृष्ठभूमि ....................................................................................................... १

१.२ महालक्ष्मी नगरपालिकाको परिचय ....................................................................... ३

१.२.१ नगरपालिकाको सामाजिक तथा आर्थिक अवस्था.................................................. ४

१.२.२ शैक्षिक अवस्था.............................................................................................. ९

१.२.३ शैक्षिक अवस्थाको विश्लेषण .......................................................................... १९

१.२.४ उपलब्धी र अन्तर .......................................................................................... २०

१.३ प्रमुख शैक्षिक समस्याहरु ................................................................................... २४

१.४ चुनौतिहरु तथा अवसरहरु.................................................................................. २४

१.५ योजना निर्माणको प्रक्रिया.................................................................................. २५

**परिच्छेद २: दुरदृष्टी, ध्येय, उद्देश्य तथा प्रमुख उपलब्धी ........................................................ २७**
२.१ दुरदृष्टी.......................................................................................................... २७

२.२ लक्ष्य ............................................................................................................ २७

२.३ उद्देश्यहरु....................................................................................................... २७

२.४ नगरपालिकाको रणनीतिहरुः............................................................................... २७

२.५ मुख्य कार्यसम्पादन सुचकहरु.............................................................................. ३०

**परिच्छेद:३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू ........................................................................ ३२**
३.१प्रारम्भिक बाल विकास तथा शिक्षा. ......................................................................... ३२

३ १.१.परिचय ........................................................................................................ ३२

३.१.२ बर्तमान अवस्था ............................................................................................ ३३

३.१.३ अवसर र चुनौतिहरु ........................................................................................ ३३

३.१.४ उद्देश्य.......................................................................................................... ३४

३.१.५ रणनीतिहरु ................................................................................................... ३४

३.१.६ नतिजा,  प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ३४
३.२  आधारभूत शिक्षा ..... ३६
३.२.१ परिचय ..... ३६
३.२.२ बर्तमान अवस्था ..... ३६
३२.३. चुनौती तथा अबसरहरु ..... ३८
३.२.४ उद्देश्य ..... ३८
३.२.५ रणनीतिहरु ..... ३९
३.२.६ नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ४२
३.३ माध्यमिक शिक्षा ..... ४५
३.३.१ परिचय ..... ४५
३.३.२ बर्तमान अवस्था ..... ४५
३.३.३ उद्देश्यहरु ..... ४६
३.३.४ रणनीतिहरु ..... ४६
३.३.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ४७
३.४ प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम ..... ४९
३.४.१ बर्तमान अवस्था ..... ४९
३.४.२ प्रमुख समस्या र चुनौतिहरु ..... ४९
३.४.३ उद्देश्यहरु ..... ४९
३.४.४ रणनीतिहरु ..... ४९
३.४.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ..... ५०
३.५ अनौपचारिक शिक्षा र निरन्तर सिकाई ..... ५२
३.५.१ परिचय ..... ५१
३.५.२ बर्तमान अवस्था ..... ५२
३.५.३ अवसर र चुनौति ..... ५२
३.५.४ उद्देश्य ..... ५३

३.५.५ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ........ ५३

**परिच्छेद ४: अन्तरसम्बन्धित क्षेत्रहरु ........ ५५**

४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक ,सिकाई सामग्री र मूल्याङ्कन ........ ५५

४.१.१ परिचय ........ ५५

४..१.२ वर्तमान अवस्था ........ ५५

४.१.३ अवसर र चुनौति ........ ५६

४.१..४ उद्देश्यहरू ........ ५६

४.१.५ रणनीतिहरू ........ ५७

४.१.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ५७

.४.२ शिक्षक व्यवस्थापन र पेशागत विकास ........ ५८

४.२.१ परिचय ........ ५८

४.२.२ बर्तमान अवस्था ........ ५९

४.२.३ अवसर र चुनौति ........ ६२

४..२.४ उद्देश्यहरू ........ ६२

४.२.५ रणनीतिहरू ........ ६३

४.२.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ६३

४.३ शिक्षामा समता र समावेशीकरण ........ ६५

४.३.१ परिचय ........ ६५

४.३.२ बर्तमान अवस्था ........ ६६

४.३.३ अवसर र चुनौति ........ ६८

४..३.४ उद्देश्यहरू ........ ६९

४.३.५ रणनीतिहरू ........ ६९

४.३.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य ........ ७०

४.४ विद्यालय पोषण तथा स्वास्थ्य ........ ७१

४.४.१ परिचय ........ ७१

४.४.२ बर्तमान अवस्था ....................................................................................................................................७१

४.४.३ अवसर र चुनौति ........................................................................................................................................७१

४..४.४ उद्देश्यहरू ..................................................................................................................................................७२

४.४.५ रणनीतिहरू ..................................................................................................................................................७२

४.४.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य.......................................................................................७२

४ ५.विद्यालय सुरक्षा,विपद न्यूनीकरण ..................................................................................................................७३

४.५.१ परिचय ........................................................................................................................................................७३

४.५.२ बर्तमान अवस्था .........................................................................................................................................७४

४.५.३ अवसर र चुनौति ........................................................................................................................................७७

४..५.४ उद्देश्यहरू ..................................................................................................................................................७७

४.५.५ रणनीतिहरू ..................................................................................................................................................७७

४.५.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य.......................................................................................७८

४.६ विद्यालय भौतिक पूर्वाधार विकास.................................................................................................................७९

४.६.१ परिचय ........................................................................................................................................................७९

४.६.२ बर्तमान अवस्था .........................................................................................................................................७९

४.६.३ अवसर र चुनौति ........................................................................................................................................८०

४..६.४ उद्देश्यहरू ..................................................................................................................................................८०

४.६.५ रणनीतिहरू ..................................................................................................................................................८१

४.६.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य.......................................................................................८१

४.७ विद्यालयमा सूचना सन्चार र प्रविधि..............................................................................................................८२

४.७.१ परिचय ........................................................................................................................................................८२

४.७.२ बर्तमान अवस्था .........................................................................................................................................८२

४.७.३ अवसर र चुनौति ........................................................................................................................................८३

४..७.४ उद्देश्यहरू ..................................................................................................................................................८३

४.७.५ रणनीतिहरू ........................................................ ८३

४.७.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य........................................................ ८४

**परिच्छेद ५ अन्य उपक्षेत्रहरु ........................................................ ८५**

५.१ विद्यालय सुशासन तथा व्यवस्थापन........................................................ ८५
५.१.१ परिचय ........................................................ ८५

५.१.२ बर्तमान अवस्था ........................................................ ८६

५.१.३ उद्देश्यहरू ........................................................ ८६

५.१.४ रणनीतिहरू ........................................................ ८६

५.१.५ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य........................................................ ८६

५.२ शिक्षा क्षेत्रको योजना कार्वान्वायनको प्रबन्ध ........................................................ ८८
५.२.१ परिचय ........................................................ ८८

५.२.२ बर्तमान अवस्था ........................................................ ८८

५.२.३ योजना कार्वान्वयनको प्रबन्ध........................................................ ८८

**परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन........................................................ ९०**
६.१ परिचय ........................................................ ९०

६.२ बर्तमान अवस्था ........................................................ ९०

६.३ अवसर र चुनौति........................................................ ९१

६.४ उद्देश्यहरू ........................................................ ९२

६.५ रणनीतिहरू ........................................................ ९२

६.६ स्रोतको अनुमान र विश्लेषण........................................................ ९३

६.७ प्रस्तावित कार्यक्रम तथा बजेट........................................................ ९३

**परिच्छेदः ७ कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण........................................ १००**
७.१ परिचय ........................................................ १००

७.२ बर्तमान अवस्था ........................................................ १००

७.३ अवसर र चुनौति........................................................ १००

७.४ उद्देश्यहरू ..........१००

७.५ रणनीतिहरू ..........१०१

७.६ उपलब्धि, नतिजा,मुख्य क्रियाकलाप तथा लक्ष्य ..........१०१

**परिच्छेदः ८ कार्यक्रम नतिजा खाका ..........१०३**

८.१ मुख्य कार्यसम्पादन सुचकहरु..........१०३

**सन्दर्भ सामग्री ..........१०५**

अनुसुचीहरु..........१०६

# महालक्ष्मी नगरपालिकाको नगर शिक्षा योजना
# (२०७८ - ०८७)
# अध्यावधिक संस्करण, २०८३

## परिच्छेद - १

### १. परिचय

नेपाल संघीय गणतन्त्रात्मक राज्य भए संगै राज्य पुर्नसंरचना भई आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको एकल अधिकार अन्तर्गत प्रत्यायोजन गरी कार्यान्वयनमा रहेको छ । अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा तथा निशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ स्थानीय तहहरुले संघीय र प्रदेश सरकारका योजनाहरुलाई मुख्य आधार मानी आफ्ना आवश्यकता र वर्तमान अवस्थालाई मध्यनजर राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । सोहि सन्दर्भमा महालक्ष्मी नगरपालिकाले यस अघि तयार गरिएको शिक्षा योजनालाई अद्यावधिक तथा पुनर्लेखन गर्ने कार्य गरी यो स्थानीय शिक्षा योजना तयार गरिएको छ।

### १.१ पृष्ठभूमी

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मुल आधार हो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भुमिका खेल्न सक्छ। त्यसैले नै, समाज रुपान्तरण तथा परिवर्तन, सामाजीकिकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभावशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहदै आएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भुमिका रहेको छ। नगरपालिकाको शिक्षा विकास नै समग्र नगरको विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क गर्ने हकको सुनिश्चत गरेको छ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य ब्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आआफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तब्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पूरा गर्नु आजको आवश्यकता हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा योजना तयारको सन्दर्भमा नीतिगत ब्यवस्था भएको छ। जसमा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र

सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्ने जस्ता विषयहरुका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत ब्यवस्था छ।
नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ बर्षीय दीर्घकालिन सोच संमृद्द नेपाल खुसी नेपाली सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ।

संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गर्दै **'समृध्द नेपाल सुखी नेपाली'** को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजमको अपरिहार्यता छ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को ब्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ बर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पूरा गर्न का लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको १७ दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उदेश्यहरु तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस नगर पालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ।

हरेक आ.व. मा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगामी दिनमा एकमुष्ट संघीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आफैंले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ।

उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरु पूरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना (२०७८-२०८७) तयार भएकोमा योजनाको मध्यावधीमा तथ्यांकहरुको निरन्तर भईरहने घटबढ, नया परिवेश र परिस्थितिहरु समावेश गरि कार्य योजना निर्माण गर्नु आवश्यक ठानी योजनाको अध्यावधीक गरि निर्माण गर्न उल्लेखित योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।


### १.२ महालक्ष्मी नगरपालिकाको संक्षिप्त परिचय

महालक्ष्मी नगरपालिका धनकुटाको उत्तरी भेगमा रहेको सुन्दर नगरी हो । महालक्ष्मी नगरपालिकाको नामाकरण दुईवटा खोलासँग जोडिएको छ । नगरको मध्यभागबाट बग्ने लक्ष्मी खोला र दक्षिणी सीमाना भई बग्ने महामाया खोलाको नामबाट नगरपालिकाको नामाकरण गरिएको छ । लक्ष्मी खोलाको मुहान महालक्ष्मी– १ मा रहेको चित्रेबजारबाट शुरु भई अरुण नदीमा मिसिन्छ । महामाया खोलाको मुहान पट्टेक डाँडाबाट सुरु भई अरुण नदीमा मिसिन्छ । लक्ष्मी खोला र महामाया खोलामा भक्तजन पूजा गर्ने, पाती चडाउने, वर माग्ने प्रचलन रहेको छ । स्थानीय स्तरमा, खोलामा पूजा गरी वर मागे प्राप्त हुने विश्वास रहेको छ ।

चर्चित दुई खोलाको संयुक्त नामबाट नगरपालिकाको नामाकरण गरिएको पाइन्छ । पूर्वी नेपालको कोशी प्रदेश मा अवस्थित धनकुटा जिल्ला राजनैतिक दृष्टिले कहलिएको छ ;महालक्ष्मी नगरपालिका पनि यो मामिलामा कम छैन । भौगोलिक अवस्थिति उत्तरी गोलार्धमा रहेको छ । अक्षांशको अवस्थितिले हेर्दा २६ डिग्री, ३५ मिनेट देखि २७ डिग्री १९ मिनेट उत्तरी अक्षंशमा अवस्थित छ । देशान्तरको अवस्था हेर्दा ८७ डिग्री ८ मिनेट देखि ८७ डिग्री ३३ मिनेट (स्थानीय तह पुनःसंरचना आयोग अनुसार) पूर्वी देशान्तरमा अवस्थित रहेको छ । राष्ट्रिय जनगणना,२०७८ अनुसार जनसांख्यिक अवस्थालाई हेर्दा यस नगरपालिकाको जनसंख्या २२१८२ रहेको छ । यस नगरको क्षेत्रफल १२६.३ वर्ग.कि.मि रहेको छ भने जनघनत्व १९७ जना रहेको छ । नगरक्षेत्रको भौगोलिक संरचना हेर्दा धनकुटा जिल्लाकै सवैभन्दा अग्लो ठाउँ पटेकडाँडा २६९६ मि. र सवैभन्दा होचो स्थान दमारवेशी २५० मि. मा रहेका छन्।यस पालिकाको औषत १४७३ मि.(ग्रामपाश्र्व चित्र, २०६८) रहेको छ । तापक्रमको अवस्था अधिकतम २३.८३ सेन्टीग्रेड, न्यूनतम ४.४६ सेन्टीग्रेड, औषत १४.१५ सेन्टीग्रेड (ग्राम पार्श्वचित्र अनुसार) रहेको छ । मूलतः उष्ण कटिवन्धीय न्यानो उपोष्ण तथा  ठण्डा समशितोष्ण हावापानी पाइन्छ । यो क्षेत्रमा वर्षा पर्याप्त मात्रमा हुनेगरेको छ । अधिकतम वर्षा ४६८.९ मिलिमिटर, न्यूनतम फाटफूट हुनेगरेको छ । औषत वर्षा २३४.५ मिलिमिटर हुनेगरेको छ ।साविकका मारेकटहरे,डाँडागाउँ,चानुवा,लेगुवा,अखौंले जितपुर,मूर्तिढुंगा गा.बि.स.हरु मिलाएर हालको महालक्ष्मी नगरपालिका गठन भएको हो। महालक्ष्मी नगरपालिकाको प्रशासनिक केन्द्र जितपुर बजारमा रहेको छ । यो नगरपालिका कुल नौवटा वडामा विभाजन भएको छ । नगरपालिकाबाट प्राप्त हुने अधिकांश सेवासुविधा वडाबाट प्रवाह हुन शुरु भएको छ । नगरपालिकाको पूर्वी सीमाना, तेह्रथुम जिल्ला, पश्चिम भोजपुर जिल्ला-अरुण नदी, उत्तर संखुवासभा जिल्ला, दक्षिण पाख्रीवास नगरपालिका, छथर नगरपालिका (महामाया खोला) रहेको छन् ।सापेक्षिक रुपमा नगरपालिकाको आन्तरिक करको दर थोरै छ तथा करका दायरा साँघुरा छन् । आन्तरिक आम्दानी करिव दश लाखको हाराहारीमा रहेको छ । महालक्ष्मी नगरको बजारको पहुँच सिंधुवा, रामबजार, पाख्रीवास, हिले, धनकुटा, तेह्रथुम, धनकुटा, धरान, इटहरी, विराटनगर, चैनपुर, खाँदवारी, मुढेशन्चिरे आदि सँग रहेको छ । बजारसँगको समबन्धको आधार, कृषि उपज, खाद्यान्न, लत्ताकपडा, औषधी, उपचार, स्वास्थ्य र शिक्षा रहेका छन् ।

### १.२.१ नगरपालिकाको सामाजिक आर्थिक अवस्था

**तालिका:१ ५ वर्ष अन्तरालमा उमेर समूह अनुसार जनसंख्या**





| क्र.स. | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ०-४ बर्ष | ८३६ | ८५६ | १६९२ |
| २ | ५-९ | ९४३ | ९७० | १९१३ |
| ३ | १०-१४ | ९६८ | १००९ | १९७७ |
| ४ | १५-१९ | १०८५ | ११३४ | २२१९ |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०-२४ | १०९३ | ९०८ | २००१ |
| ६ | २५-२९ | ८७० | ८२० | १६९० |

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)


**तालिका:२ वडागत जनसंख्या,जनघनत्व र क्षेत्रफलको विवरण**




(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

| क्र.स. | वडा नं. | क्षेत्रफल (बर्ग कि.मि.) | जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|
| १ | १ | २३.७३ | ३०११ | १२६.८९ |
| २ | २ | १२.७२ | २७२५ | २१४.२३ |
| ३ | ३ | १३.२१ | १८२४ | १३८.०८ |
| ४ | ४ | २२.०८ | ३१८० | १४४.०२ |
| ५ | ५ | १६.०४ | २१९५ | १३६.८५ |
| ६ | ६ | ११.१८ | १६९९ | १५१.९७ |
| ७ | ७ | १२.७८ | ३१०२ | २४२.७२ |
| ८ | ८ | ८.३८ | २०२० | २४१.०५ |
| ९ | ९ | ९.२७ | २४२६ | २६१.७ |

ता लकाः३ **पुर्खाले बोल्ने भाषाभाषी अनुसार जनसंख्या (प्रमुख शिर्ष १०)**





(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

पुर्खाले बोल्ने भाषाभाषी अनुसार जनसंख्या (प्रमुख शिर्ष १०)


| क्र.स. | भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १५०३९ | ६७.८ |
| २ | मगर | २४८६ | ११.२ |
| ३ | याक्खा | १३१२ | ५.९ |
| ४ | तामाङ | ९९१ | ४.५ |
| ५ | याक्थुङ | ८५७ | ३.९ |
| ६ | नेवारी | ४७५ | २.१ |
| ७ | राई | ३१९ | १.४ |
| ८ | संस्कत | २२७ | १.०२ |
| ९ | गुरुङ | २२६ | १.०२ |

(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)

**तालिका:४ आर्थिक कामको पेशाअनुसार जनसंख्या वितरण**



**तालिका: ५** **धर्मका आधारमा जनसंख्या बिबरण**




(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन

| धर्म | हिन्दू | बौध्द | किराँत | अन्य |
|---|---|---|---|---|
| प्रतिशत | ७९.९ | १०.९ | ८.३ | ०.९ |


**तालिका: ६** **बोलिने भाषा अनुसार जनसंख्या बिबरण**

| क्र.स. | बोलिने भाषा | बोलिने जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १५०३९ | ६७.८ |
| २ | मगर | २४८६ | ११.२ |
| ३ | याखा | १३१२ | ५.९ |
| ४ | तामाङ | ९९१ | ४.५ |
| ५ | याक्थुङ | ८५७ | ३.९ |
| ६ | नेवारी | ४७५ | २.१ |
| ७ | राई | ३१९ | १.४ |
| ८ | संस्कृत | २२७ | १.०२ |
| ९ | गुरुङ | २२६ | १.०२ |

### १.२.२ महालक्ष्मी नगरपालिकाको शैक्षिक अवस्था


महालक्ष्मी नगरपालिकामा जम्मा ४६ वटा सामुदायिक विद्यालयहरु छन जस मध्ये  आधारभूत तह(कक्षा १-३) का ७ वटा, आधारभूत तह( कक्षा १-५) का १८ वटा, आधारभूत तह (कक्षा १-८) का ४ वटा, माध्यमिक तह ( कक्षा १-१०) का ६ वटा, माध्यमिक तह (कक्षा १-१२) ११ वटा र  संस्थागत विद्यालयहरु २ वटा रहेका छन् साथै सामुदायिक सिकाइ केन्द्रहरु ३ वटा रहेको छन् । सामुदायिक विद्यालयहरुमा ४८१० विद्यार्थीहरु अध्ययनरत  छन्  जसमा छात्र २४५८ र छात्रा २३५२ छन् । यस नगरपालिका भरमा कक्षा १-५ को स्वीकृत दरबन्दीमा जम्मा १६७ र राहत कोटामा २७ जना गरि कुल १९४ जना, कक्षा ६-८ को स्वीकृत दरबन्दीमा जम्मा ३० र राहत कोटामा २० गरि कुल ५० जना, कक्षा ९-१० को स्वीकृत दरबन्दीमा जम्मा १९ र राहत २३ गरि कुल ४२ जना र कक्षा ११-१२ को स्वीकृत दरबन्दीमा ४ जना र अनुदान कोटामा १७ जना गरि २१ जना यस बाहेक शिक्षण सहयोग अनुदान मार्फत मा.वि.हरुमा १९ जना र नि.मा.वि.मा ४ जना गरि २३ जना शिक्षक कार्यरत रहेका छन । यसै गरि प्राविधिक धार सञ्चालन भएको जनता माध्यमिक विद्यालयमा पशुविज्ञान तर्फ ८ जना गरि सामुदायिक विद्यालयमा कुल ३३८ शिक्षक कार्यरत रहेका छन् । विशेष शिक्षा तर्फ सुस्त मनस्थिति स्रोत कक्षा नागेश्वर माध्यमिक विद्यालयमा १ र गृहिणी कक्षाको रुपमा चानुवा मा.बि. दमारमा खुला विद्यालय १, सामुदायिक क्याम्पस र नमुना माध्यमिक विद्यालय १ रहेका छन् । यस नमुना विद्यालयमा पशु विज्ञान विषय अध्यापन गरिन्छ । नेपालको जनगणना ,२०७८ अनुसार महालक्ष्मी नगरपालिकाको साक्षरता दर ८०% रहेको छ जसमा पुरुषको ८८.३% र महिलाको ७२% रहेको छ ।

**तालिका: ७ *बालबालिकाको शैक्षिक स्थिति***




(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)


***तालिका नः ८*** ***समग्र साक्षरताको स्थिति***




(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)


| **क्र.स.** | **पुरुष साक्षरता प्रतिशत** | **महिला साक्षरता** | **कुल साक्षरता** |
|---|---|---|---|
| **१** | **८८.३%** | **७२%** | **८०%** |

**तालिकाः ९** **वडागत साक्षरता प्रतिशतः**




| *क्र.स.* | *वडा नं.१* | *वडा नं.२* | *वडा नं.३* | *वडा नं.४* | *वडा नं.५* | *वडा नं.६* | *वडा नं.७* | *वडा नं.८* | *वडा नं. ९* |
|---|---|---|---|---|---|---|---|---|---|
| *१* | *८४.२%* | *७७.४%* | *८१.५%* | *८२.९%* | *७४.७%* | *७१.६%* | *८१.८%* | *८२.२%* | *८०.२%* |

*(स्रोत: राष्ट्रिय जनगणना,२०७८ को प्रतिवेदन)*




**तालिका:१०  साक्षर जनसंख्याले उत्तीर्ण गरेको तहगत उत्तीर्ण प्रतिशत (१६,१९१)**

| क्र.स. | तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बालबिकास | ७२७ | ३.१ |
| २ | प्राथमिक | ४७६५ | २९.४ |
| ३ | नि.मा. | ३४२० | २१.१ |
| ४ | माध्यमिक | १७८९ | ११ |
| ५ | उ.माध्यमिक | ३०६७ | १८.९ |
| ६ | प्रवीणता | १७६६ | १०.९ |
| ७ | स्नातक | ४५७ | २.८ |
| ८ | स्नातकोत्तर वा माथि | २०० | १.२ |

*(स्रोत: राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन)*

**तालिका: ११  तहगत विद्यालयहरुको संख्यात्मक बिबरण (तहगत रुपमा)**

| क्र.स. | सन्चालित तह | सामुदायिक | सँस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | बालबिकास | ४६ | १ | ४७ |
| २ | प्राथमिक (१-३) | ७ | १ | ८ |
| ३ | प्राथमिक (१-५) | १८ | ० | १९ |
| ४ | नि.मा. तह (१-८) | ४ | ० | ४ |
| ५ | माध्यमिक (१-१०) | ६ | ० | ६ |
| ६ | माध्यमिक (१-१२) | ११ | ० | ११ |
| | (बाल विकास बाहेक)जम्मा | ४६ | २ | ४८ |

स्रोत: IEMIS Report,2082 ,CEHRD

**तालिकाः १२** **तहगत शिक्षक बिबरण (संख्यात्मक)**

| क्र.स. | तह | स्वीकृत दरबन्दी | राहत | अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | बालबिकास | ४६ | ० | ० | ४६ |
| २ | प्राथमिक (१-५) | १६७ | २७ | ० | १९४ |
| ३ | नि.मा. (६-८) | ३० | २० | ४ | ५४ |
| ४ | माध्यमिक (९-१०) | १९ | २३ | २७ | ६९ |
| ५ | माध्यमिक (११-१२) | ४ | ० | १७ | २१ |
| | (बाल विकास बाहेक) जम्मा | २२० | ७० | ४० | ३३८ |

स्रोतः IEMIS Report,2082 ,CEHRD

**तालिकाः १३** **उमेरगत तह अनुसारको उमेर समूहका विद्यार्थी बिबरण**

| बालबिकास | | कक्षा १-५ | | कक्षा ६-८ | | कक्षा ९-१० | | कक्षा ११-१२ | | कक्षा ५-१२ | | कक्षा ९-१२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ बर्षका | ४ बर्ष बाहेकका | ५-९ बर्षका | ५-९ बर्ष बाहिरका | १०-१२ बर्षका | १०-१२ बर्ष बाहिरका | १३-१४ बर्षका | १३-१४ बर्ष बाहेकका | १५-१६ बर्षका | १५-१६ बर्ष बाहेकका | ५-१२ बर्षका | ५-१२ बर्ष बाहेकका | १३-१६ बर्षका | १३-१६ बर्ष बाहेकका |
| २५५ | ४१७ | १४६५ | ५०६ | ७०४ | ४२५ | ३६० | ३७३ | १७१ | २३९ | २६२३ | ४७५ | ८४८ | २९५ |

स्रोतः IEMIS Report,2082 ,CEHRD

**तालिकाः १४** **आन्तरिक दक्षता,विद्यार्थी-शिक्षक अनुपात र प्रभावकारिता बिबरण (कक्षागत र तहगत)**

| कक्षा | 2082 Promoter % | २०८२ माRepeater % | 2082 मा Dropout% | NIR\NER | GIR\GER | S:T अनुपात तह १-५ | S:T अनुपात तह ६-८ | S:T अनुपात तह ९-१० | S:T अनुपात तह ११-१२ |
|---|---|---|---|---|---|---|---|---|---|
| बाल बिकास | ४८ | ५१ | १ | ६९.६७ | ८५ | | | | |
| १ | ६८ | २७ | ५ | ८६.५ | ११४ | ९:०१ | २०:०१ | १२:०१ | १६:०१ |
| २ | ९३ | ६ | १ | | | | | | |
| ३ | ९० | ७ | ३ | | | | | | |
| ४ | ९१ | ६ | ३ | | | | | | |
| ५ | ८९ | ८ | ३ | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क १-५ | | | | ९५.५ | १०२ | | | | | |
| ६ | ९५ | ५ | ० | ९८.९ | १०७ | | | | | |
| ७ | ८८ | १० | २ | | | | | | | |
| ८ | ८८ | ८ | ४ | | | | | | | |
| क ६-८ | | | | ९५.५ | ९८ | | | | | |
| ९ | ९० | ८ | २ | ९२ | १०१ | | | | | |
| १० | ८१ | १९ | ० | | | | | | | |
| क ९-१० | | | | ९३ | ९८ | | | | | |
| ११ | NA | NA | | ४६.७ | ५० | | | | | |
| १२ | NA | NA | | | | | | | | |
| क ११-१२ | | | | ५२.८ | ५४ | | | | | |

स्रोतः IEMIS Report,2082 ,CEHRD

**तालिकाः १५ जातजातीका आधारमा विद्यार्थी बिबरण**

| बिबरण | दलित | जनजाति | ब्रह्मण क्षेत्री | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| छात्रा | ३१६ | १०४९ | ९३२ | २८ | २३२५ |
| छात्र | ३५३ | १०७३ | ९८४ | ३२ | २४४२ |
| जम्मा | ६६९(१४%) | २१२२(४४.५%) | १९१६(४०.२%) | ६०(१.३%) | ४७६७ |

स्रोतः IEMIS Report,2082 ,CEHRD

**तालिकाः १६ SEE,२०८२ नतिजा बिबरण**

| बर्गान्तर ( GPA ) | ३.६१-४ | ३.२१-३.६ | २.८१-३.२ | २.४१-२.८ | २.०१-२.४ | १.६-२ | कुल ग्रेडेड | प्रतिशत | NG | जम्मा विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| साधारण धार | १५७ | ३३९ | ४७५ | ३७३ | ५४ | ० | १३९८ | ६७.११ | ६८५ | २०८३ |
| प्राबिधिक धार | १२ | ४२ | ३३ | ४ | १ | ० | ९२ | ८८.४६ | १२ | १०४ |
| जम्मा | १६९ | ३८१ | ५०८ | ३७७ | ५५ | ० | १४९० | ६८.१३ | ६९७ | २१८७ |

(स्रोत:शिक्षा विकास तथा समन्वय एकाई,धनकुटा)

**तालिकाः १७ सामुदायिक विद्यालयका विद्यार्थी संख्या विवरण,२०८२**

| कक्षा | छात्रा | छात्र | जम्मा | जम्मा |
|---|---|---|---|---|
| बालबिकास | ३०८ | ३३२ | ६४० | कक्षा १-५को जम्मा<br>छात्रा ९११<br>छात्र ९९२<br>जम्मा १९०३ |
| १ | २०२ | २२१ | ४२३ | |
| २ | १७९ | १५८ | ३३७ | |
| ३ | १५५ | १९२ | ३४७ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | १७३ | १९२ | ३६५ | |
| ५ | २०२ | २२९ | ४३१ | |
| ६ | १८८ | २१२ | ४०० | छात्रा ५६२ छात्र ५६२ जम्मा११२४ |
| ७ | १९० | १८१ | ३७१ | |
| ८ | १८४ | १६९ | ३५३ | |
| ९ | १७६ | १९८ | ३७४ | छात्रा ३६१ छात्र ३७२ जम्मा ७३३ |
| १० | १८५ | १७४ | ३५९ | |
| ११ | १०० | ८८ | १८८ | छात्रा २१० छात्र २०० जम्मा ४१० |
| १२ | ११० | ११२ | २२२ | |
| **कुल जम्मा छात्रा २०४४ र छात्र २१२६ गरी जम्मा ४१७० (बालबिकास बाहेक)** | | | | |
| **कुल जम्मा छात्रा २३५२ र छात्र २४५८ गरी जम्मा ४८१० (बालबिकास सहित)** | | | | |

**तालिकाः १८ दलित, सिकाई सिमितता भएका र सिमान्तकृत विद्यार्थी विवरण,२०८२**

| क्र.स. | कक्षा | दलित विद्यार्थी संख्या | प्रतिशत | सिकाई सिमितता भएका विद्यार्थी संख्या | प्रतिशत | सिमान्तकृत विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | बालविकास | ७३ | ११.४ | १०९ | १७ | ३८ |
| २ | १ | ७६ | १८ | ३६ | ८.५ | |
| ३ | २ | ५६ | १६.६ | १ | ३ | |
| ४ | ३ | ५८ | १६.७ | १७ | ४.९ | |
| ५ | ४ | ५६ | १५.३ | २१ | ५.७ | |
| ६ | ५ | ७१ | १६.५ | १८ | ४ | |
| ७ | ६ | ६३ | १५.८ | ५८ | १४.५ | १ |
| ८ | ७ | ५९ | १५.९ | ५० | १३.५ | |
| ९ | ८ | ४६ | १३ | ३० | ८.५ | |
| १० | ९ | ४६ | १२.३ | ६२ | १६.६ | १ |
| ११ | १० | ३९ | १०.९ | ३६ | १० | |
| १२ | ११ | २१ | ११.२ | २५ | १३.२ | १ |
| १३ | १२ | २४ | १०.८ | ५७ | २५.६ | |

स्रोतः IEMIS Report,2082 ,CEHRD

**तालिकाः १९ विद्यालयहरुको बिबरण**

| **क्र.स.** | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|
| १ | ऐश्वर्य प्रा.वि. सान्नेटार | महालक्ष्मी न.पा.-२ | ५ |
| २ | धर्मोदय मा.वि. मारेककटहरे | महालक्ष्मी न.पा.-१ | १२ |

| | | | |
|---|---|---|---|
| ३ | हिमालय मा.वि. घुमाउने | महालक्ष्मी न.पा.-१ | १० |
| ४ | जनता प्रा.वि. नेवारगाउँ | महालक्ष्मी न.पा.-१ | ५ |
| ५ | कालिका प्रा.वि. टाहारी | महालक्ष्मी न.पा.-2 | ३ |
| ६ | लक्ष्मी प्रा. वि. मछेपु | महालक्ष्मी न.पा.-1 | ३ |
| ७ | श्री पारीखाप्राङ् मा.वि. | महालक्ष्मी न.पा.-१ | १२ |
| ८ | श्री नागी आ.वि.हिलेखर्क | महालक्ष्मी न.पा.-2 | ५ |
| ९ | शारदा आ.वि. तेलुङ | महालक्ष्मी न.पा.-१ | ५ |
| १० | सरस्वती मा.वि. कटहरे | महालक्ष्मी न.पा.-१ | १० |
| ११ | शारदा मा.वि. मुलखर्क | महालक्ष्मी न.पा.-2 | १२ |
| १२ | सिंह देवि आ.वि. चित्रे | महालक्ष्मी न.पा.-1 | ८ |
| १३ | कैलाशेश्वरी प्रा.वि.डाडगाउँ | महालक्ष्मी न.पा.-3 | ३ |
| १४ | न.शि.स. मा.वि. डाडगाउँ | महालक्ष्मी न.पा.-3 | १२ |
| १५ | यु.ज.स.आ.वि. डाडागाउँ | महालक्ष्मी न.पा.-3 | ८ |
| १६ | वालकल्याण प्रा.वि. हलेदे | महालक्ष्मी न.पा.-५ | ५ |
| १७ | भगवती प्रा.वि. झिलमिले | महालक्ष्मी न.पा.-४ | ५ |
| १८ | विरेन्द्र प्रा.वि. | महालक्ष्मी न.पा.-४ | ३ |
| १९ | चानुवा मा.वि. दमार | महालक्ष्मी न.पा.-४ | १२ |
| २० | दिपेन्द्र प्रा.वि. शिखरकटेरी | महालक्ष्मी न.पा.-४ | ५ |
| २१ | जलकन्या प्रा.वि. जिमी गाउँ | महालक्ष्मी न.पा.-४ | ३ |
| २२ | जनता प्रा.वि. गिरेढुंगा | महालक्ष्मी न.पा.-४ | ५ |
| २३ | सरस्वती मा.वि. चानुवा | महालक्ष्मी न.पा.-४ | १२ |
| २४ | सिद्देश्वरी प्रा.वि. वरडाँडा | महालक्ष्मी न.पा.-४ | ५ |
| २५ | सिंहेश्वरी प्रा.वि.नाम्फु | महालक्ष्मी न.पा.-४ | ५ |
| २६ | अरुणोदय मा.वि.सालघारी | महालक्ष्मी न.पा.-५ | १२ |
| २७ | भगवती प्रा.वि. मिलाङ्चुङ् | महालक्ष्मी न.पा.-५ | ५ |

| | | | |
|---|---|---|---|
| २८ | लक्ष्मी देवकोटा प्रा.वि. वाँसपानी | महालक्ष्मी न.पा.-६ | ५ |
| २९ | नागेश्वर मा.वि. लाटेभञ्याङ | महालक्ष्मी न.पा.-६ | १२ |
| ३० | पञ्चकन्या आ.वि. खन्याखर्क | महालक्ष्मी न.पा.-5/6 | ५ |
| ३१ | राम मा.वि.लेगुवा | महालक्ष्मी न.पा.-५ | १२ |
| ३२ | सिर्जनशील प्रा.वि. माझीगाउँ | महालक्ष्मी न.पा.-५ | ५ |
| ३३ | अन्पूर्ण मा.वि. आन्द्रुङ | महालक्ष्मी न.पा.-7 | १० |
| ३४ | जनता मा.वि. जीतपुर | महालक्ष्मी न.पा.-७ | १२ |
| ३५ | बालक प्रा.वि.साम्चा | महालक्ष्मी न.पा.-७ | ३ |
| ३६ | सरस्वती आ.वि. अर्खौले | महालक्ष्मी न.पा.-7 | ८ |
| ३७ | सूर्योदय प्रा.वि. आहालडाँडा | महालक्ष्मी न.पा.-८ | ५ |
| ३८ | याङ्लावुङ् प्रा.वि. याङ्लावुङ् | महालक्ष्मी न.पा.-८ | ५ |
| ३९ | जाल्पादेवी प्रा.वि. जरिङ्गेनी | महालक्ष्मी न.पा.-८ | ३ |
| ४० | जनता मा.वि.निगाले | महालक्ष्मी न.पा.-८ | १० |
| ४१ | लालीगुराँस प्रा.वि. मूर्तिढुगा | महालक्ष्मी न.पा.-9 | ५ |
| ४२ | महामाया प्रा. वि.सल्लेरी | महालक्ष्मी न.पा.-9 | ५ |
| ४३ | मूर्ति महेश्वर मा.वि. कोलचोर | महालक्ष्मी न.पा.-९ | १० |
| ४४ | राम मा.वि. गणेशटार | महालक्षमी न.पा.-९ | १२ |
| ४५ | रामवेनी आ.वि. मूर्तिढुगा | महालक्ष्मी न.पा.-९ | ८ |
| ४६ | सिंहदेवि मा.वि.आहाले | महालक्ष्मी न.पा.-९ | १० |
| ४७ | जाल्पा देवी बोर्डिङ स्कुल | महालक्ष्मी न.पा.-७ | ६ |
| ४८ | चानुवा ईङ्ग्लिस बोर्डिङ स्कुल | महालक्ष्मी न.पा.-५ | ६ |

**तालिकाः २० बाल विकास केन्द्र संख्यात्मक विवरण**

| क्र.स. | विद्यालयको नाम | वडा नं. | संख्या | प्रकार |
|---|---|---|---|---|
| १ | आइतबारे आ.वि. | ७ | ० | सामुदायिक |

| | | | | |
|---|---|---|---|---|
| २ | सूर्योदय आ.वि. | ८ | १ | सामुदायिक |
| ३ | याङ्लावुङ आ.वि. | ७ | १ | सामुदायिक |
| ४ | सरस्वती आ.वि. | ७ | १ | सामुदायिक |
| ५ | बालक प्रा.वि. | ७ | १ | सामुदायिक |
| ६ | सरस्वती आ.वि. | ७ | ० | सामुदायिक |
| ७ | कालिकावाला आ.वि. | ७ | १ | सामुदायिक |
| ८ | अन्नपूर्ण मा.वि. | ७ | २ | सामुदायिक |
| ९ | जनता मा.वि. | ७ | २ | सामुदायिक |
| १० | दिपेन्द्र आ.वि. | ४ | १ | सामुदायिक |
| ११ | जलकन्या आ.वि. | ४ | १ | सामुदायिक |
| १२ | बालकल्याण आ.वि. | ४ | १ | सामुदायिक |
| १३ | सिंहेश्वरी आ.वि. | ४ | १ | सामुदायिक |
| १४ | भगवती आ.वि. | ४ | १ | सामुदायिक |
| १५ | वीरेन्द्र आ.वि. | ४ | १ | सामुदायिक |
| १६ | जनता आ.वि. | ४ | १ | सामुदायिक |
| १७ | सिध्देश्वरी आ.वि. | ४ | ० | सामुदायिक |
| १८ | चानुवा मा.वि. | ४ | २ | सामुदायिक |
| १९ | सरस्वती मा.वि. | ४ | २ | सामुदायिक |
| २० | नवीन शिक्षा सदन मा.वि. | ३ | ३ | सामुदायिक |
| २१ | जलकन्या आ.वि. | ३ | ० | सामुदायिक |
| २२ | युवा जनसहभागिता आ.वि. | ३ | १ | सामुदायिक |
| २२ | कैलाशेश्वरी आ.वि. | ३ | १ | सामुदायिक |
| २४ | राम मा.वि. | ५ | १ | सामुदायिक |
| २५ | भगवती आ.वि. | ५ | १ | सामुदायिक |
| २६ | लक्ष्मी देवकोटा आ.वि. | ६ | १ | सामुदायिक |
| २७ | पन्चकन्या आ.वि. | ६ | १ | सामुदायिक |
| २८ | शारदा आ.वि. | ६ | ० | सामुदायिक |
| २९ | अरुणोदय मा.वि. | ५ | १ | सामुदायिक |

| क्र.स. | विद्यालयको नाम | वडा नं. | संख्या | प्रकार |
|---|---|---|---|---|
| ३० | नागेश्वर मा.वि. | ६ | ३ | सामुदायिक |
| ३१ | सिर्जनशील आ.वि. | ५ | १ | सामुदायिक |
| ३२ | सरस्वती मा.वि. | १ | ४ | सामुदायिक |
| ३३ | श्री आ.वि. | २ | ० | सामुदायिक |

| | | | | |
|---|---|---|---|---|
| ३४ | लक्ष्मी आ.वि. | १ | १ | सामुदायिक |
| ३५ | जनता आ.वि. | २ | १ | सामुदायिक |
| ३६ | सिंहदेवी आ.वि. | १ | १ | सामुदायिक |
| ३७ | शारदा मा.वि. | २ | ४ | सामुदायिक |
| ३८ | कालिका आ.वि. | १ | १ | सामुदायिक |
| ३९ | ऐश्वर्य आ.वि. | २ | १ | सामुदायिक |
| ४० | शारदा आ.वि. | १ | १ | सामुदायिक |
| ४१ | हिमालय मा.वि. | १ | १ | सामुदायिक |
| ४२ | धर्मोदय मा.वि. | २ | १ | सामुदायिक |
| ४३ | श्री मा.वि. | १ | १ | सामुदायिक |
| ४४ | सिंहवाहिनी आ.वि. | ९ | ० | सामुदायिक |
| ४५ | सिंहदेवी मा.वि. | ९ | १ | सामुदायिक |
| ४६ | रामवेनी आ.वि. | ८ | १ | सामुदायिक |
| ४७ | मूर्तिमहेश्वर मा.वि. | ९ | २ | सामुदायिक |
| ४८ | जनता मा.वि. | ८ | १ | सामुदायिक |
| ४९ | जनकल्याण आ.वि. | ९ | ० | सामुदायिक |
| ५० | जालपादेवी  आ.वि. | ८ | १ | सामुदायिक |
| ५१ | महामायाँ आ.वि. | ९ | १ | सामुदायिक |
| ५२ | राम मा.वि. | ९ | १ | सामुदायिक |
| ५३ | लालीगुराँस आ.वि. | ९ | १ | सामुदायिक |

**(स्रोत CEHRD,IEMIS,2082)**

**तालिकाः २१ गणित,विज्ञान र अंग्रेजी विषय शिक्षक बितरणको अवस्था**

| क्र.स. | तह | गणित,विज्ञान र अंग्रेजी विषय शिक्षक नभएका विद्यालय संख्या | गणित,विज्ञान र अंग्रेजी विषय शिक्षक भएका विद्यालय संख्या |
|---|---|---|---|
| १ | आधारभुत( कक्षा ६-८) | २० | १९ |
| २ | माध्यमिक (कक्षा ९-१०) | १७ | १६ |

**(स्रोत CEHRD,IEMIS Local Level Report Card)**

**तालिकाः २२ विद्यालयका आधारभुत संरचना (Infrastructure) उपलब्धताको स्थिति**

| क्र.स. | संरचना/ सुबिधा | सामुदायिक विद्यालय | सँस्थागत विद्यालय |
|---|---|---|---|
| १ | पुस्तकालय | २२ | १ |
| २ | विज्ञान प्रयोगशाला | १५ | ० |
| ३ | खेल मैदान | ३९ | १ |

| | | | |
|---|---|---|---|
| ४ | गणित प्रयोगशाला | २ | १ |
| ५ | पिउने पानी | २४ | १ |
| ६ | छात्राहरुको लागि छुट्टै शौचालय | ४७ | १ |
| ७ | सेनेटरी प्याडको व्यवस्थापन | १९ | ० |
| ८ | हात धुने सुबिधा | ३५ | १ |
| ९ | विजुली | ४१ | १ |
| १० | इन्टरनेट | ३९ | १ |
| ११ | स्कूल बस | ४ | ० |
| १२ | पाकशाला (किचन) | १९ | ० |

(स्रोत CEHRD,IEMIS Local Level Report Card)

### १.२.३ महालक्ष्मी नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

यस नगरमा समग्र बाल विकास देखि कक्षा १२ सम्मको विद्यार्थी भर्नाको संख्या ४४८९ जना रहेका छन् । जसमध्ये २२०० जना छात्रा रहेका छन भने २२८९ जना छात्र रहेका छन् । उल्लेखित तथ्यांकमा वाल विकासमा ५७६ जना छात्रा/छात्र अध्ययरत रहेको देखिन्छ । लिङ्गको आधारमा हेर्दा समग्र विद्यालयमा ४९ प्रतिशत छात्रा छन् भने छात्र ५१ प्रतिशत छन् । यसरि समग्रमा हेर्दा ९७.३३ प्रतिशत बालबालिकाहरु सामुदायिक विद्यालयहरू छन् भने २. ६७ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयहरू रहेका छन् । त्यस मध्ये पनि सामुदायिक तर्फ आधारभूत तहमा ७४.३७ प्रतिशत र माध्यमिक तहमा २५.६३ प्रतिशत रहेका छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीको प्रतिशत उच्च रहेको छ । १-१२ कक्षामा नगर भित्रका विद्यालयमा ४९.१७ प्रतिशत छात्रा रहेका छन भने छात्र ५०.८३ प्रतिशत रहेका छन ।

यस नगरपालिकामा कक्षा १-५ को स्वीकृत दरबन्दीमा जम्मा १६७ र राहत कोटामा २७ जना गरि कुल १९४ जना, कक्षा ६-८ को स्वीकृत दरबन्दीमा जम्मा ३० र राहत कोटामा २० गरि कुल ५० जना, कक्षा ९-१० को स्वीकृत दरबन्दीमा जम्मा १९ र राहत २३ गरि कुल ४२ जना र कक्षा ११-१२ को स्वीकृत दरबन्दीमा ४ जना र अनुदान कोटामा १७ जना गरि २१ जना यस बाहेक शिक्षण सहयोग अनुदान मार्फत मा.वि.हरुमा १९ जना र नि.मा.वि.मा ४ जना गरि २३ जना शिक्षक कार्यरत रहेका छन । यसै गरि प्राविधिक धार सञ्चालन भएको जनता माध्यमिक विद्यालयमा पशुविज्ञान तर्फ ८ जना गरि सामुदायिक विद्यालयमा कुल ३३८ शिक्षक कार्यरत रहेका छन्

जनगणना २०६८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र नगरपालिकाको साक्षरता प्रतिशत ७३.०० रहेको थियो भने राष्ट्रिय जनगणना ,२०७८ अनुसार यस नगरपालिकाको साक्षरता ८० प्रतिशत पुगेको देखिन्छ । त्यसमध्ये पुरुषको साक्षरता ८८.३ प्रतिशत छ भने महिलाको साक्षरता ७२ प्रतिशत मात्रै रहेको छ । त्यसैगरी यस नगरपालिकाको, जनगणना २०६८ अनुसार शैक्षिक योग्यताको अवस्थाको विश्लेषण गर्दा एसएलसी वा एसइइ मुनिको प्रतिशत ६७ रहेको छ भने एसएलसी वा एसइइ माथिको प्रतिशत ३३ रहेको छ ।

### १.२.४ उपलब्धी र अन्तर

यस नगरपालिकाले नगरपालिका स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरीदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय हो।

पहुँचका नजरबाट पालिकाको शिक्षा अवस्था विश्लेषण गर्दा अझै पनि केहि बालकालिकाहरु विद्यालय शिक्षाको पहुँचमा आउन नसकिरहेको अवस्था छ। पालिका शिक्षा प्रोफाइल २०७८ अनुसार कक्षा १ को खुद प्रवेशदर ७७.९ छ भने कक्षा १ मा इसिडिको अनुभव सहितको भर्ना गर्नेको दर ८५.० प्रतिशत रहेको छ। आधारभूत तहमा २.७ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका देखिदैनन्। त्यस्ता बालबालिकाहरु अति गरीब सिमान्तिकृत तथा अभिभावकको संरक्षण नभएका बालबालिकाहरु रहेको देखिन्छ। तर पनि बास्तविक विद्यालय सर्वेक्षणमा त्यो संख्या ज्यादै कम रहेको छ। माध्यमिक तहमा ४१.६ प्रतिशत बालबालिकाहरु शिक्षाको पहुँचमा आउन सकेका छैनन्। योजनाको शुरु कालमा यस पालिकाको समग्र सिकाइ उपलब्धि ५७.७ प्रतिशत मात्र रहेको देखिन्छ भने कक्षा ८ मा ३.२ माथिको ग्रेड ल्याउने विद्यार्थी प्रतिशत १४.२ प्रतिशत मात्र रहेको छ भने एसइइमा ३.२ माथिको ग्रेड ल्याउने विद्यार्थी २.१ प्रतिशत मात्र रहेको छ। कक्षा छोड्ने दर आधारभूत तहको २.६ र माध्यमिक तहको १.० रहेको छ ;भने कक्षा दोहोर्‍याउने दर आधारभूत तहको ७ प्रतिशत र माध्यमिक तहको १३.५ प्रतिशत रहेको छ देखिन्छ।

तालिका नं. २२

**शैक्षिक सूचकहरुको बर्तमान अवस्था**

| क्र.स. | सूचक | शैक्षिक उपलब्धिको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महालक्ष्मी न.पा. (२०७७को) | | | राष्ट्रिय (२०८२को) | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर | ६९.८ | ७१.४ | ७०.६ | | | १०२.८ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर | ६८.५ | ७०.२ | ६९.४ | | | ७०.२ |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना(%) | ८०.८ | ७५ | ८५ | | | ७६.३ |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षाको खुद भर्नामा लैङ्गिक समता सूचक | - | - | - | | | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **आधारभुत शिक्षा (कक्षा १-८)** | | | | | | |
| २.१ | आधारभुत तहको कुल भर्ना दर GER | १०६.६ | १०४.८ | १०५.७ | | | १३०.५ |
| २.२ | कक्षा १मा खुद प्रवेश दर NIR | ८०.८ | ७५ | ७७.९ | | | ९५.७ |
| २.३ | कक्षा १मा सहजै देखिने प्रवेश दर GIR | १०६.८ | १०६.३ | १०६.६ | | | ११८ |
| २.४ | आधारभुत तहमा खुद भर्ना दर | ९७ | ९७.५ | ९७.३ | | | ९४.४ |
| २.५ | कक्षा ८ सम्मको टिकाउ दर | ९६.१ | ८९.९ | ९३ | | | ८६.५ |
| | कक्षा १० सम्मको टिकाउ दर | | | | | | ६६.९ |
| २.६ | कक्षा ५ उत्तीर्ण गर्ने दर | ९२.७ | ९१.५ | ९२.१ | | | |
| २.७ | कक्षा १-५ दोहोर्याउने दर | ५.५ | ५.४ | ५.५ | | | |

| क्र.स. | सूचक | २०७८को शैक्षिक उपलब्धिको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महालक्ष्मी न.पा. | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | | | | | | | |
| ३ | कक्षा १-८ मा कुल भर्ना दरको लैङ्गिक सूचकांक | | | | | | ०.९२ |
| ४ | कक्षा ६-८ को खुद भर्ना दर | | | | | | ९३.६ |
| ५ | कक्षा ६-८ को कुल भर्ना दर | | | | | | ११५ |
| ६ | कक्षा १-८ को कुल भर्ना दर | | | | | | १२४.८ |
| ७ | कक्षा १-८ को खुद भर्ना दर | | | | | | ९४.८ |
| ८ | कक्षा ८ मा टिकाउ दर | ८९.३ | ८४.८ | ८७.१ | | | ८६.५ |
| ९ | कक्षा १० मा टिकाउ दर | | | | | | ६६.९ |
| १० | कक्षोन्नति हुने दर | | | | | | |
| ११ | कक्षा ८ | ९६.९ | ९५.६ | ९६.२ | | | ८४.१ |
| ११.१ | कक्षा ९-१० | ९४.४ | ९५.६ | ९५.० | | | |
| ११.२ | कक्षा ५ | | | | | | ८६.६ |
| १२ | कक्षा छोड्ने दर | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२.१ | कक्षा ८ | १.६ | १.५ | १.५ | | | ६.४ |
| १२.२ | कक्षा ५ | १.८ | ३.१ | २.४ | | | ६.६ |
| १२.३ | कक्षा ९-१० | २ | १.५ | १.८ | | | |
| १३ | कक्षा दोहोर्याउने दर | | | | | | |
| १३.१ | कक्षा ६-८ | १.५ | २.५ | २.२ | | | |
| १३.२ | कक्षा ९-१० | ३.५ | २.९ | ३.३ | | | |
| १३.३ | कक्षा ५ | | | | | | ६.९ |
| १३.४ | कक्षा ८ | | | | | | ९.४ |

| क्र.स. | सूचक | शैक्षिक उपलब्धिको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महालक्ष्मी न.पा. | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | | | | | | | |
| १४ | कक्षा १-८ को खुद भर्नामा लैङ्गिक समता सूचक | | | | | | |
| १५ | आधारभुत १-५ को तह महिला शिक्षकको प्रतिशत | | | | | | ५४.६ |
| १६ | कक्षा ८ का विद्यार्थीको सिकाई उपलब्धि (जि.पि.ए. मा) | | | | | | |
| १७ | **माध्यमिक शिक्षा** | | | | | | |
| १७.१ | कक्षा ९-१० को खुद भर्ना दर | ८५.६ | ८३.८ | ८४.७ | | | ३७.१ |
| १७.२ | कक्षा ९-१० को कुल भर्ना दर | ९८.३ | १००.२ | ९९.२ | | | |
| १७.३ | कक्षा १० को टिकाउ दर | ७८.१ | ७३.१ | ७५.६ | | | |
| १७.४ | कक्षा ९-१२ को खुद भर्ना दर | ५८.६ | ५८.३ | ५८.४ | | | ५५.८ |
| १७.५ | कक्षा ९-१२ को कुल भर्ना दर | ८४.८ | ८४.७ | ८४.७ | | | ८०.६ |
| १७.६ | कक्षा ११-१२ को खुद भर्ना दर | ३१.५ | ३२.५ | ३२.२ | | | |
| १७.७ | कक्षा ११-१२ को कुल भर्ना दर | ७४.५ | ७१.७ | ७३.२ | | | |
| १७.८ | कक्षा १० का विद्यार्थी सिकाई उपलब्धि (जि.पि.ए.मा) | | | | | | |
| १७.९ | साधारण तर्फ एस ई ई उत्तीर्ण प्रतिशत | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७.१० | प्राबिधिक धार तर्फ एस ई ई उत्तीर्ण प्रतिशत | | | | | | |
| १८ | **अनौपचारिक शिक्षा र निरन्तर सिकाई** | | | | | | |
| १८.१ | साक्षरता दर (५ बर्ष माथि) % | | | | | | |
| १८.२ | साक्षरता दर (१५ बर्ष माथि) % | | | | | | |
| १९ | कक्षा १-५ विद्यार्थी शिक्षक अनुपात | | | | | | २२;१ |
| १९.२ | कक्षा ६-८ विद्यार्थी शिक्षक अनुपात | | | | | | ४५;१ |
| १९.३ | कक्षा ९-१० विद्यार्थी शिक्षक अनुपात | | | | | | ३१;१ |
| १९.४ | कक्षा ११-१२ विद्यार्थी शिक्षक अनुपात | | | | | | ७७;१ |
| २० | शिक्षा नियमावली बमोजिम नियुक्ति गरेका प्र.अ. भएका विद्यालय संख्या | | | | | | |
| २०.१ | टिपिडि तालिम प्राप्त (आधारभुत) | | | | | | ८५.९ |
| २०.२ | टिपिडि तालिम प्राप्त( माध्यमिक) | | | | | | ८६.१ |
| २१ | दलित विद्यार्थी सहभागिता (कक्षा १-८) | | | | | | १७ |
| २१.१ | दलित विद्यार्थी सहभागिता (कक्षा ९-१२) | | | | | | १२.५ |

| क्र.स. | सूचक | शैक्षिक उपलब्धिको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महालक्ष्मी न.पा. | | | राष्ट्रिय | | |
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| | **शिक्षामा लगानी** | | | | | | |
| २२ | कुल बजेटमा शिक्षा तर्फ भएको लगानी(सशर्त र समानीकरण समेत) % | | | | | | |
| २३ | पालिका तर्फको बजेटमा शिक्षा तर्फ भएको लगानी(सशर्त बाहेक) % | | | | | | |

### १.३ प्रमुख शैक्षिक समस्या

समग्रमा पालिकाका मुख्य समस्याहरुमा विद्यालयतहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच नहुनु, मुलतः पछाडिएको तथा आर्थिक रुपमा विपन्न वर्गका बालबालिकाहरुको पहुँच कम हुनु,सिकाईमा सूचना तथा सन्चार प्रविधिको अपर्याप्तताको स्थिति हुनु,प्राविधिक शिक्षामा विद्यार्थीको पहुँचमा कमी, शैक्षिक क्षति बढी हुनु, भर्ना भएका पनि विद्यार्थीहरुलाई टिकाइ राख्न नसक्नु, तहगत, क्षेत्रगत एवम् विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु, तोकिएको शैक्षिक बर्षमा तह पार गर्नेको सङ्ख्या कम हुनु , सिकाइ उपलब्धि स्तर कमी हुनु , पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्बजनिक पुस्तकालयको विस्तारमा कमी हुनु, सुशासन, जिम्मेवारी तथा जवाफदेयिताकोको प्रत्याभूति गर्न नसकिनु, सार्बजनिक र निजी लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसक्नु, शिक्षणसिकाइ तथा मूल्यांकन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।अंग्रेजी,गणित विज्ञान विषयका शिक्षकहरुको अभाव हुनु,भौतिक पूर्वाधारको पर्याप्तता नहुनु, विद्यालय अनुगमन,सुपरीवेक्षण तथा शिक्षक सहायता कार्यको कमी, विद्यालय व्यवस्थापन समितिलाई क्षमता अभिवृध्दि गर्न नसक्नु, पाठ्यक्रम र शिक्षक निर्देशिकाको न्यून प्रयोग हुनु, मुख्य समस्याहरु रहेका छन्। त्यसैले विद्यालय शिक्षामा सबैको पहुँच, समता , गुणस्तर, सुशासन, ब्यवस्थापन तथा सिकाइका लागि न्यूनत्तम वातावरण तथा निरन्तर सिकाइसँग समस्या केन्द्रित रहेका छन् ।

### १.४ चुनौतिहरु तथा अवसरहरु

त्यस्तै चुनौतिका रुपमा विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास, समन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ,छात्रवृत्ति लगायत सुविधा वृध्दि गरी,पहुँच र सहभागिता वृध्दि गर्नु, बालबालिकाको पोषण अवस्था र स्वास्थ्यमा सुधार गर्नु,विद्यालय शिक्षालाई प्रकोप र संकटबाट उत्पन्न हुने परिस्थितिसँग परिचित र सजग गराउनु ,सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गरी समावेशी र समतामूलक बातावरण सिर्जना गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

अवसरका रुपमा हेर्दा यस नगरपालिकाको स्थापनाकाल देखि नै शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिदै सुधारका विविध कार्यक्रमहरु लागू गरिएको,प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम स्थानीय तहसम्म सर्वसुलभ हुनु, आधारभुत शिक्षा स्थानीय तहको एकल अधिकार भएता पनि शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि पालिकामा विभिन्न कार्यक्रमहरु लागू हुनु जस्तै राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम, केहि मात्रामा भए पनि सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, शैक्षिक सूचाकांकहरुको प्रगति सकारात्मक दिशा तिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

### १.५ योजना निर्माणको प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुर्याउन प्रतिफल दिने प्रकृयाहरूको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र  यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुशरण गरिएको छ :

- राष्ट्रिय प्रारभ्भिक कक्षा पढाइ कार्यक्रमलाई प्राविधिक सहयोगकर्ताको रुपमा सहयोग गर्ने संस्था प्रारभ्भिक कक्षा पढाइ कार्यक्रम दोश्रोले ५ शिक्षा विकास तथा समन्वय इकाइ धनकुटाको आयोजनामा शिक्षा योजना निर्माण तथा क्षमता विकास सम्बन्धी ५ दिने कार्यक्रम सञ्चालन मिति २०७७ माघ ११ बाट १५ सम्म सञ्चालन गरिएको र पालिकाले शिक्षा योजना तयार गर्ने प्रतिबद्दता ब्यक्त गरिएको ।
- पालिकाबाट कार्यशालामा भएका सहभागिहरुले पालिकास्तरमा बन्ने योजना सम्बन्धी पालिकाको अन्य टिमसँग छलफल तथा जानकारी गराइएको ।
- नगरपालिकाको कार्यपालिकाको बैठक मिति २०७८ भाद्र ३० गते ले शिक्षा योजना निमार्णका लागि कार्यादेश सहितको ११ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।
- कार्यदलको मिति २०७८ भाद्र ३० गते बैठक बसी कार्ययोजना तयार लेखन टिमको गठन तथा कामको बाँडफाड गरिएको ।
- योजनाको लागि आवश्यक तथ्याङ्क तथा आवश्यक दस्तावेजहरुको अध्ययन टिपोट संकलन ब्यवस्थापन तथा गरिएको ।
- पालिकामा नभएको तथ्यांकको लागि नयाँ फारामहरूको निर्माण गरी तथ्यांक संकलन गरिएको ।
- सबै तथ्यांक सहितको पालिकाको शिक्षा प्रोफाइल २०७८ को मिति २०७८  असार २० को बैठकले अन्तिम रुप दिइ स्वीकृतको लागि सिफारिस गरेको ।
- लेखन समुहले डाफ्ट तयार गरी सदस्यहरु बीच छलफल गरिएको ।
- त्यस पश्चात योजना लेखन कार्यमा सहयोग पुर्याउन गठित जिल्ला प्राविधिक कार्यदलको सदस्यहरुबाट अध्ययन तथा सुझाब प्रदान ।
- जिल्ला स्तरीय लेखन कार्यशाला सञ्चालन गरी डाफ्टलाई प्राविधिक रुपमा अध्ययन गरी अन्तिम रुप प्रदान गरिएको ।
- यसै गरि २०७८ सालमा निर्माण भएको दश वर्षे शिक्षा योजना (२०७८-२०८७) को अध्यावधिक गरि निर्माण गर्ने कार्यका लागि परामर्शदाता श्री साकुरा कन्सलन्टेन्सी एण्ड ट्रनिङ्ग सेन्टर प्रा.लि. ईटहरी सुनसरीसंग सम्झौता भई मिति २०८३/०२/०३ गते नगरको शैक्षिक योजना अध्यावधिक तथा पुनर्निमाण सम्बन्धी अभिमुखिकण तथा सुझाब सङ्कलन कार्यक्रम आयोजना गरिएको ।

- नगर शिक्षा योजनालाई अद्यावधिक तथा पुनर्लेखन गर्ने प्रकृयाअघि बढाइएको ।
- थप सुझाबको लागि पालिकाको वेभसाइटमा डाफ्टलाई प्रकाशन गरिएको ।
- कार्यपालिकाबाट स्वीकृति तथा सिफारिस हुँदै नगरसभाबाट प्रमाणित गरिएको ।

यस पालिकाका विद्यालयमा विद्यार्थीहरुको सिकाइ उपलब्धि कमजोर हुनु मुख्य समस्या रहेको छ । साथै विद्यालयमा पर्याप्त विषयगत शिक्षक दरबन्दीको अभावमा मानव संसाधन न्यून हुनु,कक्षागत तथा विषयगत शिक्षकको अभावको कारण शैक्षिक उपलब्धि र गुणस्तरमा कमी आउनु, विद्यालयमा प्रयोगशाला,पुस्तकालय जस्ता भौतिक पूर्वाधार न्यून हुनु, इन्टरनेटको सुविधा कम हुनु,परिवर्तित पाठ्यक्रमको प्रबोधीकरण हुन नसकी पाठ्यक्रम र मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्वान्वयन गर्न नसक्नु, शिक्षकले सिकेका सीप र तालिमलाई कक्षाकोठामा अधिकाधिक रुपमा प्रयोगमा ल्याउन नसक्नु,आधुनिक शिक्षण प्रविधिको न्यून प्रयोगले गर्दा विद्यालयमा सिकाइमैत्री वातावरण कमजोर हुनु, सबै तहको शिक्षामा कक्षा छाड्ने र दोहोर्याने संख्या बढी हुनु ,साक्षरता,निरन्तर शिक्षा र जीवन पर्यन्त शिक्षाको प्रबन्ध नहुनु ,वैकल्पिक सिकाईको प्रबन्ध हुन नसक्नु ,अभिभावक शिक्षाको प्रबन्ध नहुनु, सामुदायिक विद्यालयका शिक्षकहरुको पेशा प्रतिको लगनशीलता वृध्दिको लागि उत्प्रेरणाको कमी हुनु, सामुदायिक विद्यालयले अभिभावकको अपनत्व विकास गर्न नसक्नु र विश्वास जित्न नसक्नु,नियमानुसारका प्रधानाध्यापक नियुक्ति गर्न नसक्नु र प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता वृध्दि कार्यक्रम प्रभावकारी गर्न नसकेका कारण नेतृत्व क्षमता कमोजोर हुनु मुख्य समस्याहरु रहेका छन् ।

यसै गरी समग्रमा पालिकाका मुख्य समस्याहरुमा विद्यालयतहका सबै बालबालिकाहरुको शिक्षामा पहुँच नहुनु, मुलत पछाडिएको तथा आर्थिक रुपमा विपन्न वर्गका बालबालिकाहरुको पहुँच कम हुनु, प्राविधिक शिक्षामा विद्यार्थीको पहुँचमा कमी, भर्ना भएका पनि विद्यार्थीहरुलाई टिकाइ राख्न नसक्नु, तहगत, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्बजनिक पुस्तकालयको विस्तारमा कमी हुनु, सुशासन, जिम्मेवारी तथा जवाफदेहिताको प्रत्याभूति गराउन नसकिनु, सार्बजनिक र निजि लगानीका शैक्षिक संस्थाको उचित व्यवस्थापन गर्न नसक्नु, शिक्षणसिकाइ तथा मूल्यांकन प्रक्रियामा परिवर्तन ल्याउन नसक्नु जस्ता समस्याहरु रहेका छन् । त्यसैले विद्यालय शिक्षामा सबैको पहुँच, समता, गुणस्तर सुशासन, ब्यवस्थापन तथा सिकाइका लागि न्यूनत्तम वातावरण तथा निरन्तर सिकाइसँग समस्या केन्द्रित रहेका छन् ।

## परिच्छेद -२

## दूरदृष्टि, लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति तथा अपेक्षित उपलब्धि

### २.१ दूरदृष्टि

**" गुणस्तरीय शिक्षा मार्फत समाजको उन्नति; महालक्ष्मी नगरपालिकाको सम्मृध्दि" ।**

### २.२ लक्ष्य

**माध्यमिक तह सम्मको शिक्षामा समावेशिता सहितको पहुँच,समता र सक्षमतामा आधारित गुणस्तरीय,जीवनोपयोगी शिक्षा सुनिश्चित गर्ने।**

### २.३ महालक्ष्मी नगरपालिकाको उद्देश्यहरुः

- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा निशुल्क समन्यायिक पहुँच विस्तार गर्नु ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्दि गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- प्राविधिक व्यवसायिक तथा प्रविधिमैत्रि शिक्षाको आधार तयार गर्नु ।

### २.४ रणनीतिहरुः

- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागू गरी त्यसलाई निरन्तरता दिइने छ ।
- आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।
- पहुँचको सुनिश्चितताको लागि "एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व" कार्यक्रम लागु गरिनेछ ।
- बालबालिकाहरुको पहुँच सुनिश्चतताका लागि बालविकास कक्षा भर्ना भएकाको लागि "प्रति बच्चा प्रति दिन रु १० बचत पालिका प्रमुख कार्यक्रम" सञ्चालन गरी बालबालिकाहरुको शैक्षिक सहयोग कार्यक्रम सञ्चालनमा ल्याइने छ ।
- सिमान्तकृत वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गरिने छ ।
- वडा तथा पालिकास्तरमा सत प्रति विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम ,२०७७ लाई कार्यान्वयनमा ल्याइने छ ।

- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि सिक्नको लागि पढ्ने धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीति लाई निरन्तरता दिदै लगिने छ।
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप क्रमशः लागू गरिनेछ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि सबै कक्षाहरुमा शिक्षक विद्यार्थी तथा अभिभाकबाट निर्मित No cost and low cost कार्यक्रम लागु गरिने छ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाइने छ।
- शैक्षिक गुणस्तर अभिवृद्दिका लागि सरोकारवाला विच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागु गरिने छ।
- शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा स्थानीय विज्ञ समुह को परिचालन, कलस्टर तथा विद्यालस्तरमा विषयगत शिक्षक समुहको निर्माण तथा परिचालन सहित मासिक घुम्ति शिक्षण कार्यक्रम लागु गरिने छ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको पालिकास्तर निश्चित कार्यविधि बनाइ एक जना व्यक्तिलाई तोक्ने वा एक व्यक्तिको व्यवस्था गरिनेछ।
- शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
- स्थानीय तहले एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधिसम्बन्धी तालिम (आधारभुत कम्पुप्यूटर सम्बन्धी तालिम) सञ्चालन गरिने छ।
- सामाजिक सन्जाललाई शिक्षणसिकाइ कार्यमा आवद्द गर्दै लगिने छ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय (TST) थप प्रभावकारी गरी कार्यान्वयनमा ल्याइने छ।
- सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ३, ५ र ८ मा पालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनको लागि सिकाइ वातावरणको सुनिश्चत गर्न आवश्यकता तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।
- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्यूनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शौचालय र न्यनूतम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गरिनेछ।
- आवश्यकता अनुसार दरबन्दी मिलान गर्दै शिक्षा ऐन तथा नियमावलिमा तोकिए अनुसार प्रअ ब्यवस्थापन गरी प्रअलाई शैक्षिक तथा शैक्षणिक नेतृत्वकर्ताका रुपमा विकास गर्दै लगिनेछ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
- प्र.अ.लाई शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकी कार्यान्वयनमा ल्याइने तथा तहगत तथा क्षेत्रगत इन्चार्जको ब्यवस्था गरिनेछ।

- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारी ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम
- विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
- कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड
- शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन
- सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाइने
- सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने
- विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध।
- बालबालिकाहरुको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागु गरिनेछ।
- बालबालिकाहरुको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागू गरिनेछ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रम सञ्चालनको पुर्ण जिम्मेवारी प्रदान गर्दै लगिनेछ।
- माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ।
- एक वडा एक सिकाइ केन्द्रलाई विस्तार गदै निरन्तर सिकाइ तथा जीवनउपयोगी सिपका कार्यक्रमलाई लागू गरिनेछ।
- संकटको बेलामा पनि शिक्षण-सिकाइ सञ्चालन गर्न पालिका स्तरमा कार्यविधि तयार गरी विद्यालय विपद् सहायता कोष सञ्चालन गरिनेछ।
- विपद् मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।
- प्राविधिक तथा ब्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।
- अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक तथा शैक्षणिक कार्यक्रम कार्यान्वयन गरिनेछ।

## २.५ मुख्य कार्यसम्पादन सुचकहरु

ता लकाः२३

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधारवर्ष २०७७ | २०८२ | २०८७ |
| 1.1 | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७०.६ | ८०.४ | ८५.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६९.४ | ७७.० | ८०.० |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | | |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ५० | १०० | १०० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | ८५.० | ८०.४ | ९०.० |
| 2.1 | आधारभूततह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ७७.९ | ८६.५ | ९०.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०६.६ | ११४ | १०५ |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८.२ | ९३.० | ९९ |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १०२.१ | १०२ | १०० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९६.३ | ९५.५ | ९८.० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११२.२ | ९९.३ | १०० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९७.३ | ८७.६ | ९९.० |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १०५.७ | १०३.५ | १०० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८७.१ | ८८.० | ९६ |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ९४.२ | ९६.८ | ९९.६ |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | २.७ | १.० | ०.२ |
| 3.1 | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८४.७ | ९३.० | ९६.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ९९.२ | १०० | १०० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३२.२ | ४५.० | ६०.० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ७३.२ | ८०.० | ८८.० |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.४ | ६५.० | ८०.० |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८४.७ | ९३.० | ९९.० |

| | | | | | |
|---|---|---|---|---|---|
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७५.६ | ८५.० | ९७.० |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | N/A | N/A | N/A |
| 3.9 | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर | ७३.०० | ८५.० | ९२.० |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | N/A | N/A | N/A |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | N/A | N/A | N/A |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | २९ | ३५ | ४० |
| 5.2 | | माध्यमिकतह (कक्षा९-१२) | १७ | २५ | ३३ |
| 6.1 | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | N/A | N/A | N/A |
| 6.2 | | आधारभूत | N/A | N/A | N/A |
| 6.3 | | माध्यमिक | N/A | N/A | N/A |
| 7.0 | **स्थानीयतहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटकोशिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | N/A | N/A | N/A |
| 8. 1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा १-५) | २.४ | ३ | ०.२ |
| 8.2 | | आधारभूत तह (कक्षा ६-८) | १.५ | २ | ०.३ |
| 8.3 | | माध्यमिकतह (कक्षा ९-१०) | १.८ | १.0 | ०.३ |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-५) | ५.५ | ११.० | १.५ |
| 9.2 | | आधारभूत तह (कक्षा ६-८) | २.२ | ८ | ०.३ |
| 9.3 | | माध्यमिकतह (कक्षा ९-१०) | ३.३ | १३.५ | 0.४ |
| 10.1 | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १२.७ | १७ | ३० |
| 10.2 | | कक्षा ८ मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | १.५ | ७ | २० |
| 10.3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १.८ | २९.७ | ८ |
| 10.4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | ०.३ | ७.७ | ६ |
| 11.1 | **प्रारम्भिक कक्षाको पठनसीप** | CB EGRA कक्षा १ समग्र | ७८.० | ८५ | ९० |
| 11.2 | | CB EGRA कक्षा २ समग्र | ७१.० | ८० | ८५ |
| 11.3 | | CB EGRA कक्षा ३ समग्र | ७४.० | ८२ | ८८ |

## परिच्छेद - तीन: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

#### ३.१.१ परिचय

यस विद्यालय शिक्षा क्षेत्रको योजना सन् २०२१-२०३० का लागि परिच्छेद दुईमा पहिचान गरीएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरी पहिलो पाँच वर्षका लागि लागत अनुमानसहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यस शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाको समग्र दुरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ। तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरीएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामीक्षा गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुने छ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्दछ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयाविधमा सञ्चालन गर्ने प्रयास भए पनि चार वर्ष उमेर पगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समूदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्वभित्र पर्दछ। यसै कुरालाई मध्येनजर गरेर महालक्ष्मी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकामा प्रारम्भिक  बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन् । यस नगरपालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम शैक्षिक योग्यता पूरा भएको अवस्था देखिन्छ ।

भौतिक रुपमा हेर्दा यस नगरपालिका क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरू बालविकास केन्द्र सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार सञ्चालन हुने दिशामा सुधारात्मक प्रयासका साथ काम भइरहेको अवस्थामा छन् । केही बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री,  लैङ्गिकमैत्री बन्न बाँकी नै रहेको अवस्थामा छन् । यससँगै सहजकर्ताहरूका लागि उत्प्रेरणा र मनोवल  बढाइउदै पेशामा क्रियाशील हुन न्यूनतम पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था कमजोर अवस्थामा नै रहेको छ ।

तालिकाः२४

| क्षेत्रहरु | आव ०७४/७५ | आव ०७५/७६ | आव ०७६/७७ | आव ०७७/७८ | आव ०७७/७८ |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | | | | **59** | **59** |
| सस्थागत विद्यालयको संख्या | | | | **3** | **3** |
| ECD को  विद्यार्थी संख्या | 727 | 783 | 870 | 844 | 685 |
| प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | 96.2 | 77.6 | 75.2 | 70.6 | |
| प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | NA | NA | NA | 70.2 | |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | 62.7 | 73.1 | 73.1 | 85.0 | |

### ३.१.३ अवसर र चुनौतिहरु

अधिकांश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरुमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्यूनतम भौतिक तथा शैक्षिक प्रबन्ध हुन सकेको छैन । पछिल्लो समय महालक्ष्मी नगरपालिकाको शैक्षिक सुधार तथा साक्षरता अभिवृद्धि कार्यक्रमबाट सबै विद्यालयहरुका बाल विकास कक्षामा आधारभूत सामग्री र स्मार्ट टेलीभिजन दिइएको छ । त्यसलाई सही सदुपयोग गरेमा बाल विकासको नतिजामा सुधारको अवसर रहेको छ । कतिपय बालबालिकाहरु गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकबाट वञ्चित हुनु परेको छ । प्रारम्भिक बालविकास शिक्षमा बालबालिकाहरुको सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न देहाय अनुसारका चुनौति तथा समस्याहरु रहेका देखिन्छन्

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरूः

१. सबै प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम मापदण्ड पूरा गर्ने ।
२. तोकिएको उमेरमा बालविकास कक्षामा भर्ना गराउने ।
३. सहजकर्ताहरुको वृत्तिविकास र क्षमता विकास गर्ने ।     प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नु,
४. प्रम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइको सम्बन्धमा अभिभावक जागरण गर्नु ,
५. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरुका लागि सञ्चालन गरिने कार्यक्रम भए पनि ३-४ वर्षभन्दा कम उमेरका बालबालिकाहरु पनि उपस्थित हुनु,

### ३.१.४ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चितत गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य पूरा गर्नका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्न लिखित उद्देश्यहरू राखेको छः

- ३-५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारभ्भिक बालविकास तथा शिक्षामा पहुँचको सुनिश्चत गर्नु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः

- प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहलो संशोधन २०७५) अनुसार नगर क्षेत्रका सबै प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरी गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रलाई थप जनशक्ति सहित सञ्चालनको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ ।
- वाल विकास तहका कक्षाहरुलाई प्रविधिमैत्री बनाइनेछ ।
- बाल कक्षाहरु पूर्ण बालमैत्री वातावरणका हुनेछन् ।

### ३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क. उपलब्धिः

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने ।

ख. प्रमुख नतिजाहरूः

१. सबै प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्युतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुने छन् ।

२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुने छ ।

३. सबै प्रारम्भिक बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित तालिम प्रदान गरिने छ ।

४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरी २० मिनेटको दुरी भन्दा बढी नपर्नेगरी नयाँ बालविकास केन्द्र विस्तार गरिने छ ।

५. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।

ग. प्रमुख क्रियाकलापहरू तथा लक्ष्यः

तालिका २५ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सबै प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा गरिने | पटक | ० | ६ | ६ | ६ | ६ | ५९ | नगरपालिका |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | ० | १ | ० | ० | ० | २ | नगरपालिका |
| ३ | सहजकर्ताहरुको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन | पटक | ० | १ | ० | ० | ० | २ | नगरपालिका |
| ४ | प्रारम्भिक बालविकास केन्द्रमा थप जनशक्ति व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |
| ५ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | वा.वि.के | ५९ | ५९ | ५९ | ५९ | ५९ | ५९ | नगरपालिका |
| ६ | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास गर्दै आवश्यक वृत्ति विकासको अवसर मिलाउने | पटक | ० | १ | ० | ० | ० | २ | नगरपालिका |
| ७ | प्रारम्भिक बालविकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरूको पारिश्रमिक तथा सेवा सुविधा पुनरावलोकन | पटक | १ | ० | ० | ० | ० | २ | संघ/ नगरपालिका |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाहरूको सहभागितामूलक अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय सरोकारवाला |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालमा बहुदलीय ब्यबस्थाको पुनःस्थापना पश्चात सरकारी योजानामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहूँच अभिबृद्धिका लागि उच्च प्राथकिता पाउँदै आएको हुनाले सोको प्रतिफल स्वरुप यस नगरपालिकामा आधारभूत तहको शिक्षामा ९७ प्रतिशत भन्दा बढी आधारभूत शिक्षाको पहुँचमा रहेको देखिन्छ। त्यसकारण यो योजनाले पहुँचलाइ कायम राख्दै गुणस्तर बृद्धिमा जोड दिइएको छ।

विद्यालय शिक्षाको विकासमा भएका विभिन्न प्रयास तथा परियोजनाहरु मध्ये आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षा विकास परियोजना सेती परियोजना माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम,विद्यालय क्षेत्र सुधार योजना आदि धैरै परियोजनाहरु सन्चालन गरीए जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिबद्धि र शिक्षक ब्यबस्थापनमा तालिम अनिबार्य गरिएको हुनाले आधारभूत तहका शिक्षकहरुलाई ब्यापक तालिमको ब्यबस्था गरयो भने विद्यालयको समग्र भौतिक ब्यबस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक सँरचनाहरुको समेत उल्लेख्य विकास गरएिको छ। सन २०१५ पछाडि शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरु भएको देखिन्छ। हाल सँचालित विद्यालय क्षेत्र विकास कार्यक्रमले शैक्षिक गुणस्तरलाई जोड दिँदै सँरचनागत रुपमा परिवर्तन गरिएको छ। जस अन्तरगत ४ बर्ष उमेर समूहकालागि प्रारम्भिक वालविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहकालागि आधारभूत तह १ (कक्षा१देखि३) ८बर्ष देखि ९ बर्ष उमेर समूकालागि आधारभूत तह २ (कक्षा ४ र ५) १०देखि १२ बर्ष उमेर समूहकालागि आधारभूत तह ३ (कक्षा ६,७ र ८) रहेका छन। यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ।

नेपालमा शिक्षा विकासको क्रममा नेपालको संविधान २०७२को धारा ३१(१)मा नागरिकको मौलिकहकको रुपमा ब्यबस्था गरिएको छ। संविधानले सबैकालागि निःशुल्क तथा आधारभूत शिक्षा सुनिश्चित गर्नै प्रत्याभूति गरिएको सन्दर्भमा शिक्षा क्षेत्रको ब्यबस्थापन एवम सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम परिमार्जन आबश्यकता महसुस गरी संविधानले स्थानीय तहको अधिकारमा बढोत्तरी गरी विद्यालये शिक्षा ब्यबस्थापनमा तिनै तहको अधिकार सुनिश्चित गरी एकल अधिकार र संघ, प्रदेशको साझा अधिकार भित्र राखिए पनि सबै वालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छन। आधारभूत शिक्षाको लक्ष्य ४ बर्ष देखि १२ बर्ष उमेर समूहका सबै वालवालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम गुणस्तरीय आधारभुत शिक्षामा पहूँच सुनिश्चित गरी तिनको शारीरिक,सामाजिक,संवेगात्मक,संज्ञानात्मक ,आध्यामिक तथा नैतिक शिक्षाको विकास गराई जीवनउपयोगी सिप एवम मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधताबारे परिचित गराई अपाङ्गता तथा सिकाइ कठिनाइ भएका वालवालिकालाई शैक्षिक स्तर बृद्धिकालागि सँस्थागत सहयोग आबश्यक पर्ने हुँदा महालक्ष्मी नगपालिका सामाजिक समिति शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गर्दै माध्यमिक शिक्षामा प्रबेश गराई आबश्यकता अनुरुप निर्माण गरीएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नु सबैको समान दायित्व रहनेछ।

### ३.२.२ वर्तमान अवस्था

यस नगरपालिकाको शिक्षा शाखामा रहेको तथ्यांक अनुसार यस महालक्ष्मी नगरपालिकामा जम्मा ४८ विद्यालयहरु रहेकाछन्। जस मध्ये ४६ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयहरु रहेका छन्। अर्थात ९६ प्रतिशत सामुदायिक र ४ प्रतिशत संस्थागत विद्यालयहरु रहेकाछन्।

तालिकाः२६

| क्षेत्रहरु | आव ०७४/७५ | आव ०७५/७६ | आव ०७६/७७ | आव ०७७/७८ | आव ०८२\८३ |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय को संख्या | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| सस्थागत विद्यालयको संख्या | ३ | ३ | ३ | ३ | २ |
| कक्षा १-३ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | 881 | 915 | 839 | 887 | ११०७ |
| कक्षा १-८ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | 2503 | 2609 | 2365 | 2384 | ३०२७ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | 62.7 | 73.1 | 73.1 | 85.0 | ८०.४ |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | 96.8 | 97.8 | 97.8 | 77.9 | ८६.५ |
| आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | 98.2 | 98.2 | 98.2 | 98.2 | ११४ |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | 94.9 | 96.3 | 96.3 | 96.3 | ९५.५ |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | 96.8 | 97.3 | 97.5 | 97.3 | ८७.७ |
| समग्र सिकाइ उपलब्धि स्तर | 55 | 55.6 | 57.7 | 57.7 | - |
| कक्षा ५ सम्मको टिकाउदर | NA | NA | NA | 93.0 | ९७ |
| कक्षा ८ सम्मको टिकाउदर | NA | NA | NA | 87.1 | ८८ |
| आधारभूत तहमा महिला शिक्षक अनुपात | NA | NA | NA | NA | |
| आधारभूत तहमा  शिक्षक विद्यार्थी अनुपात | NA | NA | NA | 10 | |
| आधारभुत तहको आन्तरिक सक्षमता | NA | NA | NA | 80.9 | - |
| 2076 मा कक्षा ८ २.८ बाट ३.२ ग्रेड ल्याउने % | NA | NA | 29.5 | NA | |
| 2076 मा कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने % | NA | NA | 12.7 | NA | |
| 2076 मा कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने % | NA | NA | 1.5 | NA | |
| 2076 मा कक्षा ८ २.८ तलको ग्रेड ल्याउने % | NA | NA | 56.3 | NA | |

माथिको तालिकाको आधारमा आधारभूत शिक्षाको पहूँचमा भएको हाल सम्मको उपलब्धिलाई निरन्तरता दिँदै वर्तमान अवस्थाको समीक्षाको आधारमा देखिएका चुनौतीहरु पहिचान गरी गुणस्तरीय आधारभूत शिक्षाका लागि समून्नत, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अबसर प्राप्त स्वस्थ, मर्यादित उच्च जीवनस्तर सहितका शिक्षित सुखी नागरिक बसोबास गर्ने महालक्ष्मी नगरपालिका बनाउने सुन्दर लक्ष्यका साथ आगामी ५ बर्षका लागि यस महालक्ष्मी नगरपालिकाको शिक्षा विकासका उदेश्य, रणनीति,नतिजा र प्रमुख क्रियाकलापहरुसमेत उल्लेख गरी आधारभूत शिक्षाको १० बर्षे शिक्षा योजनाको अध्यावधिक गरि निर्माण

गरिएको छ। यस योजनाको सफल कार्यान्वयनबाट वालबालिकाको सर्वाङगीण विकासमा सहयोग पुग्नुका साथै सन् २०३० सम्ममा मध्यम आय वर्गका मुलुकहरुको स्तरमा पुग्ने राष्ट्रिय लक्ष्यलाई हासिल गराउन सहयोग पुग्ने विश्वासका साथ स्थानीय तह महालक्ष्मी नगरपालिकाको शैक्षिक क्षेत्र अन्तरगत आधारभूत तहको मार्गदर्शकको रुपमा यो १० बर्षे नगर शिक्षा योजनाको अध्यावधिक गरि तयार गरिएको हो।

### ३.२.३ चुनौती तथा अबसरहरु

महालक्ष्मी नगरपालिकामा अन्तरगत शैक्षिक सँस्थाहरुमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वशुलभता, पूर्वाधारहरुको समुचित ब्यबस्थापन,समन्यायिकता,सार्वजनिक शिक्षा प्रति चासो र विश्वास सहित आकर्षणमा बृद्धि, विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुन वितरण,शैक्षिक सुसाशन उतरदायित्व,ब्यबहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ,विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका भर्ना,कक्षा छाडने दर सून्य,अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरुलाई अबसरको रुपमा ग्रहण गर्न प्रमुख चुनौतीको रुपमा देखिन्छ।

महालक्ष्मी नगरपालिकाको शैक्षिक अवस्थाहरुलाई हेर्दा थुप्रै अबसरहरु देखिन्छन। नगरपालिकाले शैक्षिक नीतिमा दीर्घकालिन सोचका साथ शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै सुधारका अनेकौ कार्यक्रमहरु लागु गरिएको,शिक्षका तिन वटैतहका सरकारहरुले साझा अधिकारका क्षेत्रका रुपमारहेकाले आपसि साझेदारीमा लगानी अभिबृद्धि गरी शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने, आधारभूत तहमा हाल  कार्यान्वयनमा रहेको राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थीहरुमा आएको सिकाइ जागरुकता र अभिभावकहरुमा आएको अपनत्वको भावना एवम शिक्षकहरुमा पेसागत सिपमा आएको सिकाइ हस्तान्तरण गर्ने कलाले सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेच्छा बढदै जानु,शैक्षिक सूचाँकहरुको प्रगति सकारात्मक दिशा तिर जानु नगरपालिकाले शैक्षिक कार्य विधि तथा वर्तमान अवस्थाको पाश्र्वचित्र १० बर्षै शैक्षिक योजना निर्माण गरी अघि बढने नीतिले पन महालक्ष्मीको शैक्षिक उन्नयनका लागि महत्वपूर्ण अबसरहरु रहेका छन।

### ३.२.४ उद्देश्य

सबै बालवालिकाहरुका लागि  पहूँचमा निरन्तरता सहित समतामूलक  तथा गुणस्तरीय आधाभूत शिक्षाको सूनिश्चितता गर्नु।
महालक्ष्मी नगरपालिकाको १० बर्षे शिक्षा योजनाको आधारभूत तहका उदेश्यहरु निम्न अनुसार रहेका छन्।

- ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षामा समतामुलक पहुँच तथा सहभागिताको सुनिश्चितता गर्नु।
- आधारभूत तहका विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्नु।
- आधारभूत तह पूरा गर्ने बालबालिकाहरुको संख्यामा उल्लेखनीय सुधार ल्याउनु।
- सिकाइ सुधारको लागि शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु ।
- विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु।

### ३.२.५ रणनीति

- जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने छ।

- जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायत को सहयोग कार्यक्रम सञ्चालन गरिने छ।
- अति विपन्न बालबालिकालाई अभिभावकत्व ग्रहण गराइने छ।
- विद्यार्थीलाई टिकाइ राख्न दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ।
- छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउँदै थप प्रभावकारी बनाइने छ।
- उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिनेछ।
- बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ।
- प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यनत्तम भौतिक ब्यवस्था भवन शौचालय खानोपानीको ब्यवस्था अन्य सरकारहरुसँग पनि समन्वय गर्दै गरिने छ।
- सामान्य मर्मत संभार गरी ब्यवस्थापन गरिने भौतिका ब्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइने छ।
- भौतिका निर्माणको कार्यलाई आफ्नो विद्यालय आँफै बनाउँ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने छ।
- निर्माणात्मक मुल्यांकनको लागि मासिक टेस्ट लिदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने छ।
- शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने छ।
- शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिने छ।
- विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने छ।
- लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइ लाई उच्च प्राथामिकता प्रदान गरिने छ।
- शिक्षकले कक्षाकोठामा विताउने समय कार्याविधि कार्यान्वयनमा ल्याइने छ।
- सिकाइका लागि मूल्यांकन प्रणालीको आधारमा आधारभुत तह कक्षा १-३ को मुल्यांकन प्रणाली सञ्चालन गरिने छ।
- कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा ( Grading Test) सञ्चालन गरिनेछ।
- परीक्षाबाट प्राप्त अंकलाई विद्यालय स्तर तथा पालिका स्तरमा विश्लेषण समिक्षा सहित सुधार योजना तयार गरी लागु गरिनेछ।
- अभिभाबक सचेतना कार्यक्रम मार्फत अभिभाबक परिचालन गरिनेछ।

- हरेक चौमासिकमा सिकाइ लागि अभिभाबक सम्मेलन गरिनेछ।
- विद्यालयमा अभिभाबकहरुबाट दैनिक भम्रणको ब्यवस्था मिलाइनेछ।
- पालिकामा क्रमश निश्चित मापदण्डको आधारमा हरेक वडामा एक नमुना आधारभुत विद्यालय स्थापना गरिनेछ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई निरन्तर गरिनेछ।
- कक्षा ४ र ५ सम्मका बालबालिकाहरुकालागि पठन सीपमा आधारीत सिकाइ वातावरणकालागि छापामय कक्षाकोठा ब्यबस्थापन सुनिश्चित गर्दै समयानूकुल जीवनोपयोगी ब्यबहारिक गणितीय सिप सहितको अन्य विषयको शिक्षण सिकाइलाई सीप केन्द्रीत क्रियाकलापहरुलाई निरन्तरता दिइनेछ।
- कक्षा ६ देखि ८ सम्मका आधारभूत तह पुरा गर्ने प्रत्येक उमेर समुहका बालबालिकाहरुमा रहेको अन्तर निहित प्रतिभा समेतको अबसरलाई सुनिश्चित गर्दै भाषागत पठन सिपका आधारमा माध्यमिक शिक्षा प्रबेशकोलागि गुणस्तरीय ब्यबहारिक तथा गणीतीय सिप विकासको जीवन उपयोगी पक्षको सिकाइलाई सुनिश्चितताकालागि समयानुकुल विविध प्रविधि मैत्री क्रियाकलापहरुलाई निरन्तरता दिंदै अनिबार्य आधार शिक्षा प्रदान गरी माध्यमिक शिक्षामा प्रबेश गर्ने अबसर प्रदान गरिनेछ।
- छापामय कक्षा कोठा ब्यबस्थापन नभएका कक्षा १देखी ३ सम्मका बाँकी विद्यालयहरुलाई आगामी २ बर्ष भित्र कक्षा कोठा ब्यबस्थापनकालागि आबश्यक वजेट ब्यबस्थापन गरी पुर्ण गरिनेछ।
- स्थापना भएका कक्षा पुस्तकालय तथा बुक कर्नरमा नियमित पढाइ तथा स्वँयम सिकाइ एवम गणितीय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित ब्यबस्थापन तथा प्रयोगमा अनिबार्यता सो को अभिलेखिकरण गरिनेछ।
- प्रविधि मैत्री कक्षा कोठा ब्यबस्थापनकालागि प्रत्येक आधारभुत विद्यालयमा इन्टरनेट कम्प्युटरलगायतको सुविधा तथा अभिबृद्धिकालागि वजेट ब्यबस्थापन गरिनेछ।
- कक्षा १देखि ५ सम्मका बालबालिकाहरुको सिकाइ सहजीकरणकालागि आबश्यकताका आधारमा शैक्षिक सामाग्री ब्यबस्थापन शिर्षकमा अनुदानको ब्यबस्था गरिने छ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुकालागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिकालागि निरन्तर विद्यार्थी मूल्याङ्कन सहित पठनसिपमा आधारित एवम कक्षा ६ देखि ८ सम्मका बालबालिकाकालागि प्रविधि मैत्री सिकाइ सञ्चालन गरिनेछ।
- कक्षा १ देखि ५ सम्मका बालबालिकाकालागि पठन सिप विकासकालागि पालिका स्तरीय पढाइ मेला तथा प्रतियोगिता सच्चलानमा आबश्यक वजेट समेतको ब्यबस्थापनमा गरिने।
- पठन सिप सम्बन्धी अभिभावकहरुको जागरुक तथा सहयोग गर्नै आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गरिने

- विद्यार्थी सिकाइ स्तरको पहिचानकालागि पालिका स्तरीय सिविएग्रा सन्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम
- प्रारम्भिक कक्षाका सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गरी सोही अनूसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन गर्ने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरु बीच उमेर समुहका आधारमा लेखन सिप सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गरिने
- कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरुमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम विज्ञान गणित तथा सामाजिक विषय बस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामाग्री निर्माण सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गर्ने
- राष्टिय पाठयक्रम प्रारुप २०७६को कार्यान्वयन गरिने
- आधारभूत तहको स्थानीय पाठयक्रमको परिमार्जन र विकास तथा प्रयोग ........
- संघीय मादण्ड अनुसार यस नगरपालिकाले आबश्यक समन्वय गरी विद्यालय नकसाडकन गरी बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरुको पुन वितरण तथा संयोजन गरिने
- अनिबार्य आधारभुत शिक्षा कार्यान्वयन गर्न आबश्यक कानुन तर्जुमा गरी स्रोत ब्यबस्थापन मिलाइने।
- यस पालिका भित्रका आधारभुत तहमा उच्चतम सिकाइ उपलब्धि हासिल गराउन आबधिक रुपमा सिकाइको मूल्याङकन गरी विद्यार्थीको थप सिकाइकालागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिका प्रति जवाफदेही बनाइने छ
- सबै आधारभूत विद्यालयमा विशुद खानेपानी सौचालय भौतिक सुविधा बालमैत्री समाबेशी सुरक्षित सिकाइ बातावरण तयार गरिने
- सबै आधाभूत तहमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउन आबश्यक लगानीको प्रबन्ध गरिनेछ।
- विद्यालय ब्यबस्थापन समिति,शिक्षक अभिभभावक संघ पदाधिकारीहरुको क्षमता विकास एवम अभिभावक अभिमुखीकरण गरिनेछ।
- विद्यार्थीको पोषण तथा स्वास्थ्य सुधार गर्न विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तरीय निरन्तरता स्थानीय स्वास्थ्य इकाइको समन्वयमा विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सन्चालन गरिनेछ।
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थ्यकर दिवाखाजाको ब्यबस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।
- अभिभावक स्थानीय सरकार समेतको सहकार्यमा विद्यालय दिवाखाजा कार्यक्रम थप ब्यबस्थित गरिनेछ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ स्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गरी सुधारका क्षेत्रहरु पहिचान गरिनेछ।
- आधारभुत तहमा शिक्षक तयारी विकास एवम सहायता प्रणालीको ब्यबस्था गरिनेछ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

- अनिबार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरीय जनशक्तीको रुपमा माध्यमिक शिक्षामा शतप्रतिशत प्रबेश हुने

***प्रमुख नतिजाहरु***

- सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहूँचमा हुने ,
- आधारभूत तह पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि अनिबार्य हासिल गरेको हुने ।

**प्रमुख क्रियापलाप तथा लक्ष्यहरु** **तालिकाः२७**

| क्र.स. | मुख्य क्रियाकलापहरु | एकाइ | कार्यान्वयनका सम्बन्धित लक्ष्यहरु | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | कक्षा १ देखि ५ सम्मको बालबालिकाहरुका लागि बालमैत्री कक्षा व्यवस्थापन | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | १३ | नगरपालिका |
| २ | कक्षा ५ सम्मका बालबालिकाहरुका लागि भाषिक पठनसिप विकासका लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामाग्रीहरु सहित छापामय कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | १३ | नपा |
| ३ | छापामय कक्षा कोठा व्यवस्थापन नभएका कक्षा १ देखि ३ सम्मका बाँकी विद्यालय विद्यालयलाई आगामी २ वर्षभित्र छापामय कक्षा कोठा व्यवस्थापनका लागि आवश्यक वजेट व्यवस्थापन गरी पूर्णता | सङ्ख्या | १८ | १८ | | | | | स्तरउन्नति गरिने | नपा |
| ४ | स्थापना भएका कक्षा पुस्तकालय तथा वुक कर्नरमा नियमित पढाई तथा स्वयंम सिकाई एवम् गणितिय सिप विकास गर्ने सामाग्रीहरुलाई उचित व्यवस्थापन तथा प्रयोगमा अनिवार्यता सो को अभिलेखिकरण | सङ्ख्या | ८ | १० | १२ | १५ | ८ | ५३ | स्तर उन्नति गरिने | नपा |
| ५ | प्रविधिमैंत्री कक्षाकोठा व्यवस्थापनका लागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट कम्प्यूटर लगायतको सुविधा तथा अभिवृद्धिका लाग वजेट व्यवस्थापन | सङ्ख्या | २० | २० | १३ | | | ५३ | | |
| ६ | कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुको सिकाई सहजीकरणका लागि आवश्यकताका आधारमा शैक्षिक सामाग्री व्यवस्थापन शिर्षकमा अनुदानको व्यवस्था | | निरन्तर | | | | | | स्तर उन्नति गरिने | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | कक्षा १ देखि ३ समेमका बालबालिकाहरुका लागि क्रमिक रणनीतिका आधारमा र कक्षा ४ र ५ का बालबालिकाका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सहित पठनसिपमा आधारित एवम् कक्षा ६ देखि ८ सम्मका बालबालिकाहरुका लागि प्रविधि मैत्री सिकाई सञ्चालन | सङ्ख्या | १० | १० | १५ | १० | ८ | ५३ | | |
| ८ | कक्षा १ देखि ५ सम्मका बालबालिकाहरुका लागि पठन सिप विकासका लागि पालिका स्तरीय पढाई मेला तथा प्रतियोगिता सञ्चालन आवश्यक वजेट समेतको व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| ९ | पठन सिप सम्वन्धि अभिभावकहरुको जागरुक तथा सहयोग गर्ने आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| १० | विद्यार्थी सिकाइ स्तरको पहिचानकालागि पालिका स्तरीय cb-egra सञ्चालन र उत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | प्रारम्भिक कक्षाका सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी सोहीअनुसारको सिकाइ सहयोग सहजीकरणको प्रणाली कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | कक्षा ४ देखि ८ सम्मका बालबालिका हरु बीच उमेरसमूहका आधारमा लेखन सीप सम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १३ | कक्षा ४ देखि ८ सम्मका बालबालिकाहरुमा रहेको प्रतिभा पहिचान सम्बन्धी चित्र तथा हस्तकला एवम् विज्ञान गणित तथा सामाजिक विषयवस्तुमा आधारित निर्देशनात्मक तथा स्वतन्त्र सामग्री निर्माणसम्बन्धी पालिका स्तरीय प्रतियोगिता सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | संघीय मापदण्ड अनुसार यस नगरपालिकाले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयको पुनः वितरण तथा संयोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १५ | यसपालिका भित्रका आधारभूत तहमा उच्चतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको थप सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई पालिका प्रति जवाफदेही बनाइन कार्यसम्पादन करार | | | | | | | | | |
| १६ | सबै आधारभूत विद्यालयमा खानेपानी शौचालय भौतिक सुविधा वालमैत्री भौतिक संरचना निर्माण | संख्या | २ | ४ | ८ | १० | १० | ३४ | स्तरोन्नति | |
| १७ | सबै आधारभूत तहमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गराउन आवश्यक विद्यालय सहयोग कार्यक्रम | सङ्ख्या | ५ | १० | १० | १० | १० | ४५ | ८ | |
| १८ | विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास एवं अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा कक्षा (९-१२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिका क्षेत्रमा आधारभूत मूल्य र मान्यताको ज्ञान, सिप तथा दृष्टिकोण र व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ र यस तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। यही दृष्टिकोणमा आधारित भएर विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विकास भई सोही अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. सं. २०७७ बाट प्रारम्भ भएको छ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेस र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लेखित प्रावधानहरूले आम नागरिकका लागि गणुस्तयीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ।

राष्ट्रिय शिक्षा नीति ,२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, आत्मनिर्भरता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, सीप र प्रविधिका बारेमा अध्ययन-अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृध्दि गर्ने रणनीति लिएको छ। यसै अनुरूप यस महालक्ष्मी नगरपालिकाले पनि माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निशुल्क, बालमैत्री र समावेशी गराउने नीति लिएको छ।

### ३.३.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाभित्र हाल कक्षा १-१० सञ्चालित ६, कक्षा १-१२ सञ्चालित ११ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या १७ ओटा रहेका छन् जसमध्ये १ ओटा विद्यालयमा प्राविधिक धार अन्तर्गत पशुविज्ञान विषयको पठन-पाठन शैक्षिक सत्र २०७४ सम्ममा सञ्चालन भएको छ। त्यस्तै १ ओटा नमूना माध्यमिक विध्यालय सञ्चालनमा रहेको छ। माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर ५३.३० प्रतिशत रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ५०.०० प्रतिशत छात्रा र ५०.०० प्रतिशत नै छात्र, कक्षा ११-१२ मा ५६.४२ प्रतिशत छात्रा र ४३.५८ प्रतिशत छात्र रहेको अवस्था छ भने समग्र कक्षा ९-१२ मा ५२.६० प्रतिशत छात्रा र ४७.४० प्रतिशत छात्र रहेको अवस्था छ। साथै प्रविधिक धार सञ्चालित विद्यालयमा ४०.३८ प्रतिशत छात्रा र ५९.६२ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्ना दरमा लैङ्गिक समता सूचक १.०० र शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको छ। कक्षा १० को उत्तीर्ण दर ९५.६०, कक्षा १० मा कक्षा दोहोर्याउने दर ३.३० र कक्षा छोड्ने दर १.८० रहेको छ। यस नगरपालिकाभित्र माध्यमिक तह कक्षा ९-१२ मा जम्मा शिक्षक सङ्ख्या ६४ कार्यरत रहेका छन् जसमध्ये १७.०० प्रतिशत महिला शिक्षक रहेका छन्। (स्रोत: महालक्ष्मी नगरपालिका पार्श्वचित्र 2)

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरु

१. निःशुल्क माध्यमिक शिक्षलाई पहुँचयोग्य बनाई कार्यान्वयन गर्ने।

२. माध्यमिक तहमा प्राविधिक तथा ब्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने ।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने ।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने ।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित बनाई व्यवस्थित गर्ने ।
७. विद्यालय शिक्षालाई समावेशी र समतामुलक बनाउने ।
८. विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने ।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने ।

### ३.३.३ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु ।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
३. माध्यमिक शिक्षामा खुद भर्ना,उत्तीर्ण दर तथा टिकाउ दर बढाउने, कक्षा छोड्ने र दोहोर्याउने दर घटाउनु ।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिने छ

१. विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाहरूको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गरिने छ ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिने छ ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा सम्भाव्य थप क्षेत्रहरू समेटिने छ ।
४. माध्यमिक तहको आवासीय विद्यालय विस्तार गरिने छ ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको पहुँच बढाइने छ ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र. अ. व्यवस्थापन गरिने छ ।
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइने छ ।
८. सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान तथा प्रविधि विषय अध्यापनका लागि पूर्वाधार र क्षमता विकास गरिने छ ।
९. आवश्यकताका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गरिने छ ।
१०. विद्यालयहरूलाई अनुगमन सहायता पर्याप्त गरिने छ ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**नतिजा**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्याउने दरमा कमी आउने।

२. सबै माध्यमिक विद्यालयहरू आधारभूत मापदण्ड पूरा गरेको हुने।

३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।

४. माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने।

५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।

६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र. अ. व्यवस्थापन हुने।

७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

**मुख्य क्रियाकलापहरू तथा लक्ष्य**

तालिका.२८ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | १ | | | | | १ | नगरपालिका |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | २ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | २ | ४ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | १ | १ | | १ | | ४ | नगरपालिका |
| ५ | आवयकता अनुसार स्कुल बसको व्यवस्था तथा शिक्षामा वैकल्पिक उपायहरूको प्रबन्ध | संख्या | १ | १ | १ | १ | | ५ | नगरपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पुर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, सुधार | पटक | १ | १ | १ | १ | १ | ७ | नगरपालिका |
| ७ | नमूना माध्यमिक विद्यालय विकास | संख्या | | १ | | | १ | १ | नगरपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ९ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| १० | ऐन कानुनमा आधारित प्र. अ. व्यवस्थापन | पटक | | १ | | | | २ | नगरपालिका |
| ११ | माध्यमिक शिक्षक क्षमता विकास कार्यक्रम | पटक | | १ | | | | २ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यार्थीमा रहेका प्रतिभा पहिचान सम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| १३ | अन्तर मा.वि. भ्रमण र अनुभव आदान प्रदान तथा सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| १४ | नजिकका विद्यालयहरुको स्तरोन्नतिका लागि नेतृत्व विकास कार्यक्रम | निरन्तर | | | | | | | नपा र विद्यालय |
| १५ | लोपोन्मुख तथा सिमान्तकृत (माझी लगायत) जातीका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि कार्यक्रम | निरन्तर | | | | | | | नगरपालिका |
| १६ | कक्षा ११ र १२ मा विज्ञान शिक्षा(Education Science) विषय अध्ययनका लागि सहयोग कार्यक्रम | सङ्ख्या | १ | | | | १ | | नगरपालिका |

### ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

- महालक्ष्मी नगरपालिका भरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सेवा दिने कुनै पनि संघ /सँस्था नरहेका।
- दिगो तथासम्मानित रोजगारीका लागि सिप परियोजना (INSURE) ले यस नगरपालिकाका युबाहरुका लागि १० महिने लेभल-२ को प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको सहयोग गर्दै आएको।जस अनुसार आ.व. २०७९/०८० मा २० जना ,आ.ब. २०८०/०८१ मा ४० जना र आ.ब. २०८१/०८२ मा ४० जनाले कुक,विल्डिंङ इलेक्ट्रिसियन र कम्प्युटर हार्डवेयर एण्ड नेटवर्किङमा तालिमको अवसर पाएका छन्।
- प्राविधिक तथा व्यवसायिक तालिमहरुका लागि प्रचार,प्रसार गरिएको, विज्ञापन गरिएको तर पर्याप्त निवेदन नपरेको अवस्था देखिन्छ।
- प्राविधिक तथा व्यवसायिक तालिमहरुका सहभागीहरु वीचैमा छोड्ने र पूरा समय तालिममा नरहने देखिएको छ।
- स्थानीय तहले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा छात्रवृत्तिको समेत व्यवस्था पनि गर्ने गरेको छ।

### ३.४.२ प्रमुख समस्या र चुनौति

**चुनौति**

- तालिम प्राप्तहरु सबैलाई रोजगारीको अवसर उपलब्ध गराउन नसक्नु,
- प्राविधिक तथा व्यवसायिक तालिमबाट पाउन सक्ने रोजगारीले सम्मान पाउन नसक्नु,
- प्राविधिक तथा व्यवसायिक तालिम अवधिभर सबैलाई टिकाउन नसक्नु,
- यस प्रकारका तालिमका सहभागीहरु प्रायः कमजोर आर्थिक स्थितिका भएकाले र दैनिक मजदुरीबाट गुजारा गर्नुपर्ने भएकोले सहभागी जुटाउन नसक्नु र जुटेकोमा पनि टिकाउन नसक्नु।
- आर्थिक अवस्था कमजोर भएका सहभागीहरुका लागि पर्याप्त छात्रवृत्तिको प्रबन्ध गर्न नसक्नु।

### ३.४.३ उद्देश्य

१. लक्षित समूहका सबै नागरिकहरुका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर सुनिश्चित गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउनु,
३. प्राविधिक तथा सिपमूलक शिक्षामा जोड दिनु,
४. प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्नु।

### ३.४.४ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ५% प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित गर्ने ,
२. समयसापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको विस्तार गर्ने ।

३. स्थानीय पाठ्यक्रममा सिप र व्यवसायमूलक विषयहरु समावेश गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने छन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

**तालिकाः२९**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | - | ० | -- | - | - | १ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | - | ४० | ४० | ४० | ४० | ४० |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य** **तालिकाः३०**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | जम्मा | | |
| | तालिम सञ्चालन | | | | | | | | | |
| ३ | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.५ अनौपचारिक शिक्षा र निरन्तर सिकाइ

### ३.५.१ परिचयः

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसरी सरकारले साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरता स्वयम्सेवक परिचालन गर्ने नीति लिएको छ ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो । अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ । जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाई केन्द्रको अवधारणा कार्यान्वयनमा आएको छ । तर एकातिर संचालनमा रहेका सिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरुपनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको छ ।

राज्यले काम दिन नसक्दा र सामुदायिक सिकाई केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिक सिकाई केन्द्रहरु बन्द हुने अवस्थामा छन् । दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने विषयमा नेपालले प्रतिबद्धता जाहेर गरे को छ । तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनु पर्ने दायित्व राज्यमा निहित रहेको छ ।

वि.स. २०७५ बैशाख १ गतेदेखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा नीजि क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न नपाउने व्यवस्था छ । त्यसैगरी कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक, सेयरधनी, संचालक वा सदस्य वा कुनै पदाधिकारी हुन पाइदैन । ऐन प्रारम्भ हुनु अघि नै १२ बर्ष पूरा नभइसकेको वा कुनै पदमा बहाल भइसकेको, निर्वाचित, मनोनयन वा कार्यरत रहेको वा प्राप्त गरीसकेको वा भोगिसकेको सुविधाका हकमा लागू हुनेछैन भनिएको छ । कमजोर स्वास्थ्य वा बहुअपाङ्गता वा यस्तै अन्य कुनै जटिल कारणले शिक्षा लिन नसके का व्यक्तिको हकमा यो ऐन लागु हुनेछैन भनी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ मा उल्ले ख गरेको पाइन्छ ।

### ३.५.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपलिका भित्र रहेका (साविकका ६ वटै गा वि स) डाँडागाउँ चानुवा मारेककटहरे लेगुवा अखौंले जितपुर र मुर्तिढुङ्गामा विगतका समयमा नै प्रौढ शिक्षा संचालन भएको साथै यस पालिका भित्र ३ वटा सामुदायिक अध्ययन केन्द्र संचालनमा रहेका छन् जसले अनौपचारिक शिक्षा निरन्तर सिकाईका बारेमा कार्य गर्दै आएका छन् । यस महालक्ष्मी नगरपालिकाको २०६८ सालको जनगणना अनुसार ५ वर्ष माथिको जनसङ्ख्या मध्ये पुरुष ९०४५ रहेको र महिला ११०६० रहेको छ । जस मध्ये पुरुष ८४४१ जना (८३.०६%) साक्षर र ७९८७ जना महिला (६४.७२%) साक्षर रहेका छन् । साथै १५९७ जना पुरुष(१६.९४%) र ४२०३ जना महिला (३५.२८%) निरक्षर रहेका छन् । समग्रमा यस पालिका भित्र ५ वर्ष माथिको २४,८०० जना मध्ये ५,८०० जना अर्थात २३.३८% मानिस निरक्षर रहेका छन् । (श्रोत- नगर शिक्षा पार्श्वचित्र २०७७)

### ३.५.३ अवसर र चुनौति

अनौपचारीक शिक्षालाई निरक्षरता उन्मुलन गर्ने महत्वपूर्ण विधिका रुपमा नेपालमा प्रयोगमा ल्याईराखिएको छ । महालक्ष्मी नगरपालिकामा ३ ओटा सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरता तथा निरन्तर शिक्षा सञ्चालन गरी नगरपालिकाका करिव ५००० निरक्षर मानिसहरुलाई साक्षर वनाई मोवाईल फोनको प्रयोग सामान्य दैनिक जिवनका हिसावकितावहरु सामान्य लेखपढहरु तथा हस्ताक्षर गर्न नगरवासिलाई सक्षम वनाउने अवसर रहेको छ । यस्तो अवसरहरु हुँदाहुँदै निम्नानुसारका चुनौतिहरु विद्यमान रहेका छन् ।

- सम्पुर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरिकलाई शिक्षित बनाउनु,
- अनौपचारिक ढंगले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमुलक र जिवन उपयोगि शिक्षा प्रदान गर्नु।
- औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई सिकाईको सहज र सर्वसुलभ पँहुच निश्चित गरी खुला शिक्षाको पहुच बृदि गरी ब्यबहारिक तथासिपयुक्त बनाउनु।
- सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु,
- साक्षरता निरन्तर सिकाई सिपमुलक सिप तथा समय सापेक्ष सूचना र प्रविधियुक्त साक्षरता कक्षा संचालन,
- पाठ्यसामाग्रीको विकास,
- सहजकर्ता (परिचालिका) क्षमताको विकास,
- व्यक्तित्व विकासकालागि सामुदायिक सूचना केन्द्र सामुदायिक अध्ययन केन्द्र घुम्ति पुस्तकालय स्थापना,गरी अध्ययनलाई सहज बनाउनु ।

### ३.५.४ उद्देश्यहरु

- सामुदायिक सिकाई केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधूरी सर्वेक्षण गर्ने ।
- सामुदायिक सिकाई केन्द्रलाई शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने ।
- निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउने ।
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रमहरु सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्ने ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरुलाई जीवनोपयोगी सीपको विकास गरी सिकाईमा निरन्तर सहयोग पु¥याउने ।
- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरुलाई वैकल्पिक कक्षा मार्फत् सिकाई गरी, खुल्ला विद्यालय, रात्री विद्यालय वा साधारण विद्यालयको प्रवाहमा समाहित गर्ने ।
- प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरी, महिलाहरुलाई महिला विद्यालय, खुल्ला विद्यालय, रात्री विद्यालय मार्फत विद्यालयको प्रवाहमा प्रवेश गराउने ।
- सामुदायिक सिकाई केन्द्रको क्षमता अभिबृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- सामुदायिक सिकाई केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

तालिकाः३१

| क्र .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्ण साक्षर पालिका घोषणाका लागि तथ्याङ्क संकलन | पटक | | १ | | | | | |
| २ | पूर्ण साक्षर पालिका घोषणा कार्यक्रम | | | १ | | | | | |
| ३ | सिप परिक्षणको आधारमा साक्षरता तह निर्धारण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | CLC सवलिकरण तथा परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | प्रस्तावनाको आधारमा CLC लाई साक्षरता र आयआर्जन परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | माध्यमिक विद्यालय तहका विद्यार्थीहरुलाई निरन्तर सिकाईका लागी परिचालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम ,पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देशन नै पाठ्क्रम हो । मानव जीवनका व्यवहारीक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्क्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन समकालीन समाजका वास्तविकताहरु सिकाइ प्रक्रिया एव विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी वालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्क्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ । निर्धारीत सिकाइ उपलव्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभव हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो ।यसमा विभिन्न व्यक्ति समुहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ ।समयसापेक्ष हुनुपर्छ ।जनचाहाना पुरा गर्न सिक्नुपर्दछ ।कक्षाकोठा वातावरण अनुकुल हुनुपर्छ ।व्यवहार योग्य प्रयोग योग्य पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयको रुपमा पर्छ ।पाठ्यक्रम समावेशी हुनुपर्छ ।यसले सवैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागीताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन व्यवस्थापन र कार्यान्वयन गरीनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीका के कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने के कस्ता क्रियाकलापका माध्यामवाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपुर्ण आधार हो ।

### ४.१.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाले हालसम्म नेपाल सरकारवाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ । गत शैक्षिक सत्र २०७७ देखि यस पालिकाले आधारभुत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी चालू शैक्षिक सत्रमा कक्षा १, २, ३ र ६ मा लागू समेत गरिसकिएको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्याइ वालवालिकाहरुलाई आफ्नो परिवेश अनुकुलको विषयवस्तुमा सहज तरीकाले परिचित हुन सहयोग पुर्याउछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरु समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभुत तहमा स्थानीय कला सँस्कृति, भाषा, इतिहास ,परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षामा विषयवस्तुलाई यथासम्भव स्थानीय परीवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रत्येक विषयमा विषयवस्तुको स्वरुपअनुसार प्रयोगात्मक कार्य परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारीक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने ,सूचना तथा सञ्चार

प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रुपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रुपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा लिई सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभुत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभुत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभुत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभुत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ।कक्षा ८को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ।कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

### ४.१.३ अवसर र चुनौतीः

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरूलाई स्थानीय स्तरमा समेट्नका लागि स्थानीय पाठ्यक्रम निर्माण अवसरको विषय हो। स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय बस्तु तथा स्थानीयस्तरमा भएका पेसा, व्यवसाय, भाषा, धर्म, सँस्कार र सँस्कृतिलाई समावेश गरी बालबालिकाहरुमा सो सम्बन्धी सीप विकास गर्नका लागि महालक्ष्मी नगरपालिकामा पनि यो पाठ्यक्रम निर्माणको कार्य आफैँ गर्ने र सो पाठ्यक्रमको मूल्याङ्कन कसरी गर्ने भन्ने विषयको मापदण्ड निर्धारण गर्ने कार्य भएको छ जुन महालक्ष्मी नगरपालिकाका लागि अवसरको रहेको छ। सो पाठ्यक्रम अनुसार पाठ्यसामग्री निर्माण पनि आफै गर्न पाउनु महालक्ष्मीका लागि सुनौलो अवसर रहेको छ । यति हुँदाहुँदै पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकासमा सहयोग।
२. प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा बहुभाषाको प्रयोग।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सुचाना प्रविधिको प्रयोग।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपुर्ण सहभागीता।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
७. स्थानीय पाठ्यक्रम कार्यान्वायन।
८. निरन्तर विद्यार्थी मूल्याङ्कनको सही प्रयोग।

### ४.१.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध महालक्ष्मी निर्माणका लागि सक्षम सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।

३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

४. स्थानीय पाठ्यक्रम मार्फत आफ्नो नगरका सबै पक्षलाई राम्रो सँग पहिचान गर्न सहयोग गर्नु।

### ४.१.५ रणनीतिहरु

निर्धारित उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्वन गरिनेछः

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध महालक्ष्मी निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारीत बनाइनेछ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागीतामुलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेहि बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अबलम्वन गरी परीक्षणका रुपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारीताका आधारमा निरन्तरता प्रदान गरिनेछ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत महामारी तथा सङ्कट व्यवस्थापन न्युनीकरण गर्न प्रारम्भिक कक्षा देखि नै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
४. विपत महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोगमा जोड दिइनेछ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइनेछ।
६. अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ अवसर बृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारीत साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरुको विकास र प्रयोगलाई प्राथमीकताका साथ कार्यान्वयनमा ल्याइनेछ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारीताका साथ कार्यान्वयन गरिनेछ।
८. आधारभुत तहको कक्षा १, ५ र ८को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरिनेछ।

### ४.१.६ उपलव्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलव्धि**

विद्यालय तहमा  रहको आधारभुत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनमा लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरु समावेश हुने स्थानीय कला सँस्कृति भाषा इतिहास परम्परा सिप तथा ज्ञान  सकारात्मक सोच भएको निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग गर्ने।

**नतिजा**

१. आधारभुत तहको स्थानीय पाठ्क्रम २०७८ देखि लागू गरी २०७९ देखि पूर्ण कार्यान्वयन हुने।
२. कक्षा १-५ मा आवश्यतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।
४. शिक्षण सिकाइ क्रियाकलाप वाल मैत्री अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारीत हुने।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयीका निर्माण गरी लागू हुने।

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

तालिका ३२ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | कक्षा | १,२,३ र ६ कक्षामा | बाँकी सबै कक्षामा | | | | | |
| २ | प्रभावकारी पा.पु प्रयोग र व्यवस्थापन | निरन्तर | | | | | | | नपा |
| ३ | १,५ र ८ कक्षामा नपा स्तरीय परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |
| ४ | कक्षा १,२,३ मा CBEGRA सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |
| ५ | प्रारम्भिक कक्षामा गणितीय सिप | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |
| ६ | निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारि कार्यान्वयन सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |
| ७ | पाठ्यक्रम तथा शैक्षिक सामग्री विकासका लागि सरोकारवालको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |

## ४.२ शिक्षक व्यवस्थापन र पेशागत विकास

### ४.२.१ परिचय

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षककहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । वर्तमान समयका शिक्षककहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशा प्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरीएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस महालक्ष्मी गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

#### शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७–२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टी हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी  भएको छ।

#### शिक्षक तयारी

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ। शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। यसै गरी माध्यमिक

तह कक्षा ११–१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ।

## शिक्षणसिकाइ क्रियाकलाप

कुनै पनि विषयवस्तु विद्यार्थीसमक्ष पुर्याउँदा जे जस्ता विधि वा माध्यम अपनाइन्छ, तिनले अपेक्षित उद्देश्य परिपूर्तिमा सघाउनु पर्दछ। कुनै पनि शिक्षण विधि शिक्षकले प्रयोग गर्ने तौरतरिका वा विषयवस्तुको स्वरुपमा भर पर्दछ। शिक्षण विधि छनौट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित खालको अर्थात बालकेन्द्रित विधि अपनाउनुपर्छ, जसमा बढी भन्दा बढी विद्यार्थीको सहभागिता रहोस। शिक्षण विधिको चयन गर्दा मुख्य रुपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरुको तहगत स्तर, विषयवस्तुको प्रकृति र स्वरुप आदिका आधारमा छनौट गर्नु पर्छ।

बालबालिकाको सिकाइ उपलब्धि मूलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षणसिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना, परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षणसिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्।

## शिक्षक पेशागत सहयोग पद्धति

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सँगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१–१९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक शिक्षा परियोजना (२०४२–०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४–१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना–पहिलो (२०४९–०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना–दोस्रो (२०५६–०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२–१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३–२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२–२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७÷०६८–२०७२÷०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३÷०७४–२०७७÷०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन्।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमशः तिनको सङ्ख्या विस्तार गरी १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

## शिक्षक पेशागत सहयोग

स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तक्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए। यस नगरपालिका भित्र ४ वटा श्रोतकेन्द्र (मारेक कटहरे, चानुना, जितपुर र सिधुवा स्रोतकेन्द्रको केही भाग मुर्तिढुँगा) सञ्चालनमा थिए। संघीयताको कार्यान्वयन पश्चात् स्रोतकेन्द्रको अवधारणा समाप्त भएकोले सो क्षेत्रका स्रोतकेन्द्रहरु महालक्ष्मी नगरपालिका अन्तर्गत शिक्षा शाखामा समाहित भइ स्रोतकेन्द्र मार्फत सञ्चालित क्रियाकलापहरु कार्यान्यिन भईरहेका छन्।

## शिक्षक क्षमता विकास कार्यक्रम

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरिपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरी शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

## शिक्षक उत्तरदायित्व

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छन्। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक÷प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ।

## शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस नगरपालिकाको शिक्षक विद्यार्थी अनपुातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक १६ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा २४ जना र समग्रमा १८ जना रहेका छन् । त्यसमा पनि कक्षा १–५ मा प्रति शिक्षक १२ जना मात्र विद्यार्थी पर्दछन् । यस नगरपालिकामा मिति २०७८ जेष्ठ १५ सम्म सामुदायिक तर्फ कूल २९५ जना शिक्षक दरबन्दी रहेको छ । जम्मा शिक्षक संख्याको ७८ प्रतिशत शिक्षक आधारभूत तहमा छन् भने माध्यमिक तहमा २२ प्रतिशत मात्र रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा २९ प्रतिशत र माध्यमिक तहमा १७ प्रतिशत महिला शिक्षक रहेका छन् । यस नगरपालिका बाट व्यवस्था गरीएका बाल विकास सहजकर्ताको संख्या ५ रहेको छ ।

### ४.२.३. अवसर र चुनौतीः

नगरपालिकाले आधारभूत तह (कक्षा १–५) मा बढी भएका शिक्षक दरबन्दीलाई आधारभूत तह कक्षा (६–८) मा समायोजन तथा दरबन्दी मिलान, दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७५ अनुसार गरेको छ । जसअनुसार कूल १३ जना दरबन्दी लाई नि.मा.वि. तहको दरबन्दीमा गणना गरी नपुग २६ वटा दरबन्दी नि.मा.वि., मा. वि. र उच्च मा. वि. तहमा समायोजन हुने गरी जिल्लाका अन्य पालिकाबाट यस नगरपालिकामा थप हुने देखिन्छ । यस नगरपालिकामा शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु निम्न बमोजिम छन् ।

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु ।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु ।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्नु ।
६. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयं सेवक सूची प्रकाशन गर्नु ।
७. शिक्षणलाई प्रविधिमैत्री बनाउन उपयुक्त समयमा तालिमको व्यवस्था गर्नु ।
८. तहगत, योग्यता र तालिम भएको प्रधानाध्यापकको सबै विद्यालयहरुमा दरबन्दीको व्यवस्था गर्नु ।
९. तहगत शिक्षक दरबन्दी मिलान र व्यवस्थापन गर्नु।
१०. विद्यालय सुपरीवेक्षण र अनुगमन प्राथमिकता दिनु ।
११. शैक्षिक तथ्याङ्कहरुको व्यवस्थापनमा कमी हुनु ।
१२. शिक्षामा न्यून बजेट विनियोजन हुनु ।
१३. शिक्षकहरुको आकर्षक सुविधा नहुनु ।
१४. संस्थागत रुपमा सञ्चालित विद्यालयका शिक्षकहरुलाई तालिमको व्यवस्था नहुनु।

### ४.२.४ उद्देश्य

- सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्नु,
- शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
- विषयवस्तुमा निपुर्ण शिक्षकको सुनिश्चितता गर्नु,
- सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु।

### ४.२.५ रणनीतिहरू

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, पुनर्वितरण तथा थप गरिनेछ,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा करार शिक्षक नियुक्ति गरिनेछ,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइनेछ,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ,
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिनेछ,
- शैक्षिक सुधारकालागि नगरपालिकाले प्रधानाध्यापकलाई र प्रधानाध्यापकले विद्यालयका सम्पूर्ण शिक्षकलाई कार्य सम्पादन करार गराउनेछ

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- योग्य, सक्षम, सन्तुष्ट, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

**प्रमुख नतिजाः**

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने ,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान \पुनर्वितरण हुने ,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुने ,

तालिका नं. ३३ शिक्षकको क्षमता विकास र व्यवस्थापन

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५ वर्ष | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | न्यून तलव भएका शिक्षक तथा कर्मचारीहरुलाई प्रोत्साहन सहयोग कार्यक्रम | जना | १३४ | १३४ | १३४ | १३४ | १३४ | १३४ | |
| २ | विषयगत शिक्षक अभावलाई कम गर्न उच्च शिक्षासँग समन्वय गरी आवश्यक संकायहरु थप गर्ने | सङ्ख्या | १ | | | | १ | २ | |
| ३ | अपुग शिक्षक भएको विद्यालयमा संवयंसेवक शिक्षक नियुक्त | आवश्यकता अनुसार | | | | | | | |
| ४ | पालिका स्तरमा खाली रहेको दरवन्दीलाई नक्साङ्कन गरी शिक्षक नियक्ति गर्ने | आवश्यकता अनुसार | | | | | | | |
| ५ | आवश्यकताअनुसार र मागको आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने | आवश्यकता अनुसार | | | | | | | |
| ६ | पालिका स्तरीय शिक्षक सम्मेलन आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | नपा |
| ७ | शिक्षकको पेशागत सहयोगका लागि स्थानीयय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | निरन्तर | | | | | | | |
| ८ | सवै प्रकारका शिक्षक कर्मचारीमा का. स. मू. लागू गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | उपचारात्मक शिक्षण सिकाई कार्यक्रम सञ्चालन | आवश्यकता अनुसार | | | | | | | |
| १० | पालिकागत विषयगत शिक्षक संजाल निर्माण परिचालन विद्यालय सिकाईमा आवद्धता कार्यक्रम संचालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ११ | प्रविधिमैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण विधिमा शिक्षण क्रियाकलाप संचालन | निरन्तर | | | | | | | |
| १२ | वर्षको एकपटक शिक्षण सिकाई अनुभव तथा अनुसन्धानको आदान प्रदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | शिक्षक प्रतिभा प्रतिस्पर्धा | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका आधारमा सामजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ। भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच सुनिश्चित गरी सहभागी बनाउन थप प्रयास आवश्यक छ।

उल्लिखित विविधता भएको नेपाली समाजमा विविधतालाई पहिचान दिनु, सम्मान गर्नु सेलिब्रेसन गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका उल्लिखित लगायतका भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता (equity) कायम गर्नु आवश्यक छ। यस्तो समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। समता अभिवृद्धिसहित विविधतालाई समावेश गर्न (inclusion) प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्त्व दिएको महसुस गर्नु पर्दछ। यस प्रकार शिक्षामा विविधता (diversity), समता (equity) र समावेशिता (inclusion) को प्रवर्धन गर्नु आवश्यक छ। यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ । विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु पर्दछ। यस्ता बाधाहरूमा समुदाय तथा परिवशअनुसार भिन्नता हुनसक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरू भौतिक तथा स्रोत सामग्रीसँग सम्बन्धित हुन सक्दछन् भने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुनसक्दछन्। कतिपय बाधाहरू संरचनागत पनि हुन सक्दछन्।

यस परिच्छेदमा विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरी त्यसमा देखिएका अन्तरहरू (gaps) का आधारमा चुनौतीहरू पहिचान गरिएको छ। यसमा देखिएका अन्तर तथा चुनौतीहरू हटाई विविधता अनुकूल हुनेगरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरूसमेत उल्लेख गरिएको छ।

समता तथा समावेशिता सम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षा लगायत अन्य सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरिएको भए पनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धित महत्त्वपूर्ण विषयका रूपमा यसलाई यस परिच्छेदमा अलग्गै प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरिएको छ। त्यसैले अन्य खण्डमा समावेश भएका रणनीति तथा क्रियाकलापहरूले सम्बन्धित उपक्षेत्रका समग्र क्रियाकलापलाई सङ्गठित र अन्तरसम्बन्धित गर्न सहयोग गरे तापनि समता तथा समावेशिता सम्बन्धी समग्र योजना विकास गरी अरु उपक्षेत्रसँग सम्बन्धित गराउन यसले सहयोग गर्नेछ।

महालक्ष्मी नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ । ब्राह्मण-क्षेत्रीको मुख्य बसोबास रहेको यस क्षेत्रमा तामाङ, नेवार, मगर, गुरूङ, माझी तथा दलित समुदाय छन् । जुन प्रतिनिधित्व विद्यालयमा हुने गर्दछ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको शिक्षामा बालिका तथा महिलाहरू र अपाङ्गता भएकाहरूका लागि केही विशेष प्रबन्ध स्वरूप वि.सं. २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि. सं. २०२१ मा लेबोरेटरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि. सं. २०२५ देखि खगेन्द्रबहादुर बस्नेतको अगुवाइमा सुरु भएको नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरूको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरूका लागि पनि आवासीय प्रबन्धको सुरुआत भएको थियो । अपाङ्गता भएका व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्धसहित यो नेपाल अपाङ्ग अन्ध संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रका रूपमा स्थापित भई हाल काठमाडौँको जोरपाटीमा सञ्चालन भइरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद् गठन भई अपाङ्गता भएकाहरूको शिक्षाका लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालिका तथा महिला शिक्षामा वि.सं. को २०५० को दशकदेखि केही प्रोत्साहनमूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले बञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागितका लागि वि.सं. २०५० को दशकदेखि केही योजनावद्ध प्रयास सुरु भएको थियो ।

समतामूलक एवं समावेशी शिक्षाका लागि नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्नेसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरू , १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३-२००२, सालामान्का घोषणा ,१९९४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९, तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि सन् ,२००६ आदिमा प्रतिबद्धता जनाएको छ । यी सम्पूर्ण महासन्धि एवं घोषणापत्रहरूले अपाङ्गता भएका व्यक्तिलगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाका राष्ट्रिय कार्यक्रमको मूलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन् । विशेषगरी संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसदले अनुमोदन समेत गरीसकेको छ ।

खासगरी सबैका लागि शिक्षाको डकार घोषणापत्र र तदनुसार नेपालले बनाएको राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्नका लागि समावेशीकरणको अवधारणा सहित पहुँच विस्तारमा जोड दिई छात्रवृत्ति लगायत प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै महिला शिक्षक नियुक्तिबाट प्रारम्भ भएको आरक्षणलाई कानुनी मान्यतासहित महिला, जनजाति, दलित, मधेशी र दुर्गम क्षेत्रका लागि शिक्षक नियुक्तिमा निश्चित प्रतिशत आरक्षणको प्रबन्ध भएको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ,२०७५, अपाङ्गता भएका

व्यक्तिको अधिकारसम्बन्धी ऐन ,२०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ। विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयवाट बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ। अपाङ्गता भएका बालबालिका छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको तथ्याङ्कले देखाएको भए तापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरू गर्नु पर्ने देखिएको छ। यसै सम्बन्धमा दिगो विकास लक्ष्य ४ ले समावेशिता र समतालाई विशेष जोड़ दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लिखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । त्यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति विद्यालय तहमा महिलालगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिकलगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको, स्थानीय भाषा, संस्कृति, इतिहास, ज्ञान तथा सिपलाई विद्यालय शिक्षामा समावेश गर्न स्थानीय पाठ्यक्रम तथा सिकाइ क्रियाकलापलाई स्थानीयकरण गर्ने प्रबन्ध, परम्परागत सिकाइ पद्धति र औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्ने नीति बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिएको छ। बालबालिकाहरूको गुनासो तथा सुझावहरू लिखित तथा मौखिक रूपमा सुन्नका लागि लैङ्गिक सम्पर्क विन्दु र विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था, समावेशीकरण र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरीएका छन्।

विद्यालय क्षेत्र विकास योजनाले अर्थपूर्ण पहुँचमा, कार्यमूलक सहभागितामा र अर्थपूर्ण सिकाइ उपलब्धिमा समता गरी तीन ओटा क्षेत्र पहिचान गरेको छ। पहुँच सुनिश्चित गर्नु भनेको विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सौहार्द्र विद्यालय वातावरणमा स्वागत गर्नु हो भने सहभागिता भनेको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीकार्य हुनु हो। सिकाइ उपलब्धि भन्नाले बालबालिकाले आवश्यकता अनुसारको जीविकोपार्जन तथा जीवनोपयोगी सीप सिक्नु हो । लिङ्ग, सामाजिक आर्थिक अवस्था, भौगोलिक अवस्थिति, स्वास्थ्य तथा पोषणको स्थिति, अपाङ्गता, जातजाति, भाषा र सङ्कटासन्न अवस्थाका बालबालिकालाई समता सुदृढीकरणका लागि लक्षित समूह मानेको छ।
यस नगरपिलकाको आधारभूत तह कक्षा १-८ र माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर क्रमशः ९७.५ र ५३.३ पुगेको, माध्यमिक तहमा लैङ्गिक समता सूचक समदरमा पुगेको र आधारभूत तथा माध्यमिक तह पूरा गर्ने दर बिगतको तुलनामा बढेको छ। हाल देशभर ३८० ओटा स्रोतकक्षा तथा ३३ ओटा विशेष विद्यालय र २३ ओटा समावेशी विद्यालयबाट अपाङ्गता भएका बालवालिकाहरूले शिक्षामा अवसर पाइरहेका छन् । परिणामस्वरूप ७७ हजार भन्दा वढी अपाङ्गता भएका बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् । स्थानीय तहहरूमध्ये १२६ तहमा आधारभूत तहको विद्यालय उमेर समूह (५-१२) वर्षका बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा भएको छ । अपाङ्गता भएका बालबालिका छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षणको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता बढेको छ। साक्षरता दरमा पनि उल्लेख्य वृद्धि भएको छ।

समग्रमा आधारभूत तह पुरा गर्ने दर ८७.१ प्रतिशत पुगेको छ भने कक्षा ८ र कक्षा १२ सम्मको टिकाउ दर क्रमश: ७९.३ र २४ पुगेको छ। आधारभूत तह कक्षा (१-८) र माध्यमिक तह (९-१२) मा खुद भर्ना दर क्रमश: ९७.५ प्रतिशत तथा ५३.३ प्रतिशत पुगेको छ। त्यसै गरी प्रारम्भिक बालबिकासको अनुभवसहित कक्षा एकमा भर्ना हुने बालबालिकाको प्रतिशत ८५.० पुगेको छ। प्रारम्भिक बालविकास कार्यक्रममा कुल भर्ना दर ७५.२ प्रतिशत पुगेको छ। कक्षा एकमा भर्ना भई कक्षा ८ पुरा गर्ने बालक र बालिकाको अनुपात १.०४ कायम भएको र यही अनुपात माध्यमिक तथा उच्च तहमा पनि पुगेको छ। आधारभूत तहको लैङ्गिक समता सूचक १.०० पुगी समदर रहेको छ भने माध्यमिक तहको लैङ्गिक समता सूचक समदर ( १.००) मा पुगी सन्तुलित अवस्थामा रहेको छ। आधारभूत तह पुरा गर्ने विद्यार्थीहरूको प्रतिशतमा भएको वृद्धिले माध्यमिक तहमा कुल भर्ना दर पनि वृद्धि भई ५९ प्रतिशत पुगेको छ आधारभूत तथा माध्यमिक तहमा दलित विद्यार्थीको भर्ना दर वृद्धि भई कक्षा १–५ मा १९.५, कक्षा ६-८ मा १५.६, कक्षा ९-१० मा १२.३ र ११-१२ मा ८.७ प्रतिशत पुगेको छ। त्यसै गरी विभिन्न जनजाति र समुदायका बालबालिकाहरूको भर्ना दरमा पनि वृद्धि भई कक्षा १–५ मा ३३.७, कक्षा ६-८ मा ३७.६, कक्षा ९-१० मा ३७.६ र कक्षा ११-१२ मा ३८.१ प्रतिशत पुगेको छ। आधारभूत शिक्षा मातृभाषामा पाउने व्यवस्था छ। आधारभूत तथा माध्यमिक तहमा महिला शिक्षकको अनुपात क्रमश २९ प्रतिशत र १७ प्रतिशत पुगेको छ।

दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्ति, विद्यालय तहमा लैंगिक समताका लागि महिला शिक्षकको व्यवस्था, विद्यालय नर्स, पाठ्यक्रममा लैंगिक सम्वेदनशीलता कायम, समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश लगायतका कार्यक्रमहरू कार्यान्वयन गरिए तापनि अझै विद्यालय शिक्षामा समता र समावेशिता कायम गर्न सकिएको छैन। आधारभूत विद्यालय उमेर समूह (५-१२) का अझै ६.२ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् भने बिचैमा विद्यालय छाड्ने दर उल्लेख्य रही तहगत टिकाउ दरमा सुधार आवश्यक देखिन्छ। त्यसै गरी विभिन्न तहको विद्यालय पुरा गर्नेमध्ये करिब दुई तिहाइ विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन। विद्यालय बाहिर रहेका बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ।

यस पालिकामा लैङ्गिक अनुपात ०.९३ प्रतिशत रहेको छ। नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-३ मा०.९८, कक्षा ४-५ मा ०.८८, कक्षा ६-८ मा १०० र कक्षा ९-१० मा ०.९३ प्रतिशत लैंगिक समता सूचक रहेको छ। यसै गरी सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात ०.८० रहेको छ।

### ४.३.३ अवसर र चुनौती

महालक्ष्मी नगरपालिका धार्मिक सांस्कृतिक जातिगत भाषिक आधारमा विविधता बोकेको नगर हो। शैक्षिक समता र समावेशीकरणका लागि यो नगर विविधताका दृष्टीले अवसर नै अवसर रहेको क्षेत्र भएता पनि देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

१. लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न द्वन्द्र प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुर्याउने।
२. सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्ने।

३. अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाइ राख्ने ।
४. लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्ने ।
५. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने ।
६. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।
७. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री बनाउने ।

**४.३.४ उद्देश्यहरू**

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बजितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने ।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने ।
३. विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउने
४. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने ।
५. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाई नहुने सुनिश्चितता गर्ने ।

**४.३.५ रणनीतिहरू**

१. स्थानीय तह मार्फत घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।
३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।
४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी र स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।
५. आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ । त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ
६. आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
७. विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित शिक्षकहरुलाई सजायरहित शिक्षण सम्बन्धी तालिम दिई बालमैत्री वातावरण सिर्जना गरिने छ ।

९. लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गरिने छ।

१० विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ।भौतिक संरचना निर्माण गर्दा अपाङ्गतामैत्री बनाउन ध्यान दिइनेछ।

११. औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र गैर सरकारी संघ संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने छ।

### ४.३.६ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि (Outcomes)**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**नतिजा (Results)**

१. महिला, दलित, जनजाति लोपोन्मुख समुदाय, अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने छन्।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने।

३. विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्ने छन्।

४. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपारइरहित बालमैत्री वातावरण सिर्जना हुने छ।

५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता. समता तथा समावेशिता अभिवृद्धि हुने।

६. विद्यालयहरूमा अपाङ्ग मैत्री र लैङ्गिक मैत्री वातावरण सृजना हुने।

**प्रमुख क्रियाकलापहरू**

**समता र समावेशिताका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य** **तालिका;३४**

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा समतामूलक भौतिक संरचना निर्माण | सङ्ख्या | | २ | २ | २ | | ५ | |
| २ | समावेशी तथा समतामूलक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाई प्रोत्साहन कार्यक्रम | निरन्तर | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयहरूमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामदुायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिव ८ अरब पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौँ योजनामा शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

विद्यालय स्वास्थ्य र पोषण

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाउनुपर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधी, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

सरसफाइ तथा स्वच्छता

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने कुरा स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नुका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रभाव पार्दछ। विद्यालयहरूमा कतिपय कोठाको प्रबन्ध छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम लागू हुनुपूर्व स्थानीय तहको संरचना बनेपश्चात यस महालक्ष्मी नगरपालिकाले प्रारम्भिक बालविकास ५९ ओटा केन्द्रमा टिफिन क्यारी वितरणसहित "जे पाक्छ त्यही खाइन्छ" कार्यक्रम सञ्चालन गरेको थियो। जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेख्य सहभागिता भएको थियो। आ.व. २०७७/०७८ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम सुरु गरे पश्चात यस नगरपालिकाका आधारभूत तह कक्षा बालविकास र कक्षा १-५ का कुल ३१०८ विद्यार्थी लाभान्वित भएका छन्। साथै नगरपालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरी व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ५३ ओटा छन्। खानेपानीको आफ्नै स्रोत भएका विद्यालय ४० बाहिरी स्रोत भएका विद्यालय १३ ओटा छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि विषयवस्तु समावेश गरिएको छ।

### ४.४.३ अवसर र चुनौती

दिवा खाजा कार्यक्रमका लागि महालक्ष्मी नगरपालिका एक कदम अगाडि छ। सरकारले दिवा खाजा खर्च दिनु भन्दा पहिला यस पालिकाले कक्षा १-५ सम्मका बालबालिकाहरुलाई टिफिन क्यारी वितरण गरी घरमा जे पाक्छ स्कुलमा त्यहि खाइन्छ भन्ने अभियान नै सञ्चालन गरेको थियो। यो राम्रो अवसर हो। त्यस बाहेक यस पालिकामा दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छः

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको प्रभावकारितालाई व्यवस्थित गर्ने।
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।

३. विद्यालय खाजाका लागि उपयक्तु स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने ।
४. स्थानीय पाठ्यक्रममा पोषण तथा सरसफाई विषयवस्तुलाई समावेश गरी कार्यान्वयन गर्ने ।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय स्रोतसँग जोड्ने ।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

**४.४.४ उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका क्षेत्रमा सुधार गर्नु ।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

**४.४.५ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिने छः

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने छ ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा, ताजा र पोसिलो खाजा तयार गरी उपलब्ध गराइने र खानु अघि र पछि उचित तवरले हात धुने बानीको विकास गरिने छ ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अध्यावधिक गरिएको हुने छ ।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गरिने छ ।

**४.४.६ उपलब्धि, नतिजा, प्रमखु क्रियाकलाप तथा लक्ष्य**

उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने ।

प्रमुख नतिजाहरू

१. विद्यालय दिवा खाजा कार्यविधि २०७६/०७७, अध्यावधिक र परिमार्जन गरिने ।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी (संघीय सरकार) परिचालित हुने ।
३. सबै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गरिने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अध्यावधिक गरिएको हुने ।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने ।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने ।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।

प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ३५ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सहजिकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | १ | | | | | | |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभुत तहमा दिवा खाजा कार्यक्रम संचालन | निरन्तर | | | | | | | |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | | १ | | १ | २ | |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामुलक कार्यक्रम | पटक | १ | | १ | | १ | २ | |
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धी कार्यहरुको प्रभावकारितको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | १ | १ | १ | १ | १ | ५ | |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यबस्थापन | निरन्तर | | | | | | | |

## ४.५ विद्यालय सुरक्षा,विपद न्यूनीकरण तथा उत्थानशीलता र संकटपूर्ण अवस्थामा सिकाई

### ४.५.१परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा को रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा,प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुनेगरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी , आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ । आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षा लाई समावेश गर्ने गरेका छन्। नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरीदै आएको छ। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस महालक्ष्मी नगरपालिकाको शिक्षा योजना (२०७८-२०८७) मा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ । यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छः

क) प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण : भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, अति चिसो र तातो वातावरण आदि।

ख) महामारी : झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड,हेपाटाइटिस, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।

ग) युद्ध, द्वन्द्व विस्थापन, बसाइसराई : आन्तरिक तथा बाह्ययुद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने। शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित संकटका तीनओटा बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने देखिन्छः

क) अधिकार : कतिपय अवस्थामा संकटले नागरिकको अधिकार कुण्ठित हुन पुग्छ । नागरिक तथा बालबालिकाको बाच्न पाउने, विकास गर्न पाउने, सहभागी हुन पाउने र हिंसा, शोषण तथा दुराचार आदिबाट सुरक्षित रहने जस्ता आधारभूत अधिकारलाई विपतको समयमा पनि कायम रहने सुनिश्चितता हुनुपर्दछ ।

ख) समावेशीकरण : जोखिम वा संकटले समाजमा पछाडि परेका वर्ग, अपाङ्गता भएका बालबालिका, महिला तथा बृद्ध बृद्धालाईलाई बढी प्रभावित गरेको हुन्छ र टाठा बाठाले बढी सुविधा प्राप्त गर्ने हुन सक्छ । तसर्थ विपतको समयमा कमजोर वर्गलाई विभेदरहित रूपमा सुविधा वा सहयोग पाउने सुनिश्चितता हुनु पर्दछ।

ग) समता र न्याय : जोखिमले सामाजिक भिन्नता बढाउने सम्भावनामा वृद्धि हुनसक्ने भएकाले एउटै स्वरूपको योजनाले सबैलाई न्याय नगर्न सक्छ। त्यसैले समाजका सबैभन्दा कम सुविधा प्राप्त व्यक्तिले सबैभन्दा बढी फाइदा पाउने गरी सबैका लागि निष्पक्ष अवसरको समानताका आधारमा विपदको व्यवस्थापनमा समयमा सामाजिक न्यायको प्रत्याभूति हुनु पर्दछ।

घ) पहुँच: विपदको समयमा बालबालिकालगायत समाजका पछाडि परेका नागरिकहरू खाद्यान्न, बास, औषधि उपचार, शिक्षण सिकाइ जस्ता आधारभूत आवश्यकताहरूको पहुँचबाट बञ्चित हुन सक्छन्। तसर्थ विपद या संकटकालीन समयमा ती आधारभूत आवश्यकतामा सबैको पहुँच हुने विषयलाई प्राथमिकता दिइनु पर्दछ।

ङ) गुणस्तर र सुशासन : जोखिम वा संकटको समयमा प्रवाह हुने सेवामा गुणस्तर सुनिश्चित गरीनुका साथै सुशासनका आधारभूत मान्यताहरू जस्तै कानुन वाविधिमा आधारित, उत्तरदायित्व ,पारदर्शिता र सहभागिता सुनिश्चित हुनु पर्दछ।

च) सेवाको दक्षता : सेवा प्रवाह जति चुस्त र प्रभावकारी हुन्छ त्यति नै संकटमा परेका व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापन र स्वास्थ्य तथा शिक्षा जस्ता आधारभूत सेवा समयमा नै पाउँछन्। फलस्वरूप संकट वा विपदबाट हुने क्षति कम हुन जान्छ। मानवीय, वित्तीय एवम् भौतिक स्रोत साधनको मितव्ययी परिचालन गरी तत्काल धेरै सेवा प्रवाह गर्ने मान्यता यस अन्तर्गत पर्दछ।

### ४.५.२ वर्तमान अवस्था

नीतिगत तथा कार्यक्रमिक अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति,दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने उल्लेख गरेको छ। त्यसैगरी बालबालिकालाई शारीरिक सजाय , मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचार बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका (२०६७) जारी भएको छ भने विद्यालयशान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका (२०६८) ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रकिया समावेश गरेको छ । त्यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप (२०६७) ले विद्यालयको प्रभावकारिता,समावेशीकरण शिक्षामा लैङ्गिक पक्ष, बालबालिका, परिवार र समुदायको सहभागिता, स्वास्थ्य, सुरक्षा र

बचावट, विद्यालयको भौतिक अवस्था, शिक्षणसिकाइ प्रक्रिया, मातृभाषामा शिक्षणसिकाइ र विद्यालय व्यवस्थापन जस्ता नौ विशेष क्षेत्रका न्यूनतम र अपेक्षित मापदण्ड सहितको कार्यढाँचा विकास गरी विपद्कालीन शिक्षाको व्यवस्थाका लागि आधार तयार पारेको छ भने विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति, २०७१ ले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण, तथा संकटासन्न समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार ल्याउने एवम् विद्यालय बिचैमा छाड्नेदरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित बालबालिकाको अवस्थाअनुसार छुट्टाछुट्टै सम्बोधन गर्ने गरी सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ । बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज ले सुरक्षित विद्यालय न्यूनतम मापदणडले विशेषत: शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभावमा केन्द्रित रही ३ ओटा पिलरहरू;(१) विपद जोखिम न्यूनीकरण ( २)पूर्वतयारी  (३) प्रतिकार्य र पुनर्लाभ तथा उत्थानशीलताको शिक्षा जस्ता न्यूनतम मापदण्ड तयार गरी विद्यालयमा आधारित कार्यान्वयनको परिकल्पना गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले अपेक्षा गरेका विद्यालय सुरक्षाका मापदण्डहरू कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछ । विशेषत विद्यालय क्षेत्र विकास योजना र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले परिकल्पनागरेको बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज कार्यान्वयनका लागि सहजता प्रदान गर्न यो कार्यविधि ल्याइएको हो । विद्यालयको न्यूनतम् सुरक्षा उपायका लागि गर्नुपर्ने क्रियाकलापहरू समेट्दै शिक्षक र विद्यार्थीलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिनसक्ने वातावरण तयार गर्ने, शिक्षामा गरिने लगानीको सुरक्षा तथा सुनिश्चित गर्ने वातावरण बनाउने, र शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता विकास गर्ने जस्ता उद्देश्य लिई प्राकृतिक प्रकोपका कारण शिक्षा क्षेत्रमा पर्ने प्रभावको व्यवस्थापनको आधार तयार परेको छ । यसमा समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचा  ले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ । नीति पुनरावलोकन तथा परिमार्जन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्तनात्मक कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्ने, सिकाइका लागि आवश्यक पर्ने आन्तरिक तथा वाह्य वातावरणका न्यूनतम मापदण्ड तयार गर्ने तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशीलता, सुरक्षा चासो तथा बालमैत्री र हिंसारहित शैक्षिक कार्यढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषय अघि सारेको छ । पन्ध्रौं योजनाले प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ ।यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान हिंसारहित शैक्षिक कार्यढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषय अघि सारेको छ । पन्ध्रौं योजनाले प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ । यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारेको छ । हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP 2016-22) ले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मतसम्भार र भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रित रहने उल्लेख गरेको छ ।

सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षाको ढाँचाको तीन खम्बालाई समेटेको छः

सरोकारवाला तथा (३) विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण र (२) सुरक्षित पूर्वाधार (१) समुदायबचि उत्थानशीलताको शिक्षा । यसले विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विषयमा जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति,२०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय

एवम् कार्यान्वयनका तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको

न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिएको छ। यस प्रकार शिक्षाका सम्बन्धमा नीतिगत र कार्यक्रमिक प्रथमिकता हुँदै आएको

व्यवस्थापन मापदण्ड छ।

प्रमुख राष्ट्रिय विपत्ति र सम्बोधनको अवस्था

२०७२ बैशाख १२ को विनासकारी भूकम्प र त्यस पछिका पराकम्पबाट ठूलो जनधनको क्षति भयो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले २०७३ बैशाखमा प्रकाशित गरेको विपद् पश्चात पुनउत्थान ढाँचा को प्रतिवेदनअनुसार उक्त भूकम्पबाट ७,९२३ विद्यालयहरू र ४९,६८१ कक्षाकोठाहरूको क्षति भएको थियो। क्षतिग्रस्त विद्यालयहरूको पुनर्निर्माणका लागि छुट्टै केन्द्रीय आयोजना कार्यान्वयन एकाइ स्थापना गरी सो एकाइबाट पुनर्निर्माणसम्बन्धी नीतिगत मार्गनिर्देशन एवम् स्रोतअनुरुप विद्यालय पुनर्निर्माण कार्य सञ्चालन भैरहेको छ। विशेषत: भूकम्प प्रभावित जिल्लाहरूमा Build Back Better को विश्वव्यापी अवधारणालाई आत्मसात गरी नेपाल राष्ट्रिय भवन निर्माण संहिता एवम् भवन निर्माणसम्बन्धी प्रचलित मापदण्डहरू पूर्णपालना हुने गरी भौतिक रूपमा सुदृढ, सुरक्षित र बालमैत्री विद्यालयहरू पुनर्निर्माण कार्य भैरहेको छ। तथापि तोकिएको अवधि भित्र सबै क्षतिग्रस्त विद्यालयको आवश्यकतालाई सम्बोधन हुने गरी समन्यायिक रूपमा निर्माण तथा पुनर्निर्माण गर्न स्रोतको सुनिश्चिता गर्नु निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूलाई उच्चतम् रूपमा सदुपयोगमा ल्याउनु र निर्माण सम्पन्न भएका भौतिक पूर्वाधारहरूको दिगोपनाका लागि संरक्षण सम्वर्द्धनको सुनिश्चिता गर्नु जस्ता चुनौतीहरू विद्यमान छन्। कोभिडको शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई १९- र सम्बोधनसँग सम्बन्धित केही कार्यहरू विगत ११ महिनाबाट सञ्चालन गरीएका छन्। मानव इतिहासिक कै ठूलो विश्वव्यापी महामारी कोभिड-१९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुयायो। यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो। देशव्यापी बन्दाबन्दी सुरूहुँदा कक्षा ९ सम्मको सबै परीक्षाहरू सम्पन्न भए तापनि एसईई, कक्षा ११ र १२ का परीक्षाहरू र विश्वविद्यालय तहका सबै परीक्षाहरू प्रभावित हुन पुगे। कोभिड-१९ ले विशेषत: शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएका छन्। जसमध्ये विकास साझेदारहरू समेतको सहकार्यमा कोभिड-१९ को असर न्यूनीकरण गरी शैक्षिक क्षति कम गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको भैपरी योजना तयार भयो भने सोका आधारमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७ तयार भएको र माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी गरीयो। विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रित गरी विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार भै वेबसाइटमा राखिएको र कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको समय तालिका सार्वजनिक गरी सोही अनुसार पाठहरू प्रसारण सुरु गरिएको थियो। यसै सन्दर्भमा नेपाल सरकारले २०७७ आषाढ १ देखि वैकल्पिक माध्यमबाट सिकाइ प्रारम्भ गर्नका लागि सम्बन्धित सबैलाई सार्वजनिक रूपमा आव्हान गरेको थियो।

यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारणसमेत गरीदै आएको छ। यसै क्रममा विभिन्न स्थानीय तहहरू, केही गैरसरकारी संघसंस्था, शिक्षकका पेसागत तथा विषयगत सञ्जालहरू तथा विद्यालयहरूले पनि शिक्षकको क्षमता विकासलगायतका कार्यहरू सञ्चालन गरेका छन् तापनि यी प्रबन्धहरूमा सबैको पहुँच पुयाउन र यसलाई प्रभावकारी बनाउनु पर्ने देखियो।

उपर्युक्त अनुसारका आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय

तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखाएका छन् ।

### ४.५.३ अवसर र चुनौतीहरू

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार केही पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन भविष्यवाणी गर्न भने सकिदैन । महालक्ष्मी नगरपालिका पहाडी र भिरालो जमिन भएको उचाइ अन्तर धैरै भएको नगर हो । विपदका धैरै घटना हरु यस पालिकामा घटिरहने र ती घटनाको व्यवस्थापनका लागि अवसरहरु प्राप्त भइ रहन्छन् । कतिपय प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपतकालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने जस्ता मुद्दाहरू यसमा रहेका छन् । महालक्ष्मी नगरपालिकाको शिक्षा क्षेत्रको यो योजना बनाउने सन्दर्भमा निम्नानुसारका मुद्दाहरू चुनौतीका रूपमा देखिन्छन् :

क) आपतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ।

ख) छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्ग मा यस विषयको प्रत्याभूति गर्ने ?

ग) प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ?

घ) अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ?

ङ) कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन् । यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ?

च) योजना तत्कालिक बनाउने कि दीर्घकालिन ?

छ) संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ?

उल्लिखित अनुसारका मुद्दाहरूले सृजना गरेका चुनौतीहरूलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु नै आगामी योजनाको प्रथमिकता हुनु पर्दछ ।

### ४.५.४ उद्देश्यहरू

सामान्यत: विपदको अवस्थामा शिक्षा व्यवस्थापनको मुख्य उद्देश्य जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासलाई अबरुद्ध हुन नदिनु हो भने विशिष्ट रूपमा यस्तो शिक्षाका निम्नानुसारका उद्देश्य हुनेछन्ः

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने ।

२. सम्भावित सङ्कटको सामना गर्ने अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने |

३. सङ्कटको प्रतिकार्य को संयन्त्र र कार्यढाँचा तयार गर्ने ।

४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापन गर्ने ।

### ४.५.५ रणनीतिहरू

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका रणनीतिहरूले प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी र युद्ध, द्वन्द्व, विस्थापन तथा बसाइसराई गरी तीनै पक्षलाई समेट्नु पर्दछ । प्रकोप जोखिम न्यूनीकरणर व्यवस्थापन अन्तर्गत भूकम्प, ज्वालामुखी, बाढीपहिरो, हावाहुरी, असिना, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि खडेरी, दुर्घटना, शीतलहर, लू, अति चिसो र तातो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन् । त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, इनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा

महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपयहरूको तयारी पर्दछन् । युद्ध, द्वन्द्व विस्थापन, बसाइसराई अन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक द्वन्द्व र युद्ध तथा सामाजिक सांस्कृतिक विसंगतिका कारण प्रभावित भई मानिसहरूको विस्थापन तथा बसाइसराइ, सुविधाभोग तथा अवसरको खोजीमा हुने आन्तरिक तथा बाह्य बसाइसराइ आदिको अवस्था आउन नदिन र आइहाले पनि बालबालिकालाई सुरक्षित राख्ने र सिकाइको निरन्तरताको सुनिश्चितताका लागि आवश्यक नीतिगत र कार्यक्रमिक तयारी पर्दछन् । यी तीनओटै पक्षलाई ध्यानमा राखेर आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षासम्बन्धमा यस योजनाका मुख्य रणनीतिहरू निम्नअनुसार हुनेछन्:

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता को मूल्याङ्कन तथा विश्लेषण गरिने छ ।

२.महालक्ष्मी नगरपालिकाले संकटासन्नता को मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन् ।

३. शिक्षासम्बन्धी ऐन कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरूको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गरिने छ भने विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरीएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गरिने छ ।

४. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ ।

५. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्री को प्रबन्ध गरिने छ ।

६. विद्यार्थी, शिक्षक ,अभिभावक तथा तीनै तहको सरकारको तयारी , रोकथाम , प्रतिकार्य र पुनर्स्थापन का लागि क्षमता विकास गरिने छ ।

७. विपदमा सेवा प्रवाहको संयन्त्र, प्रणाली र सेवा प्रवाहको रणनीतिक केन्द्रको स्थापना गरिने छ।

८. विपद् व्यवस्थापनको तयारी , प्रतिकार्य , र पुनर्स्थापन मा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिने छ ।

९.विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकुल पुनर्व्याख्या तथा प्रयोगमा ल्याइने छ ।

१०. प्रकृतिक विपद, महामारी, शान्ति सुरक्षा र अधिकारका क्षेत्रमा कामगर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडातह सम्म समन्यय र जिम्मेवारीको संयन्त्र बनाइने छ ।

११. विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरुलाई स्थानीयकृत गरिने छ ।

१२. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाइने छ ।

१३. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ।

**४.५.६ प्रमुख क्रियाकलापहरुः**

तालिकाः३६

| क्र .स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | भौतिक लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | विपद सम्वन्धी विद्यालय विपद योजना निर्माण | पटक | १ | | | | | | | |
| ३ | पालिकास्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | | | | | | | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको व्यवस्थापन कार्यक्रम | आवश्यकता अनुसार | | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | आवश्यकता अनुसार | | | | | | | | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | सचेतना कार्यक्रम | निरन्तर | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ । यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश बर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकामा हाल कुल विद्यालयको सङ्ख्या ५७ मध्ये ५३ सामुदायिक विद्यालय रहेका छन् । ती विद्यालयहरुको भवनहरूमा जम्मा ६१३ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने करिब ५० ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा माध्यमिक विद्यालयमा मात्र देखिन्छ भने करिव २० ओटा विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या करिव १५० ओटा रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । यी विद्यालयहरूमा जम्मा २० स्टाफ कोठा, १७ पुस्तकालय कोठा र खेलकुद कोठाको व्यवस्था भएको छैन भने १७ ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् । २०७२ सालमा गएको विनासकारी भुकम्पबाट करिव ५० विद्यालयहरूका करिव १०० भन्दा वढि कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये हालसम्म विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने १७ विद्यालय निर्माण सम्पन्न भईसकेका छन् । संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन शिक्षा विभागमा भौतिक निर्माणसम्बन्धी काम गर्ने बेग्लै शाखा

र सबै जिल्ला शिक्षा कार्यालयहरूमा प्राविधिक सहितको व्यवस्थापनमा विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अति न्यून प्राविधिक कर्मचारीको व्यवस्था रहेको छ भने कार्यान्वयनको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीयतहबाट हुँदै आएको छ। यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ। विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने प्राथमिकता प्राप्त सक्षमता नै पर्याप्त पूर्वाधार हो वा होइन भन्ने पनि विचार गर्नु पर्ने छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम्

खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ। विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन। हालै मात्र बृहत् रूपमा पुनर्निर्माणका क्रममा केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (CLPIU) बाट विद्यालय निर्माणमा ४ ओटा मोडालिटी (विद्यालय व्यवस्थापन समितिबाट निर्माण हुने, ठेक्काबाट निर्माण हुने दातृ निकायबाट निर्माण हुने र गैर सरकारी संघसंस्थाबाट निर्माण हुने) अवलम्बन गरीएका छन्। प्राप्त सूचनाका आधारमा हालसम्म पूर्वाधारको आवश्यकता सम्बोधन हुन सकेको छैन। विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरीएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । जस्तै ४ कोठाको भवन बनाउदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत इस्टिमेट तयार भई कार्यान्वयनमा रहेका छन्। भवन बन्ने र बनाउने विधि र प्रक्रियामा कहीं विवाद र कानुनी प्रश्न उठिरहेका छन्। शिक्षा मन्त्रालयअन्तरगतको सबै भन्दा ठूलो बेरुजुको हिस्सा भवन निर्माणको रहेको छ। भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गतामैत्री बन्न सकेका छैनन्।

### ४.६.३ अवसर र चुनौती

धनकुटा जिल्लाकै सवैभन्दा वढी विद्यालय संख्या रहेको महालक्ष्मी नगरपालिकामा धेरै विद्यालयका भौतिक संरचनाहरु अपर्याप्त रहेको परिप्रेक्षमा त्यसलाई पूरा गर्नु र शिक्षण सुधारका अन्य कामहरु गर्न पाउनु महत्वपूर्ण अवसर हो । जसका लागि संघीयता कार्यान्वयन पश्चात यो क्रम तिव्र गतिमा अघि वढेको छ। महालक्ष्मी नगरपालिकाको पहिलो सरकारको महत्वपूर्ण ईतिहास रच्ने सुनौलो अवसरका रुपमा विद्यालय भौतिक पूर्वाधार विस्तार रहेको छ। यति हुँदाहुँदै पनि विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन्ः

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसमा लागि आवश्यक भूमिका स्पष्ट पार्नु

२. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

३. सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु।

४. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु।

५. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

६. पूर्वाधारहरूलाई अपङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ,

२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु,

३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु,

### ४.६.५. रणनीतिहरू

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनर्परिभाषित गरिने छ।

२. पूर्वाधार विकासका लागि विद्यार्थी सङ्ख्याको प्रक्षेपण. देशको भूगोल. हावापानी र लागतका आधारमा मापदण्ड विकास गरिने छ ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन प्रारूप विकास गरिने छ।

४. स्थानीय तहको संयोजनमा विकास भएका पूर्वाधारहरूको विद्यालय भन्दा बाहिरका अन्य पक्षसँग उपयोगका सन्दर्भमा विधि विकास प्राप्त हुने आम्दानीलाई सबर्द्धन मर्मतका लागि व्यवस्था मिलाइने छ।

५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने छ।

६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ।

७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ। Build Back Better को अवधारणा बमोजिम पुर्ननिर्माण अगाडि बढाइने छ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ।

९.अन्तर सरकारी र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान पूर्वाधार उपयोग एवं जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ।

### ४.६.६ नतिजा तथा प्रमुख क्रियाकलापहरू

**उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने।

२. भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।

४. देशका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।

५.एक विद्यालय सम्पूर्ण पूर्वाधार (A school with complete infrastructure) को अवधारणाअनुसार पूर्वाधार विकास हुने।

६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था हुने।

७. पूर्वाधार विकासका लागि आवश्यक विधि. मापदण्ड र स्तरीकरणका सूचक तयार हुने।

८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुने।

## ४.७ विद्यालयमा सूचना तथा सन्चार प्रविधि

### ४.७.१ परिचयः

सूचना र प्रविधि अहिलेको आधुनिक परीवेशमा अपरिहार्य विषय बनेको छ । प्रविधिमा भएका नयाँ नयाँ आविष्कारले सूचना र प्रविधिलाई हरेक क्षेत्रमा अनिवार्य विषय बनाएको छ । सूचना प्रविधिका कुरा अहिलेको पाठ्यक्रममा नै सानै तहबाट विद्यालयमा नै लागु भएको सन्दर्भमा यसको प्रभावकारी प्रयोग हुने कुरा अलिक अफ्टेरोमा परेको छ । यसो हुनुको कारण विद्यालय सम्बद्ध व्यक्तिहरु अपडेट हुन नसकेर हो । जसबाट पछिल्लो पुस्तामा समेत प्रविधिको प्रयोगमा कमि आउने हो कि भन्ने चिन्ता थपिदिएको छ । तर यसो भएमा समाजको विकास र सार्वजनिक सेवा प्रवाह नै प्रभावित हुने भएकाले यो पक्षमा सुधार हुन जरुरी छ । यसका लागि विशेष गरी विद्यालय तहमा प्रभावकारी सूचना प्रविधि सम्बन्धी अभ्यासहरु हुन जरुरी छ । विद्यालयको लेखा प्रणाली र विद्यार्थी सिकाइमा कम्प्युटर प्रणालीको आधारभुत ज्ञानका हुन जरुरी छ ।

कोभिड-१९को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन । यध्यपी केहि विद्यालयहरुले यसको सुरुवात गरेता पनि यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतीपूर्ण कार्य रहेको छ । शिक्षा प्रशासनका नियामक निकाय र सरोकारबालाहरुले सूचना प्रविधिलाई प्रयोगमा ल्याउनु आजको पहिलो आवश्यकता हो । प्रविधिलाई प्रयोगमा ल्याउन सबैभन्दा पहिले यसको प्रयोग कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण छ । यसको अर्थ प्रविधिलाई प्रयोग गर्न जान्ने जनशक्ति तयार हुन जरुरी छ । प्रविधिको ज्ञान भए पश्चात सामग्री व्यवस्थापन अर्को महत्वपूर्ण पाटो हो ।

### ४.७.२ वर्तमान अवस्था

राष्ट्रिय रूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र पुगेको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले ब्रोडब्यान्ड नीति ,२०७१ ल्याएको छ । जसले विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षा लगायतकाविषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ले सूचना र संचारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्नेलगायतका नीतिहरूले गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial/GIS शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७७सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

त्यसैगरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ

सामग्री प्रदान गर्ने, नमूना विद्यालयहरूमा सूचनाप्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए।

महालक्ष्मी नगरपालिकामा यस्तो व्यवस्थापन कार्य गर्नका लागि नगर भित्रका ५३ वटा विद्यालयहरुमा "महालक्ष्मी नगरपालिकाको शैक्षिक विकास तथा साक्षरता सुधार कार्यक्रम" निर्माण गरी नगर भरिका विद्यालयमा सूचना प्रविधियुक्त सामग्री वितरणका साथै कक्षाकोठा व्यवस्थापनमा सहयोग गर्नका लागि कार्यक्रम सञ्चालन गरेबाट सबै विद्यालयहरूमा केही मात्रामा भएपनि सामग्री पुगेका छन्। माध्यमिक तह सञ्चालन भएका सबै विद्यालयहरूमा इन्टरनेट सुविधा भने पुगेको छ। विद्यालयहरुमा कम्प्युटर ल्यावहरू समेत निर्माण भइरहेका छन्।

**४.७.३ अवसर र चुनौतीहरुः**

सूचना प्रविधिको विकास र विस्तार भईरहेको वर्तमान सन्दर्भमा विद्यालय शिक्षामा सूचना तथा प्रविधिको प्रयोग पछिल्लो समय अनिवार्य वन्न थालेको छ। महालक्ष्मी नगरपालिकामा धनकुटा जिल्लाकै उत्कृष्ट शिक्षकहरु प्रविधिमैत्री रहेका छन्। यस नगरका शिक्षकहरुले जिल्ला प्रदेश र राष्ट्रिय स्तरमा नै सञ्चालन भएका अनलाईन सम्वन्धि प्रविधियुक्त तालिमहरु सञ्चालन गरेका छन्। सिमित त्यस्ता शिक्षकहरुलाई परिचालन गरी नगरपालिका भरिका विद्यालयमा सूचना प्रविधिको प्रयोग गर्न सक्ने शिक्षक उत्पादन गर्ने कार्यमा परिचालन गर्नु राम्रो अवसरको रुपमा रहेको छ। तथापी महालक्ष्मी नगरपालिकाको विद्यालय क्षेत्रमा रहेका सूचना प्रविधिका चुनौतीहरू यस प्रकार छन्:-

- सबै विद्यालयहरुमा प्रविधियुक्त सामग्री (Digital device)को अभाव,
- प्रविधिको सिकाइलाई ठुला कक्षामा पुगेर मात्र प्रयोग गर्न खोज्नु,
- विद्यालयहरुमा पूँजीको अभाव,
- दक्ष जनशक्तिको कमी,
- अनुगमन तथा सुपरीवेक्षण गरी मार्गनिर्देशनको कमी,
- सबै विद्यालयहरुमा नियमित विद्युत र इन्टरनेटको अभाव।

**४.७.४ उद्देश्यहरुः**

- शिक्षण सिकाइलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनको लागि सूचना तथा प्रविधिको पहुँचका विस्तार गर्नु।
- विद्यालय तहको शासकीय प्रबन्धलाई प्रभावकारी बनाउन सूचना तथा प्रविधिको प्रयोमा वृद्धि गर्नु।
- बालबालिकाहरुलाई आधुनिक सूचना तथा प्रविधिहरुको ज्ञान तथा सीपको अवसर प्रदान गर्नु।

**४.७.५ रणनीतिहरुः**

उल्लेखित चुनौतीहरूको समाधानका लागी निम्न अनुसारका रणनीतिहरूको योजनावद्ध तवरले अगाडी बढ्न सकिन्छः

- प्राविधिक विकासका लागि स्रोतको खोजी,
- सानै कक्षा देखि सूचना प्रविधिमा आधारित शिक्षाको सुरुवात,
- हरेक विद्यालयमा कम्तिमा एक जना शिक्षकलाई आधारभूत कम्प्युटरको व्यवस्था,
- सूचना प्रविधियुक्त दक्ष निरीक्षकको व्यवस्था गरी नियमित निरीक्षण तथा मार्गदर्शन,
- भरपर्दो इन्टरनेटको व्यवस्था,
- विद्यालयमा हुने सबै किसिमका प्रशासनिक, शैक्षिक तथा लेखाका कार्यमा कम्प्युटर प्रणालिको सुरुवात,
- विद्यार्थीका हरेक सिकाइ Learning by doing का आधारमा गर्न सकिने।

- नगरपालिका क्षेत्र भित्र कार्यरत प्रविधिमा अगाडि रहेका शिक्षकहरूको सञ्जाल निर्माण गरी प्रविधियुक्त सामग्री निर्माण, आदानप्रदान तथा प्रयोगलाई प्राथमिकता।

### ४.७.६ उपलब्धि, नतिजा र मुख्य क्रियाकलापहरु

## उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधीको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पुर्बधार विकास भई सबैको पहुँच स्थापित हुने,
- विभिन्न कक्षा तथा विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना संचार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुग्ने
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र सस्तो बनाउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी कार्यकुशल पारदर्शी र समतामूलक बनाउने,
- सूचना तथा सञ्चार प्रविधीमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) सम्वन्धी कार्य विद्यालयहरू स्वयंले समयमा नै सम्पन्न गर्ने,
- सूचना प्रविधीको प्रयोगले विद्यालय तथा नगरपालिकाको व्यवस्थापन र सुशासनमा सुधार आउने,

**प्रमुख क्रियाकलापहरु** **तालिका:३७**

| क्र सं. | क्रियाकलाप | ईकाई | पहिलो ५ वर्षको लक्ष्य | | | | | जम्मा | १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | बिद्यालयमा ICT LAB बिस्तार | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ११ | |
| २ | सबै बिद्यालयमा इन्टरनेट कनेक्टिभीटि व्यवस्थापन | संख्या | | ४ | ५ | ५ | ५ | १९ | १७ | |
| ३ | सबै शिक्षकहरुलाई ICT को आधारभूत तालिम कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ५ | |
| ४ | IEMIS सम्वन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालयमा ई लाइब्रेरी सञ्चालन | आवश्यकता अनुसार | | | | | | | | |
| ६ | पलिका स्तरमा नमुना ICT LAB स्थापना | संख्या | | १ | १ | १ | १ | ४ | १ | |
| ७ | पलिका स्तरमा विद्यालयलाई प्रविधिमैत्री शिक्षक सहायता समूहको निर्माण र परिचालन | पटक | | १ | | | | | | |
| ८ | संचालनमा रहेका सामूदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरुमा ICT बिस्तार | संख्या | | १ | १ | १ | | ३ | | |

## परिच्छेद – ५ अन्य उपक्षेत्र

### ५.१ सुशासन तथा व्यवस्थापन

### ५.१.१ परिचय

विद्यालयको शैक्षिक विकास प्रक्रियामा निर्णय निर्माण गर्नु र सो निर्णयलाई कार्यान्वयन गर्नु जस्ता पक्षहरू शासकीय प्रबन्धभित्र पर्दछन्। शासकीय प्रबन्धमा संरचना र प्रक्रिया समावेश भएका हुन्छन्। विद्यालय क्षेत्र विकास योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकरी रूपमा कार्यान्वयन गरी बालबालिकाहरूको सिकाइमा सहभागिता सुनिस्चित गर्न र सिकाइ सुधारका लागि अवश्यक संरचना, भूमिका र कार्यक्रम समावेश हुन्छन्। यस्ता संरचना तथा कार्यप्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्नु र निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भुमिका महत्वपूर्ण रहने भएकाले विद्यालय शिक्षामा सुशासन कायम गर्न यी सबै पक्षको योगदान उल्लेख्य रहन्छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नुपर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा समसामयिक ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नुपर्दछ। वर्तमान नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपुरक वा समपूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नुपर्दछ। त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनुपर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवयक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरीएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्न आवश्यक देखिएको छ। यस योजनामा प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी कार्यान्वयनका लागि

संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धनका लागि आवयक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि नीति र रणनीतिहरू तयार गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

नेपालको शिक्षा क्षेत्रको विकासका लागि हाल संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसै गरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालयमार्फत शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए वमोजिमको कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन्।

### ५.१.३ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. विद्यार्थीको न्यून सिकाइ उपलब्धिको सुधारका लागि स्थानीय तहमा गुणस्तर अभिबृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने।
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने।
३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने।
४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### ५.१.४ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिबृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने एवम् पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने।
२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने।
३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन कायम गर्नका लागि पारदर्शीता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि उचित पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने।
४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गरी संयन्त्रको क्षमता अभिबृद्धिमा जोड दिने।

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा सुधार हुने।

**प्रमुख नतिजाहरू**

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता विकास तथा सुधार गर्ने

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्य सम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतामुलक तथा समावेशिताको सिद्धान्तमा आधारित हुने एवम् कार्यसम्पादन उद्देश्यमुलक र प्रभावकारी हुने

**क्रियाकलाप र लक्ष्य** **तालिका:३८**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको ब्यवस्थापन | अनिवार्य | | | | | | | | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | अनिवार्य | | | | | | | | |
| ३ | सामाजिक परीक्षण | वार्षिक २ पटक | | | | | | | | |
| ४ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई मासिकरुपमा सार्वजनिक कार्यक्रम | निरन्तर | | | | | | | | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | अनिवार्य | | | | | | | | |
| ९ | विद्यालय सँग सरोकार राख्ने पदाधिकारीहरूको आचार संहितामा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | निरन्तर | | | | | | | | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन | पटक | १ | | १ | | १ | ३ | २ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निम्ति व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरु योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लिखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्ठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरी हुन्छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारीतामा ध्यान दिनुपर्दछ। यस महालक्ष्मी नगरपालिकाद्वारा कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया अगाडि सारिएको छ।

### ५.२.२ वर्तमान अवस्था

नेपाल संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ शिराबाट योजना कार्यान्वयनको प्रबन्ध गर्नुपर्ने कानुनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गरी गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा तथा शिक्षा शाखाको व्यवस्था गरिएको छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै विद्यालयमा कार्यर्रत शिक्षकहरूमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्ति गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइने व्यवस्था छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि प्रबन्ध गरिएको उल्लेखित संगठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी रूपमा कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन्:

१. विद्यालयहरूमा शिक्षक सहायता पद्धति विकास गर्न।
२. शिक्षक तालिम र क्षमता विकास गर्न।
३. स्थानीय तहमा जनशक्ति अभावमा विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र संगठन तथा दरवन्दी पुनरावलोकन गर्न।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्न।
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न।
६. संघ, प्रदेश र स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्न।

### ५.२.३ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नुपर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नुपर्दछ।

**स्थानीय तह:**

१. महालक्ष्मी नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. नगरपालिका शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार समितिहरू निर्माण गर्ने ।
३. नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
५. नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारका लागि प्रयास गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
६. नगरपालिकाले विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलापमा आवयक पर्ने सहयोग आदान-प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरी सञ्चालन गर्ने ।

**विद्यालय:**

१. विद्यालयहरूले आफ्नो विद्यालय सुधार योजना (SIP) नियमित अध्यावधिक गर्ने ।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने ।
३. विद्यालयको शैक्षिक व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा दिनुपर्ने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गरी सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाहरूका लागि पौष्टिक आहार, सरसफाइ र विपत व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**सामुदायिक अध्ययन केन्द्र:**

१. सामुदायिक अध्ययन केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
२. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।
३. सामुदायिक सिकाइ केन्द्रले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैरसरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

## परिच्छेद:६

लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम् हुन्छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ६.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाको आ.व. २०७७/७८ को कूल बजेट मध्ये रु. १,३९,५६००१ (५.३० प्रतिशत) मात्र शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ । उक्त रकम मध्ये ५२.३४ मात्र खर्च भएको देखिन्छ । शिक्षामा लगानी बढाउनु र विनियोजित रकम समेत समुचित तवरबाट खर्च गर्नुपर्ने देखिन्छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणा पत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

शिक्षामा संघीय सरकारको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९-५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । कूल

गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो। विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ।

## ६.३ अवसर र चुनौती

राष्ट्रकै कुल वजेटको सवैभन्दा वढि हिस्सा शिक्षा क्षेत्रले लिएको छ। महालक्ष्मी नगरपालिका धनकुटा जिल्लामा नै सवैभन्दा वढि विद्यालय रहेको पालिका हो। त्यस आधारमा शिक्षाका उल्लेखनीय कार्य गरी नतिजा देखाउन यस पालिकाले शिक्षा क्षेत्रमा गर्ने लागानि र कार्य महत्वपूर्ण छ। जुन अवसरका रुपमा  रहेको छ। तथापि  देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छः

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश,स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत  व्यवस्थापन गर्ने।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्ने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने।

६. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने।

११. वित्तीय व्यवस्थापनलाई कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्ः

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. तीनै तहका सरकारको खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

६. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने

७. पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने

८. उपलब्ध स्रोतको आधारमा कार्याक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु

९. खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय वमोजिम हुनेछन्ः

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।

३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।

४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइने छ ।

२. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।

३. उपागमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।

४. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।

५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिने छ ।

६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक,शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिने छ ।

७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ ।

८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

९. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,

१०. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

११. स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,

१२. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,

१३. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,

१४. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,

१५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया बीचमा सामानजस्य गर्ने प्रयास हुन्छ । नागरिक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन गर्न स्रोतको आकलन गर्न पर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरिन्छ । सामान्यतयाः राष्ट्रिय सामर्थ्य कूल गार्हस्थ उत्पादनलाई आधार बनाई निकालिन्छ।

तालिकाः३९

| क्र स | विवरण | २०२०/२१ | २०२१/२२ | २०२२/२३ | २०२३/२४ | २०२४/२५ | २०२५/२६ | २०३० |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल ग्राहर्थ उत्पादनमा वृद्धि (%) | | | | | | | |
| २ | कुल ग्राहर्थ उत्पादनमा (रु लाखमा) | | | | | | | |
| ३ | मुद्रा स्फिति (%) | | | | | | | |
| ४ | कुल ग्राहर्थ उत्पादनको प्रतिशतका रुपमा स्थानिय वजेट | | | | | | | |
| ५ | कुल ग्राहर्थ उत्पादनको प्रतिशतका रुपमा शिक्षामा लगानि | | | | | | | |
| ६ | कुल स्थानीय वजेटमा शिक्षा क्षेत्रको प्रतिशत (कार्यक्रमगत) | ८.८५ | १० | ११ | १३ | १४ | १५ | २० |

## ६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

महालक्ष्मी नगरपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०७८ -२०८७) र अध्यावधिक २०८३ मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापदण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ। विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । पाठ्यक्रमको सान्दर्भिकता बढाउने. पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ । समग्र महालक्ष्मी नगरपालिकाको शिक्षा क्षेत्रको प्रस्तावित वजेट अनुमान तलको तालिकामा प्रस्तुत गरिएको छ।

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा) तालिकाः४०**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा | १० बर्षमा २५% मूल्यवृध्दि समेट्दा हुन आउने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०७८ | २०८।०७९ | २०७९।८० | २०८०।८१ | २०८१।०८२ | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० | ४५०००० | ९००००० | 1125000 |
| २ | आधारभूत शिक्षा | १३००००० | १३००००० | १३००००० | १३००००० | १३००००० | ६५००००० | १३०००००० | 1625000 |
| ३ | माध्यमिक शिक्षा | ३५००० | ३५००० | ३५००० | ३५००० | ३५००० | १७५०००० | ३५०००० | 437500 |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० | 12500 |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | १६० | १६० | १७० | २०० | २३० | ९२० | १५०० | 1875 |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० | 6250 |
| ७ | शिक्षा समावेशी तथा समता | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० | 6250 |
| ८ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० | 12500 |
| ९ | दिवाखाजा ,स्वास्थ्य र पोषण | ८७०० | ८७०० | ८७०० | ८७०० | ८७०० | ४३५०० | ८७००० | 108750 |
| १० | छात्रवृत्ति र पाठ्यपुस्तक | ५१२० | ५१२० | ५१२० | ५१२० | ५१२० | २५६०० | ५१२०० | 64000<br>0 |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | २७५०० | ५५००० | 68750<br>0 |
| १२ | संकटपूर्ण अवस्थामा शिक्षा | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० | 2500<br>0 |
| १३ | शिक्षामा सूचना र प्रविधि | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० | 6250 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | सुशासन,व्यवस्थापन र नेतृत्व | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० | 2500 |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५०० | 1875 |
| | | २७८५३० | २७८५३० | २७८५४० | २७८५७० | २७८६०० | १३९२७७० | २७८५२०० | **3481500** |

## ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु.हजारमा)

ता लका:४१

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | **१० वर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०७८ | २०८।०७९ | २०७९।८० | २०८०।८१ | २०८१।०८२ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० |
| २ | आधारभूत शिक्षा | २०० | २०० | २०० | २०० | २०० | १००० | २००० |
| ३ | माध्यमिक शिक्षा | - | - | - | - | - | ० | ० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | शिक्षामा समावेशी तथा समता | | | | | | ० | ० |
| ८ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६००० |
| ९ | दिवा खाजा ,स्वास्थ्य र पोषण | ० | ० | ० | ० | ० | ० | ० |
| १० | छात्रवृ त र पाठ्यपुस्तक | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | | | | | | ० | ० |
| १२ | संकटपूर्ण अवस्थामा शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | शिक्षामा सूचना र प्रविधि | ० | ० | ० | ० | ० | ० | ० |
| १४ | सुशासन,व्यवस्थापन र नेतृत्व | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | ५२५० | १०५०० |

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट( रु.हजारमा)

ता लका:४२

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७।०७८ | २०७८।०७९ | २०७९।८० | २०८०।८१ | २०८१।०८२ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | २७५०० | ५५००० |
| २ | आधारभूत शिक्षा | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० |
| ३ | माध्यमिक शिक्षा | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० |
| ७ | शिक्षामा समावेशिता र समता | ० | | | | | ० | ० |
| ८ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० |
| ९ | दिवाखाजा ,स्वास्थ्य र पोषण | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालयको भौतिक पूर्वाधार विकास | ५०० | ५०० | ५०० | १००० | १००० | ३५०० | ७००० |
| ११ | छात्रवृत्ति र पाठ्यपुस्तक | ० | | | | | ० | ० |
| १२ | संकटपूर्ण अवस्थामा शिक्षा | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५०० |
| १३ | शिक्षामा सूचना र प्रविधि | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३००० |
| १४ | सुशासन,व्यवस्था१पन र नेतृत्व | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १०० | १०० | १०० | १०० | १०० | ५०० | १००० |
| | | ८३७५ | | | | | | ८५७५० |

## घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रू. हजारमा)

ता लका:४३

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र /विषय | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७/०७८ | २०८/०७९ | २०७९/८० | २०८०/८१ | २०८१/०८२ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | ३००० |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | १५० | १५० | १५० | १५० | २०० | ८०० | १६०० |
| ८ | दिवाखाजा ,स्वास्थ्य र पोषण | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | विद्यालयको भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | ० |
| १० | संकटपूर्ण अवस्थामा शिक्षा | १०० | १०० | १०० | २०० | ३०० | ८०० | १६०० |
| ११ | शिक्षामा सूचना र प्रविधि | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | सुशासन,व्यवस्थापन र नेतृत्व | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | ३१०० | ६२०० |

योजना अव ध भरमा संघ,प्रदेश,स्थानीय तह र संघ सँस्थाबाट प्राप्त हुने अनुमान गरिएको बजेट (रु.हजारमा)

| क्र.स. | प्राप्त हुने अनुमान गरिएको स्रोत | ५ बर्षको | १० बर्षको | कै फयत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकारबाट वद्यालय शक्षा क्षेत्रअन्तर्गतका क्रयाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा) | १३९२७७० | ३४८१९०० | २५% मूल्यवृध्दि समेत |
| २ | प्रदेश सरकारबाट शक्षा क्षेत्रअन्तर्गतका क्रयाकलापमा प्राप्त हुने अनुमानित बजेट(हजारमा) | ५२५० | १०५०० | |
| ३ | **ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट(हजारमा)** | ४२८७५ | ८५७५० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | **अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट** | ३१०० | ६२०० | |
| | कुल बजेट | १४४३९९५ | ३५८३९५० | |

## परिच्छेदः७

### अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण

### ७.१ परिचय

अनुगमन तथा निरीक्षण प्रक्रिया विनियोजन भएको स्रोतको उचित परिचालन, विधिवत सञ्चालन, शैक्षिक गतिविधिको अवस्था, सुधार गर्नु पर्ने पक्षहरुको खोजी तथा कार्यान्वयनको उचित मार्गदर्शन, नियमित छलफल गरी आइ परेका समस्याहरूको निराकरण सँग सम्बन्धित हुन्छ । अनुगमन माथिल्लो निकायबाट हुने नियमित र सहयोत्मक प्रक्रिया हो । अनुगमनले हालको अवस्थाको विश्लेषण गरी विगतको अवस्थाबाट कस्तो परिवर्तन आयो र अब के गर्नु पर्दछ भनि मार्गनिर्देशन गर्ने नियमित प्रक्रिया हो । माध्यमिक तह सम्मको शिक्षाको धेरै पक्षहरूको जिम्मा स्थानीय सरकारको भएको वर्तमान व्यवस्थामा निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणाली उज्वल शैक्षिक भविष्य निर्माणको आधार हो ।

### ७.२ वर्तमान अवस्था

महालक्ष्मी नगरपालिका सङ्घीयता कार्यान्वयनको क्रममा भूगोल र जनसङ्ख्यालाई मिलाउने क्रममा धनकुटा जिल्लामै सबैभन्दा धेरै विद्यालय सङ्ख्या भएको विद्यालय हो । यस नगरपालिकामा पालिका स्थापना भए देखिनै शिक्षा प्रशासन हेर्ने निरीक्षक नियमित नभएको अवस्था छ । शिक्षा शाखामा भएका अन्य कर्मचारीहरूलाई समेत सामान्य कार्यालय सञ्चालनमा ज्यादै चाप परिरहेको छ । शिक्षाका उपसचिव र अधिकृत स्तरका दरबन्दी रहेको यस नगरपालिकामा हाल नगरकै स्रोतबाट व्यवस्थापन गरिएको एक स्रोत शिक्षक र प्रा.स.को भरमा शिक्षा प्रशासन चलिरहेको छ । वाध्यात्मक अवस्थामा बाहेक विद्यालयहरूमा अनुगमन ज्यादै न्यून रहेको छ ।

### ७.३ अवसर र चुनौतीः

अनुगमन तथा मूल्याङ्कनका लागि महालक्ष्मी नगरपालिकामा निम्न चुनौतीहरू रहेका छन् :

- महालक्ष्मी नगरपालिकाको स्थानीय समस्या सँग सम्बन्धित निरीक्षण योजना र मापदण्ड बमोजिमको जनशक्तिको तयारी गर्ने,
- नियमित अनुगमन गरी सो को प्रतिवेदन तयार गरी पुनः पृष्ठपोषण सहितको निरीक्षण र मूल्याङ्कन प्रणालीको विकास गर्ने,
- नगरकार्यपालिका प्रशासन, निरीक्षण शाखा र विद्यालयहरू बिचमा तालमेल मिलाउन,
- योजनावद्ध अनुगमन प्रणाली, नियमितता र स्रोतको व्यवस्थापन,
- शिक्षाका तालुकदार निकायहरू बिचमा अनुगमन र मूल्याङ्कन प्रणालिमा एकरुपता समन्वय र सहकार्य,
- विद्यालय सुधार तथा अनुगमनको प्रभावकारिता जाँच गरी पुरस्कार, दण्ड वा पृष्ठपोषण,
- टिकाउ निरीक्षकको व्यवस्थापन ।

### ७.४ उद्देश्यः

**१.** प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु ।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु ।

### ७.५ रणनीतिः

उल्लेखित समस्याहरूलाई आधार बनाएर चुनौतीहरूको निराकरण गर्न निम्न बमोजिमका रणनीतिहरु अवलम्बन गर्नु पर्दछः-

- दिगो र भरपर्दो निरीक्षकको व्यवस्थापन गर्ने,
- निरीक्षणमा सम्लग्न जनशक्तिलाई स्रोत साधन सम्पन्न बनाइने,
- अनुगमनको मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी सोको समिक्षा सहितको छलफल गर्ने,
- विद्यालयगत काममा विद्यालय प्रशासन, शिक्षा शाखा, नगरकार्यपालिका प्रक्रिया, जिम्मेवारी, कर्तव्यहरु बेलैमा तोकि झन्झट रहित कार्यप्रणाली विकास गर्ने,
- प्रगतिमुलक नतिजा उन्मुख अनुगमन प्रणालीको विकास गर्ने,
- विद्यालय क्षेत्रका समस्याहरूको यथासक्य समाधानका लागि सम्बन्धित निकायलाई परिचालनका लागि पहल गर्ने,
- सकेसम्म विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गरी सक्षम, योग्य र विश्व बजारमा बिक्न सक्ने जनशक्तिको दरिलो आधार तयार गर्ने,
- सूचना प्रविधिमा आधारित शिक्षण प्रक्रियाको विकास गर्ने,
- अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनका आधारमा जिम्मेवारपूर्ण सहभागिता अभिवृद्धि गरी देखिएका र आई परेका समस्या समाधान गर्न सबै लागी पर्ने,

### ७.६ उपलब्धि, नतिजा, प्रमुख क्रयाकलाप र लक्ष्य

**उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने।

**प्रमुख नतिजा**

अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्यसम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपब्धी तथा प्रभावको आवधिक मूल्याङ्कन हुने।

**अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु**

तालिका नं. ४५ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाई | भौतिक लक्ष (५ वर्ष) | | | | | भौतिक लक्ष (१० वर्ष) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | स्थानीय तह (नगरपलिका) |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ५ | स्थानीय तह (नगरपलिका) |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | स्थानीय तह, प्रश र संघ |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अध्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | विद्यालय |
| ६ | कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ७ | विद्यर्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयको लेखापरीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |

# परिच्छेद-८

## कार्यक्रम नतिजा खाका

### ८.१ मुख्य कार्यसम्पादन सुचकहरु

तालिका:४६

| मुख्य कार्यसम्पादन सुचक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | आधारवर्ष | | | | | | |
| | | | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८७ |
| 1.1 | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७०.६ | ७१ | ७३ | ७५ | ७८ | ८५.० | ८५.० |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ६९.४ | ७१ | ७२ | ७३ | ७५ | ६९.७ | ८०.० |
| 1.3 | | न्यनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ५० | ७० | ७५ | ८७ | ९५ | १०० | १०० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | ८५.० | ८६.१ | ८७ | ८८ | ८९ | ८०.४ | ९७.० |
| 2.1 | आधारभूततह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ७७.९ | ७८.२ | ७९ | ८० | ८१ | ८६.५ | ८५.० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०६.६ | १०५ | १०३ | १०२.७ | १०० | ११४ | १०० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९८.२ | ९८.३ | ९८.४ | ९८.६ | ९९.० | ९५.५ | १०० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १०२.१ | १०१.७ | १०१.५ | १०० | १०० | १०२ | १०० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९६.३ | ९४ | ९५ | ९६ | ९७ | ९५.५ | ९९.० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ११२.२ | १११ | ११०.७ | १०७ | १०० | ९८ | १०० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९७.३ | ९७.९ | ९८ | ९८.१ | ९८.३ | ८७.७ | ९९.५ |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १०५.७ | १०४ | १०३.५ | १०२ | १०० | १०३.५ | १०० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० | १.०० | १.०० | ०.९५ | १.०० |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८७.१ | ८७.९ | ८८.० | ८९.० | ९१.० | ८८.० | ९६ |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ९४.२ | ९५ | ९५.२ | ९५.९ | ९६.० | ५८.४ | ९९.६ |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | २.७ | २.१ | १.७ | १.२ | १.१ | १.० | ०.२ |
| 3.1 | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ८४.७ | ८५ | ८६ | ८७ | ८८ | ९३.० | ९६.० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ९९.२ | ९९.४ | ९९.७ | ९९.९ | १०० | ९८ | १०० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ३२.२ | ३५ | ३९ | ४१ | ४३ | ५२.८ | ६०.० |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ७३.२ | ७५ | ७६ | ७७ | ७९ | ५४.० | ८८.० |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ५८.४ | ५९ | ६० | ६२ | ६४ | ६५.० | ८०.० |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ८४.७ | ८६ | ८८ | ९० | ९२ | ९३.० | ९९.० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | ७५.६ | ७६ | ७८ | ८० | ८३ | ८५.० | ९७.० |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 3.9 | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०० | १.०० | १.०० | १.०० | १.०० | ९६.६ | १.०० |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर | ७३.०० | ७५ | ७७ | ७९ | ८३ | ८०.० | ९२.० |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 4.3 | | १५ वर्षमाथिको साक्षरता दर | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | २९ | ३१ | ३२ | ३३ | ३४ | ४५ | ४० |
| 5.2 | | माध्यमिकतह (कक्षा९-१२) | १७ | १९ | २१ | २२ | २४ | २३.६ | ३३ |
| 6.1 | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 6.2 | | आधारभूत | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 6.3 | | माध्यमिक | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| 7.0 | **स्थानीयतहमा शिक्षाको वजेट प्रतिशत** | कूल वजेटकोशिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | N/A | N/A | N/A | N/A | N/A | ४० | N/A |
| 8. 1 | **छोड्नेदर** | आधारभूत तह (कक्षा १-५) | २.४ | २.१ | २ | १.९ | १.६ | ३ | ०.२ |
| 8.2 | | आधारभूत तह (कक्षा ६-८) | १.५ | १.३ | १.१ | १ | १.९ | २.३ | ०.३ |
| 8.3 | | माध्यमिकतह (कक्षा ९-१०) | १.८ | १.६ | १.४ | १.२ | १.० | १.0 | १ |
| 9.1 | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-५) | ५.५ | ५.२ | ५ | ४ | ४.५ | ११ | १.५ |
| 9.2 | | आधारभूत तह (कक्षा ६-८) | २.२ | २ | १.५ | १.३ | १.० | ८ | ०.३ |
| 9.3 | | माध्यमिकतह (कक्षा ९-१०) | ३.३ | ३.१ | ३ | २.९ | २.६ | १३.५ | ०.४ |
| 10.1 | **सिकाइ उपलब्धि दर** | कक्षा ८ मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १२.७ | १३ | १४ | १५ | १६ | १७ | ३० |
| 10.2 | | कक्षा ८ मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | १.५ | २ | २.९ | ४ | ६ | ७ | २० |
| 10.3 | | कक्षा SEE मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | १.८ | २.५ | ३ | ३.५ | ४ | १७ | ८ |
| 10.4 | | कक्षा SEE मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | ०.३ | १ | १.७ | २ | २.५ | ७.७ | |
| 11.1 | **प्रारम्भिक कक्षाको पठनसीप** | CB EGRA कक्षा १ समग्र | ७८.० | ७९ | ८१ | ८२ | ८४ | ८५ | ९० |
| 11.2 | | CB EGRA कक्षा २ समग्र | ७१.० | ७३ | ७५ | ७७ | ७९ | ८० | ८५ |
| 11.3 | | CB EGRA कक्षा ३ समग्र | ७४.० | ७६ | ७८ | ८० | ८१ | ८२ | ८८ |

## सन्दर्भ सामग्रीहरुः


१) नेपालको सं वधान,२०७२

२) शक्षा ऐन ,२०२८ (संशोधन सहित)

३) शक्षा नियमावली,२०५९ (संशोधन सहित)

४) अनिवार्य तथा निशुल्क आधारभुत शक्षा ऐन,२०७५

५) अनिवार्य तथा निशुल्क शक्षा संबन्धि नियमावली,२०७७

६) CEHRD Flash Report,2025

७) School Education Sector Plan,2022

८) IEMIS Report,2082

९) स्थानीय तहको शक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन,२०७९ (अद्याव धक सँस्करण २०८१)

१०) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८

११) राष्ट्रिय जनगणनाको प्रतिवेदन,२०७८

१२) राष्ट्रिय शक्षा नीति,२०७६

१३) बालमैत्री वद्यालय राष्ट्रिय प्रारुप,२०६७

१४) सामुदायिक सकाई केन्द्रको सन्चालन तथा व्यवस्थापन मापदण्ड,२०७८

१५) बा लका तथा समावेशी शक्षा सन्जाल,गठन तथा सन्चालन सम्बन्धी मापदण्ड,२०८०

१६) अनौपचारिक शक्षा तथा साक्षरता कार्यक्रम कार्वान्वयन सहजीकरण पुस्तिका,२०७५

१७) वपन्न ल क्षत छात्रवृ त कार्यक्रम कार्वान्वयन मापदण्ड,२०८०

# अनुसूचीहरु

अनुसूची - १

<u>महालक्ष्मी नगरपा लकामा शै क्षक योजना निर्माण सम्बन्धमा सुझाव संकलनका ला ग तयार पारिएको प्रश्नावली</u>

सहभागीको नाम:

१) ................................ २)...............................३)............................

४)................................ ५) .....................

सहभागी सँस्था भए सो को नाम: ................................

१)यस नगरपा लकाका मुख्य शै क्षक समस्याहरु के के हुन भन्ने तपाईँलाई लाग्छ?( शै क्षक, भौतिक,व्यवस्थापकीय , मानवशक्ति आदि क्षेत्रमा )

क)

ख)

ग)

घ)

ङ)

२) यस नगरपा लकामा के कस्ता शै क्षक सुधारका कार्यक्रमहरु सन्चालन गर्न आबश्यक देख्नुहुन्छ?

क)

ख)

ग)

घ)

ङ)

३)माध्य मक तहको शक्षालाई नतिजामुखी बनाउन के के कार्यक्रमहरु आबश्यक छ?

क)

ख)

ग)

घ)

४)बाल वकास तथा आधारभुत शक्षालाई गुणस्तरीय बनाउन के कस्ता कार्यक्रमहरु सन्चालन गर्नुपर्ने आबश्यकता देख्नुहुन्छ?

क)

ख)

ग)

घ)

ङ)

५)बाल वकास तथा आधारभुत शक्षाको पहुँच र अवसर बढाउन के कस्ता कार्यक्रमहरु सन्चालन गर्नुपर्ने आबश्यकता देख्नुहुन्छ?

क)

ख)

ग)

६)यस नगरपा लकामा दे खएका मुख्य शै क्षक चुनौतिहरु के के हुन?

क)

ख)

ग)

७)यस नगरपा लकामा दे खएका मुख्य शै क्षक चुनौतिहरु सामना गर्न के के गर्नुपर्ला?

क)

ख)

ग)

८) यस नगरपा लका भत्र शक्षक कर्मचारी व्यवस्थापनमा दे खएका चुनौतिहरुको सामना गर्न के के गर्नुपर्ला?

क)

ख)

ग)

९) वद्यालयमा शक्षक र वद्यार्थीहरुको सूचना र प्र व धको पहुँच बढाउन के के उपायहरु गर्नुपर्ला?

क)

ख)

ग)

१०)सुशासन वृध्दि गरी बालबा लकाको सकाई प्रति उत्तरदायी बनाउन के कस्ता उपायहरु अपनाउनु पर्ला?

क)

ख)

ग)

११) शै क्षक योजनाहरुलाई प्रभावकारी रुपमा कार्वान्वयन गर्न के कस्ता रणनीतिहरु अपनाउन सुझाव दिनुहुन्छ?

क)

ख)

ग)

१२) हाल यस नगरपा लकामा "महालक्ष्मीमा कृ ष,तरकारी खेती" नामको स्थानीय पाठ्यक्रम निर्माणको चरणमा रहेको छ। यसलाई जीवनोपयोगी बनाउन के कस्ता वषयवस्तुहरु समावेश गर्न सुझाव दिनुहुन्छ?

क)

ख)

ग)

घ)

ङ)

१३) सामुदायिक  वद्यालयहरुमा अ भभावकहरुको सहभा गता र चासो बढाउन के कस्ता उपायहरु गर्नुपर्ला?

क)

ख)

ग)

१४)  वद्यालय  शक्षामा अङ्ग्रेजी माध्यमको आवश्यकता सम्बन्धमा तपाईंको राय लेख्नुहोस्।

क)

ख)

ग)

१५) महालक्ष्मीको  शक्षा योजनामा समावेश गर्न पर्ने केहि सुझावहरु भए उल्लेख गर्नुहोस्।

क)

ख)

ग)

घ)

ङ)

# अनुसूची - २


## महालक्ष्मी नगरपा लकाको शै क्षक योजना अध्याव धक गरि निर्माणको क्रममा आयोजित अ भमु खकरण तथा सुझाब संकलन कार्यक्रमको उपस्थिति र झलकहरु

आज मिति २०८७/०२/०३ गतेका दिन महालक्ष्मी नगरपालिका धनकुटाको आयोजना एवम् श्री साकुरा कन्सल्टेन्सी प्रा. लि इटहरी सुनसरीको प्राविधिक सहयोगमा महालक्ष्मी नगरपालिकाको नगर शिक्षा योजनालाई परिमार्जन तथा अद्यावधिक गरि नयाँ योजना निर्माण गर्ने क्रममा प्रारम्भिक अभिमूखीकरण कार्यशालाको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देवेन्द्र घिमिरे ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न गरियो ।

| क्र.स. | नाम/थर | पद | कार्यालय | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | देवेन्द्र घिमिरे | प्र.प्र.अधिकृत | महालक्ष्मी नगरपालिका | | |
| २ | द्रोण प्रसाद पोखरेल | [illegible] | [illegible] | ९८४२६८६३५० | |
| ३ | [illegible] | [illegible] | [illegible] | ९८४२६३६४६६ | |
| ४ | [illegible] | [illegible] | महालक्ष्मी न.पा. | ९८६२०४०८५८ | |
| ५ | | | | | |
| ६ | धनबहादुर पौडेल | स.प्र.अ. | [illegible] मा.वि. | 9842423009 | |
| ७ | कमल प्र. अधिकारी | शिक्षक | श्री राम मा.वि. [illegible] | 9842082002 | |
| ८ | रुद्र ब. विश्वकर्मा | प्र.अ. | श्री नागेश्वर आ.वि. | ९८४२०४०६६२ | |
| ९ | भुपाल राईमाझी | प्र.अ. | श्री [illegible] | ९८४२३७३६३० | |
| १० | रविन्द्र थापा | शिक्षक | श्री रामवेनी आ.वि. | ९८६२९८०८६० | |
| ११ | नबिन बराल | शिक्षक | श्री लालीगुराँस आ.वि. | ९८०२६३६८९४ | |
| १२ | टेक बहादुर खड्का | प्र.अ. | श्री रामवेनी आ.वि. | ९८४२०६४६४१ | |
| १३ | ज्ञानेन्द्र [illegible] | लेखा | श्री [illegible] आ.वि. | ९८४२२२०३४९ | |
| १४ | [illegible] भण्डारी | प्र.अ. | " " " | ९८४२१४६८३४ | |
| १५ | [illegible] थापा | लेखा | श्री नागेश्वर मा.वि. | ९६८९६९०८४४ | |
| १६ | बिमला [illegible] | " | श्री [illegible] आ.वि. | ९८११०३४९६४ | |
| १७ | लक्ष्मी दाहाल | प्र.अ. | श्री कालिकाबाला प्रा.वि. | ९८४२११८०१५ | |
| १८ | धनकुमारी बिष्ट | प्र.अ. | श्री बालकु प्रा.वि. [illegible] | ९८४२२६8626 | |
| १९ | मनिषा अधिकारी | प्र.अ. | श्री [illegible] आ.वि. | ९८४२४५०९३६ | |
| २० | [illegible] खत्री | " | श्री भगवती आ.वि. | ९८२००५९४०५ | |
| २१ | निर्मला मगर | शिक्षक | श्री जनता आ.वि. [illegible] | 9706023569 | |
| २२ | विनिता भुजेल | " | " | ९८२४०८४६९६ | |
| २३ | षडानन्द दाहाल | " | श्री [illegible] आ.वि. | ९८६२१३८६१८ | |
| २४ | लोकनाथ नेपाल | " | श्री जनता मा.वि. [illegible] | ९८४११४०८०८ | |
| २५ | रेवतराज [illegible] | प्र.अ. | श्री जनता मा.वि. [illegible] | ९८४०२४५४६१ | |
| २६ | चेतनाथ [illegible] | शिक्षक | श्री महामाया आ.वि. | ९८४२३९३५३६ | |
| २७ | तिलक गुरुङ | प्र.अ. | श्री हिमालय मा.वि. | ९८४२२९६२२८ | |
| २८ | मिलन गुरुङ | शिक्षक | श्री सिंहदेवी आ.वि. | ९८४४२४२०८० | |
| २९ | सुर्यबहादुर बुढाचोत्री | प्र.अ. | श्री आ.वि. [illegible] | ९८१४८६९८८९ | |
| ३० | विष्णु बहादुर थापा | प्र.अ. | श्री सरस्वती मा.वि. | ९८४१९१४५३१ | |
| ३१ | रामचन्द्र [illegible] | शिक्षक | " | 9841786146 | |
| ३२ | रञ्जिता शिवा | शिक्षक | श्री सिद्धेश्वरी आ.वि. | 9810595592 | |
| ३३ | [illegible] बहादुर पौडेल | प्र.अ. | " " | ९८४२४१३६२६ | |
| ३४ | भीम ब. [illegible] | प्र.अ. | श्री [illegible] | ९८४२२४८८०८ | |
| ३५ | [illegible] थापा | लेखा | " | ९६४६२०९६४४ | |
| ३६ | बालकृष्ण [illegible] | शिक्षक | श्री बालकल्याण प्रा.वि. | ९८६३०४६६०४ | |
| ३७ | [illegible] बहादुर [illegible] | प्र.अ. | श्री " " | 9749200185 | |
| ३८ | [illegible] | प्र.अ. | श्री लालीगुराँस [illegible] | 9852057928 | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९. | नविन दर्जी | शिक्षक | श्री भगवती आ.वि. | ९८४५५११५६६ | [illegible] |
| ४०. | किरण सुन्दास | प्र.अ. | ,, | ९८४२४२४६[illegible] | [illegible] |
| ४१. | विशाल गिरी | शिक्षक | श्री जनता मा.वि. | ९८६३९८९२६० | [illegible] |
| ४२. | ध्रुवेन्द्र [illegible] | ,, | अरुणोदय मा.वि. | ९८६२००९६३८ | [illegible] |
| ४३. | [illegible] | प्र.अ. | ,, | ९८४०९६६४८० | [illegible] |
| ४४. | चुडेन्द्र भण्डारी | शिक्षक | श्री सूर्योदय आ.वि. | 9842344586 | [illegible] |
| ४५. | [illegible] | शिक्षक | श्री लक्ष्मी देवकोटा [illegible] | ९८४२२५८०५८ | [illegible] |
| ४६. | चन्द्रेन्द्र [illegible] | | श्री महामाया प्रा.वि. | ९८४२९८६९८६ | [illegible] |
| ४७. | सुशिल गिरी | | श्री [illegible] | ९८१५९६९५०० | [illegible] |
| ४८. | वल ब. खड्का | | श्री सूर्योदय आ.वि. | ९८४०९६६८४३ | [illegible] |
| ४९. | तारा ब. पौडेल | | श्री शारदा आ.वि. | ९८४६११५५६४ | [illegible] |
| ५०. | सुजन खड्का | | श्री जाल्पादेवी प्रा.वि. | ९८६२९६८४४४६ | [illegible] |
| ५१. | याम ब. खड्का | | श्री मा.वि. [illegible] | ९८४२३१६९६६ | [illegible] |
| ५२. | गिर ब. पराजुली | | श्री लक्ष्मी प्रा.वि. | ९८४२४६३३६५६ | [illegible] |
| ५३. | कविता कुनाथोकी | | श्री ऐश्वर्य आ.वि. | ९८६३६८०६०४ | [illegible] |
| ५४. | राजेन्द्र राया | प्र.अ. | ,, | ९८४२५१११९६ | [illegible] |
| ५५. | ओमनाथ पोखेल | प्र.अ. | श्री यु.ज.स. आ.वि. | ९८४२४४१८३० | [illegible] |
| ५६. | देवि अधिकारी | प्र.अ. | [illegible] | ९८४४२४२५९६४ | [illegible] |
| | | | | | |
| | | | | | |
| | | | | | |

CS Scanned with CamScanner


महालक्ष्मी नगर समृद्धीको आधार, कृषि, व्यापार, पर्यटन र पूर्वाधार
शैक्षिक योजना अद्यावधिक तथा पुनर्निर्माण सम्बन्धी अभिमुखीकरण तथा सुझाव सङ्कलन कार्यक्रम
मिति- २०८३/०२/०३ गते
स्थान- महालक्ष्मी नगरपालिका, धनकुटा।
आयोजक
महालक्ष्मी नगरपालिका
जितपुर, धनकुटा





